"हिमाली, साहसिक पर्यटनको सान, नार्पा भूमिको पहिचान"

# नार्पा भूमि गाउँपालिकाको पर्यटन विकास गुरुयोजना

## (२०८२/८३-२०८६/८७)

नार्पा भूमि गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

च्याँखु, मनाङ

गण्डकी प्रदेश



प्राविधिक सहयोग

स्पाईरल ग्रीड सोलुसन प्रा.ली.

नयाँ बानेश्वर, काठमाडौं

२०८२, असार

# नार्पा भूमि गाउँपालिकाको पर्यटन विकास गुरुयोजना (आ.व.२०८२/८३-२०८६/८७)

## गुरुयोजना तर्जुमा गर्ने निकाय

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
च्याँखु, मनाङ,
गण्डकी प्रदेश,
नेपाल ।

## प्राविधिक सहजीकरण

स्पाईरल ग्रीड सोलुसन प्रा.ली. नयाँ बानेश्वर, काठमाडौं

## प्रकाशक

सर्वाधिकार : प्रकाशकमा

प्रकाशन वर्ष : २०८२

मुद्रक : नार्पा भूमि गाउँपालिका, च्याँखु, मनाङ

# कार्यकारी सारांश

पर्यटन विकास गुरुयोजना सरकारले लिएका पर्यटन क्षेत्रको विकासको लागि निर्धारण गरेको सोच पुरा गर्न चाहेको पर्यटन विकास गन्तव्यतर्फ क्रमिक रुपमा बढ्ने कामलाई निर्देशित गर्न र गन्तव्य पहिचान गर्न तयार गरिएको हुन्छ । नेपालको प्रथम पर्यटन विकास गुरुयोजना इ.सं. १९७२ मा जर्मन सरकारको सहयोगमा तयार गरिएको थियो । यसपछि इ.सं. १९९० मा एसियाली विकास बैङ्कको सहयोगबाट दोस्रो पर्यटन विकास आयोजना सञ्चालन गरिएको थियो ।

हाल “पर्यटनलाई नेपालको अर्थतन्त्रको दिगोपनाका लागि मुख्य योगदान पुऱ्याउने क्षेत्रको रुपमा स्विकार गर्दै, यसको संरक्षण तथा प्रवर्द्धनका माध्यमबाट आकर्षक, सुरक्षित, रोमाञ्चक र अद्वितीय नमुना गन्तव्यको रुपमा विकास गर्ने, पर्यटन क्षेत्रबाट हुने लाभलाई समतामुलक वितरण गर्ने र वृहत्  सामाजिक सद्भाव कायम गर्न सघाउ पुऱ्याउने” दीर्घकालीन दृष्टिकोणका साथ नेपालमा कार्यान्वयनमा रहेको राष्ट्रिय पर्यटन रणनीति (२०१६-२०२५) ले सन् २०२५ सम्ममा २५ लाख २२ हजार पर्यटक ल्याउने लक्ष्य लिएको ।

संविधानको अनुसूची-८ मा मनोरञ्जन कर, पर्यटन शुल्क आदिमा स्थानीय सरकारको एकल अधिकार हुने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४, परिच्छेद ३, दफा ११, उपदफा (२) ६ को ११, १२ ले पर्यटकीय स्थलहरूको विकास, विस्तार र प्रवर्द्धन, योजना तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण गर्ने अधिकार स्थानीय सरकारलाई दिएको छ ।

स्थानीय सरकारलाई स्थानीय परम्परागत, साँस्कृतिक र पुरातात्विक सम्पदाको संरक्षण गर्ने अधिकार पनि दफा (११), उपदफा (२) फ मा रहेको छ । नेपाल सरकारको सोह्रौं योजना २०८१/८२-२०८५/८६ ले पनि नेपालको पर्यटन क्षेत्रको विकासका लागि पर्यटन पूर्वाधार विकास, पर्यटन बजारको विकास, विस्तार तथा सुदृढीकरण, गुणस्तरीय लगानी आकर्षण र पर्यटकीय क्रियाकलाप तथा गन्तव्यको विविधीकरण जस्ता विभिन्न कार्य गर्ने लक्ष्य लिएको छ ।

सोह्रौं योजनाले वार्षिक पर्यटन आगमन २५ लाख पुऱ्याउने, पर्यटकको औसत बसाई अवधि १५ दिन पुऱ्याउने, प्रति पर्यटक प्रतिदिन औसत खर्च ८५ अमेरिकी डलर पुऱ्याउने, कूल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान ७ प्रतिशत हाराहारीमा पुऱ्याउने, भ्रमण तथा पर्यटन प्रतिस्पर्धी

सूचकाङ्क ४ र द्विपक्षीय हवाई सेवा सम्झौता भएका मुलुक ४८ पुऱ्याउने भन्ने जस्ता मुख्य परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ । पर्यटनको गुरुयोजनाले विभिन्न राष्ट्रिय सरकारी निकायहरू, स्थानीय सरकारका एकाइहरू र निजी क्षेत्रसँग समन्वय गर्न र समस्याहरू पहिचान गर्न, रणनीतिक दिशा र क्षेत्रगत प्राथमिकताहरू विकास गर्न र कार्य योजना तर्जुमा गर्न मद्दत गर्दछ । यसै परिप्रेक्ष्यमा नार्पा भूमि गाउँपालिकाको पर्यटन विकास गुरुयोजना तयार भई कार्यान्वयनमा आएको छ । नार्पा भूमि गाउँपालिकाको पर्यटन क्षेत्रको विकासका लागि एकीकृत दस्ताबेज तयार भएको छ ।

मनाङ जिल्लाको पूर्वी उत्तर क्षेत्रमा पर्ने नार्पा भूमि गाउँपालिका तत्कालीन नार र फू गाविसलाई मिलाएर यो गाउँपालिकाको गठन भएको हो । यस गाउँपालिकाको क्षेत्रफल ८३७.५४ वर्ग किलोमिटर रहेको छ । गाउँपालिकालाई ५ वडामा विभाजन गरिएको छ । नेपालको उत्तरी छिमेकी मित्रराष्ट्र चीनसँग यसको सीमाना जोडिएको छ । बि.सं. २०७८ सालको राष्ट्रिय जनगणना अनुसार नार्पा भूमि गाउँपालिकाको कूल परिवार सङ्ख्या १२६ रहेको छ । यस गाउँपालिकाको कूल जनसङ्ख्या ३९६ रहेकोमा महिला ५७.३ प्रतिशत र पुरुष ४२.७ प्रतिशत रहेको छ । यहाँको लैङ्गिक अनुपात ७४.४५ रहेको छ । यहाँको औसत परिवार सङ्ख्या ३.१४, विद्युत् सेवामा पहुँच ६८.३ प्रतिशत, सौर्य उर्जामा पहुँच ३१ प्रतिशत रहेको छ ।

नार्पा भूमि गाउँपालिकाको पर्यटन विकास गुरुयोजनाले "हिमाली, साहसिक पर्यटनको सान, नार्पा भूमिको पहिचान" भन्ने दीर्घकालीन सोच तय गर्दै "पर्यटन क्षेत्रको विकास मार्फत स्थानीय बासिन्दाहरूको रोजगारी र आय आर्जनमा वृद्धि गरी उनीहरूको वातावरणीय, आर्थिक, सामाजिक, साँस्कृतिक र शैक्षिक पक्षहरूको सन्तुलित र दिगो विकास गर्ने" र "नयाँ पर्यटकीय गन्तव्यको पहिचानका साथै विविध पर्यटकीय गतिविधिहरू वृद्धि गरी गाउँपालिकालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटनको अध्ययन, अनुसन्धान तथा घुमफिरका लागि नमुना गाउँपालिकाको रुपमा विकास गर्ने" लक्ष्य लिएको छ । यसका लागि विभिन्न मार्गदर्शक सिद्धान्तहरू, गाउँपालिकाको पर्यटन क्षेत्रको सबल पक्ष, दुर्वल पक्ष, सम्भावना र चुनौतीहरूको समीक्षा गरिएको छ ।

यिनै विभिन्न आधारमा योजनाका रणनीतिहरू तय गरिएको छ । आवश्यकता अनुसारका कार्ययोजना तर्जुमा गरिएको छ । गाउँपालिका स्तरका १८ वटा योजना र वडा स्तरबाट छलफलमा आएका ५१ योजनाको सुचीकरण गरिएको छ । उक्त योजनाको कार्यान्यनका लागि आवश्यक पर्न

सक्ने अनुमानित बजेट वडा स्तरका र गाउँपालिका स्तरको छलफल गरी निर्धारण गरिएको छ। उक्त योजनाहरूलाई पर्यटन क्षेत्रको विकासका लागि परियोजना बैङ्कको रुपमा समेत कार्यान्वयनमा ल्याउन सकिने छ।

गाउँपालिकामा सबै योजनाको कार्यान्वयन गर्दा कति खर्च लाग्न सक्छ, उक्त प्रस्तावित योजनाहरूको कार्यान्वयनका लागि कुन कुन निकायले स्रोत जुटाउन सक्ने अवस्था रहन्छ भन्ने बारेमा खाका प्रस्तुत गरिएको छ । गाउँपालिकामा पर्यटन विकासमा प्राथमिकता दिनुपर्ने कार्यक्रमहरूको निर्धारण गरिएको छ। नार गाउँको स्तुपा, फू गाउँको पुरानो बस्ती र भ्रुनाम पोखरी क्षेत्रको पर्यटकीय विकासको प्रतिविम्ब झल्कने थ्री डि नक्साको डिजाइन गरी प्रतिवेदनमा नै संलग्न राखी प्रस्तुत गरिएको छ । यसका साथै गाउँपालिकाका विभिन्न भू-स्वरुपहरूको भौगोलिक नक्साहरू तयार गरिएको छ।

यस गुरुयोजनाको कार्यान्वयनका लागि गाउँपालिका उपाध्यक्षको अध्यक्षतामा गाउँपालिका पर्यटन विकास समिति तथा सङ्घीय संसदको अध्यक्षतामा गाउँपालिका पर्यटन विकास सल्लाहकार समिति गठन गर्न सकिने अवधारणा राखिएको छ। उक्त समितिले गर्ने कार्यहरू समेत प्रस्ताव गरिएको छ। साथै यो पर्यटन विकास योजना कार्यान्वयनका लागि अन्य विभिन्न समिति समेत वनाउन सकिने छ। समितिहरूले समय समयमा समीक्षा गर्नेछन् र आवश्यकता अनुसार यो पर्यटन विकास गुरुयोजनामा समयसापेक्ष रुपमा परिमार्जन र सुधार गर्दै आवश्यक कार्यान्वयन प्रक्रिया अघि बढाउनेछन्। परिवर्तित परिवेश र आवश्यकताका आधारमा पर्यटन विकास कार्य योजनाहरू परिवर्तन तथा तिनीहरूको प्राथमिकीकरणमा पनि परिवर्तन गर्दै जानु आवश्यक समेत रहेको देखिन्छ।

लगानीको स्रोत जुटाउनका लागि लगानी सम्मेलन, केन्द्र र प्रदेश सरकारबाट ऋण परिचालन, दातृनिकायसँगको प्रभावकारी पहल जस्ता उपायबाट श्रोत जुटाउन सकिने हुँदा आगामी दिनमा योजनाबद्ध ढङ्गले नार्पा भूमि गाउँपालिकाले पर्यटन विकास गुरुयोजनाको कार्यान्वयन गरी “हिमाली, साहसिक पर्यटनको सान, नार्पा भूमिको पहिचान” दीर्घकालीन सोच हासिलका सम्पूर्ण प्रयास गरिने छ।

## अध्यक्षको मन्तव्य



सार्वभौम नेपाली जनताको लामो त्याग र बलिदान पश्चात संविधान सभाबाट जारी नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा मुलुकमा दीगो विकास, सुशासन, शान्ति र समृद्धिको जनअपेक्षा पुरा गर्ने सङ्कल्प गरेको छ । यसै सङ्कल्प बमोजिम नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउन उनीहरूको घरदैलोमा विकासको मार्गचित्र कोर्न आवश्यक छ । समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त बमोजिम तीनै तहका सरकारहरू विकास र समृद्धिको यात्रामा क्रियाशील रहेका छन् ।

स्थानीय सरकारहरूले स्थानीय समुदाय तथा सरोकारवालाको सहभागितामा सहभागितामूलक तथा समावेशी विकासको अवधारणा बमोजिम दीर्घकालीन सोच, आवधिक, विषयगत रणनीति र गुरुयोजना तथा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्दछ । नेपालको संविधान अनुसार सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था संस्थागत भएपश्चात केन्द्र, प्रदेश र स्थानीय तह गरी तीन तहको शासकीय संरचना कार्यान्वयनमा आएपछि राज्य सञ्चालन, सेवा प्रवाह र विकास कार्य सम्पादन सम्बन्धमा केन्द्रीकृत र एकात्मक मानसिकतालाई विकेन्द्रीकृत प्रणालीमा रुपान्तरण गरायो । स्थानीय तहमा लामो समयसम्मको जनप्रतिनिधिको विहीनता, शासन प्रणालीमा आएको परिवर्तनको सन्दर्भमा स्थानीय सरकार क्षमता कमजोर रहनु स्वभाविकै हो ।

यसै परिप्रेक्ष्यमा गण्डकी प्रदेश, मनाङ जिल्ला स्थित नार्पा भूमि गाउँपालिकाले नार्पा भूमि गाउँपालिकाको पर्यटन क्षेत्रको समग्र विकासका लागि पर्यटन विकास गुरुयोजना ( आ.व.२०८२/८३-२०८६/८७) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। गाउँपालिकाको वास्तविक वस्तुस्थितीको विश्लेषण, वडागत छलफल, गाउँपालिका स्तरीय छलफल, सरोकारवालासँगको छलफल लगायतबाट आएका विषयलाई समावेश गरी यो पर्यटन विकास गुरुयोजना तयार भएको छ । "**हिमाली, साहसिक पर्यटनको सान, नार्पा भूमिको पहिचान**" को दीर्घकालीन सोच सहितको यो पर्यटन विकास गुरुयोजनालाई नै आधार बनाई गाउँपालिकाले आगामी दिनमा पर्यटन क्षेत्रको समग्र विकासका कार्य अघि बढाउने छ ।

अन्त्यमा, गाउँपालिकाले तर्जुमा गरेको पर्यटन विकास गुरुयोजनाको कार्यान्वयन पूर्णरूपमा सफल पार्न सहयोग गर्नु हुनेछ भन्ने अभिलाषा गाउँ सभा, कार्यपालिका, विषयगत समिति तथा वडा समिति पदाधिकारी, विषयगत शाखा, स्थानीय समुदाय, राजनीतिक दल, नागरिक समाज, विज्ञ सल्लाहकार समूह, शुभचिन्तक लगायत सम्पूर्ण पदाधिकारी, कर्मचारी र सम्बन्धित सबैमा अपेक्षा सहित यस नार्पा भूमि गाउँपालिकाको पर्यटन विकास गुरुयोजना तयार गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका खेल्नु हुने विज्ञहरू र परामर्शदाता संस्थालाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

......................................

**कोन्जो तेन्जिङ लामा**

अध्यक्ष, नार्पा भूमि गाउँपालिका

## उपाध्यक्षको मन्तव्य



सङ्घीयताको अवधारणा अनुरूप नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सबै कानुनी प्रावधानहरूले स्थानीय तहलाई स्वायत्तता सहित व्यवस्थापिका, कार्यकारी र न्यायिक अधिकारहरूको सुनिश्चितता गरेको छ । यस बमोजिम सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्त क्रियाशील रहेका छन् । जनताको नजिकको सरकारको रूपमा रहेको स्थानीय सरकारले उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी नतिजामूलक तथा परिणाममुखी विकासको अधिकतम प्रयास गर्नु पर्दछ। स्रोत, साधन तथा क्षमता र पूर्वाधार विकासको न्युन अवस्था र तीव्र विकासको जनचाहाना सम्बोधन गर्नु आफैमा कठिन र चुनौतीपूर्ण हुन्छ ।

स्थानीय तहको निर्वाचन पछि जनप्रतिनिधिहरूले यस गाउँपालिकाले विकास प्रक्रिया तथा उपलब्धिलाई समतामूलक तथा न्यायपूर्ण बनाउने र वातावरणमैत्री, दीगो पूर्वाधार विकासमा जोड दिई सामाजिक तथा आर्थिक विकासको आधार तयार गर्ने उद्देश्य लिएका छौं । यसका लागि सहभागितामूलक तथा समावेशी प्रक्रिया बमोजिम सबै प्रकारका योजना तर्जुमा र कार्यान्वयनको परिपाटीको विकास भएको छ ।

नागरिकको आवश्यकता तथा अपेक्षा सम्बोधनको लागि स्थानीय सरकार अझ बढी सबल, सक्षम र जवाफदेही हुन आवश्यक छ । यसका लागि स्थानीय सरकारहरूले सुशासन तथा विकासको अवस्था बारेमा अध्ययन विश्लेषण गरी सोको अभिलेख आम नागरिक तथा सरोकारवालाहरूलाई जानकारी गराउनु आवश्यक हुन्छ । यसै सन्दर्भमा यस गाउँपालिकाले यहाँको पर्यटन क्षेत्रको विकासका लागि पर्यटन विकास गुरुयोजना तयार भई कार्यान्वयनमा आएको छ ।

यस पृष्ठभूमिमा नार्पा भूमि गाउँपालिकाको पर्यटन क्षेत्रको समग्र विकासको मार्गचित्रको रूपमा यो पर्यटन विकास गुरुयोजनाले काम गर्नेछ भन्ने प्रतिबद्धता व्यक्त गर्दै यसको तयारीको क्रममा सहयोग पुऱ्याउनु हुने कार्यपालिकाका पदाधिकारी, विषयगत समितिका संयोजक तथा सदस्यहरू, विषयगत शाखाका कर्मचारीहरू, वडा सचिव, सम्पूर्ण कर्मचारीहरू तथा विज्ञहरू प्रति धन्यवाद व्यक्त गर्दै सबैको निरन्तर सहयोग र साथको सदैव अपेक्षा गर्दछु ।

.....................................

**मेङमर फुन्चो लामा**

उपाध्यक्ष, नार्पा भूमि गाउँपालिका

## कृतज्ञता



सङ्घीय शासन व्यवस्थामा स्थानीय सरकारलाई नागरिकको घरदैलोको सरकारको रूपमा हेरिएको हुन्छ । तसर्थ राजनीतिक र अवधारणागत रूपमा पनि स्थानीय सरकारसँग जनताको अपेक्षा बढी नै हुने गर्दछ । सबल र नागरिकप्रति जवाफदेही तथा उत्तरदायी स्थानीय सरकारबाट मात्रै जनताका चाहानाहरू सम्बोधन हुन सक्दछ । तसर्थ नागरिकको आवश्यकता तथा अपेक्षा सम्बोधनको  लागि स्थानीय सरकार अझ बढी सबल, सक्षम र जवाफदेही हुन आवश्यक छ । सीमित साधन र श्रोत अनि असीमित जनआकाङ्क्षा र आवश्यकताबीच तालमेल गरी धेरै भन्दा धेरै विकासका प्रतिफलहरू विभिन्न क्षेत्र र वर्गका जनताबीच पुऱ्याउने जिम्मेवारी गाउँपालिकाको रहेको छ । नार्पा भूमि गाउँपालिकाले स्थानीय आवश्यकताको पहिचान गरी योजनाहरू तर्जुमा र कार्यान्वयन गर्दै आइरहेको छ ।

यस गाउँपालिकाको पर्यटन क्षेत्रको विकासका लागि **"हिमाली, साहसिक पर्यटनको सान, नार्पा भूमिको पहिचान"** को दीर्घकालीन सोच सहितको पर्यटन विकास गुरुयोजना तर्जुमा गरेका छौं । यो गुरुयोजनाले समग्रतामा गाउँपालिकाको पर्यटन क्षेत्रको विकासका लागि आवश्यक मार्गदर्शनको कार्य गर्नेछ । पर्यटन क्षेत्रको विकास प्रयासलाई सहभागितामूलक, समावेशी, पारदर्शी, योजनाबद्ध तथा व्यवस्थित र जवाफदेही तवरले अगाडि बढाउन, प्रशासनिक व्यवस्थालाई सहजता प्रदान गर्न र कार्यान्वयन तथा उपलब्धिको अभिलेख व्यवस्थापनमा गाउँपालिका सदैव सचेत रहेको छ । यस गाउँपालिकाले पर्यटन क्षेत्रको एकीकृत विकासका लागि विषयगत सबल तथा कमजोर क्षेत्र पहिचान गरेको छ र सो अनुसार आवश्यक कार्यक्रम तय गरिएको छ । पर्यटन क्षेत्रको विकास गर्नका लागि गर्नुपर्ने समग्र कार्यहरूलाई मध्यनजर गरी गाउँपालिकाको पर्यटन विकास गुरुयोजनामा कार्यक्रमहरू तयार गरिएको छ ।

यस पृष्ठभूमिमा गाउँपालिकाको पर्यटन विकास गुरुयोजना तयार गर्ने काममा सहयोग गर्नुहुने गाउँ सभा, कार्यपालिका तथा वडा समितिका निर्वाचित पदाधिकारीज्यूहरू, महत्त्वपूर्ण रायसुझाव प्रदान गर्ने राजनीतिक दलका स्थानीय प्रमुख तथा प्रतिनिधिज्यूहरू, विज्ञहरू, सामाजिक तथा बौद्धिक क्षेत्रका महत्त्वपूर्ण व्यक्तित्व र विषयगत विज्ञ तथा अन्य सम्पूर्ण सहयोगी हातहरू तथा स्थानीय नागरिकहरू प्रति हार्दिक कृतज्ञता तथा आभार व्यक्त गर्दछु । आगामी दिनमा समेत सबै पक्षहरूको सकारात्मक सहयोग, सल्लाह, सुझाव र समन्वय र जिम्मेवारीपूर्ण भूमिकाका साथ यो पर्यटन विकास गुरुयोजना कार्यान्वयन हुने विश्वास लिएको छु ।

..............................

**शुशिल लम्साल**
**प्रमुख प्रशासकीय अधिकृत**
**नार्पा भूमि गाउँपालिका**

## विषयसूची


कार्यकारी सारंश ..........

अध्यक्षको मन्तव्य ..........

उपाध्यक्षको मन्तव्य ..........

कृतज्ञता..........

विषयसूची ..........

संक्षेपीकरण (**Abbriviations**) ..........

अध्याय एक परिचय .......... १

१.१ पृष्ठभूमि .......... १

१.२ पर्यटन गुरुयोजनाको उद्देश्य .......... २

१.३ पर्यटन गुरुयोजनाका अपेक्षित प्रतिफल/फाइदाहरू .......... ३

१.४ अध्ययन विधि .......... ४

अध्याय दुई नेपालमा पर्यटनको वर्तमान अवस्था .......... ८

२.१ विश्वमा पर्यटनको इतिहास .......... ८

२.२ नेपालमा पर्यटनको इतिहास र वर्तमान अवस्था .......... ८

२.३ नेपालमा पर्यटन गुरुयोजनाको रूपरेखा .......... १४

२.४ नेपालमा पर्यटन प्रवर्द्धनका प्रयासहरू .......... १५

२.५ नेपालको पहिलो पर्यटन नीति २०५२ .......... १७

२.६ नेपाल भ्रमण वर्ष, १९९८ .......... १८

२.७ गन्तव्य नेपाल वर्ष, २००२-२००३ .......... १९

२.८ नेपाल पर्यटन वर्ष, २०११ .......... १९

२.९ विश्व पर्यटन दिवस (सेप्टेम्बर २७) .......... २०

२.१० भिजिट नेपाल वर्ष २०२० .......... २१

२.११ पर्यटन नीति २०६५ .......... २२

२.१२ पर्यटन परिलक्ष्य २०२० .......... २४

२.१३ राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६-२०२५) .......... २६

२.१४ सम्बन्धित क्षेत्रीय तथा स्थानीय पर्यटन योजना .......... २७

२.१५ पर्यटनको महत्त्व .......... २७

२.१६ सोह्रौं योजना २०८१/८२-२०८५/८६ मा पर्यटन क्षेत्र .......... ३०

अध्याय तीन नार्पा भूमि गाउँपालिकाको परिचय .......... ३४

३.१ नार्पा भूमि गाउँपालिकाको सङ्क्षिप्त चिनारी .......... ३४

३.२ ऐतिहासिकता तथा नामकरण .......... ३७

३.३ गाउँपालिकाको भौगोलिक अवस्था .......... ३८

३.३.१ अवस्थिति/फैलावट........................................................................३९
३.३.२ धरातलीय भू-स्वरुप ......................................................................४०
३.३.३ विद्युतीय उचाइ नक्सा (**Digital Elivation Map**) .......................................४०
३.३.४ भौगर्भिक उचाइ नक्सा ....................................................................४२
३.३.५ हावापानी......................................................................................४३
३.३.६ भू-उपयोगको अवस्था.......................................................................४४
३.३.७ नार्पा भूमि गाउँपालिकाको माटो ........................................................४६
३.३.८ माटोका विशेषताहरू.........................................................................४७
३.३.९ भूकम्पीय जोखिमको अवस्था ............................................................४७
३.४ प्राकृतिक स्रोत/सम्पदा ........................................................................४९
३.४.१ जलसम्पदा....................................................................................४९
३.४.२ वनसम्पदा ....................................................................................५२
३.४.३ प्रमुख हिमालहरू ............................................................................५७
३.४.४ भन्ज्याङ तथा पासहरू.......................................................................५८
३.४.५ गुफाहरू .......................................................................................५९
३.४.६ खानीहरू.......................................................................................६०
३.४.७ पुरातात्विक सम्पत्तिहरू.....................................................................६०
३.४.८ धार्मिक स्थलहरू..............................................................................६०
३.५ जातजाति, संस्कृति रहन सहन तथा चाडपर्वहरू..........................................६२
३.६ गाउँपालिकामा रहेका सामाजिक संस्था.....................................................६७
३.७ होटल व्यावसाय .................................................................................६८
३.८ पर्यटन व्यावसाय र विकास ....................................................................६८
३.९ पर्यटक पदमार्गहरू (**Foot trail**)............................................................७०
३.१० नार्पा भूमि गाउँपालिकाको प्रशासनिक विभाजन ........................................७३
३.१०.१ वडागत परिचयः वडा नं. १ ...............................................................७४
३.१०.२ वडागत परिचयः वडा नं. २.................................................................७६
३.१०.३ वडागत परिचयः वडा नं. ३ ................................................................७९
३.१०.४ वडागत परिचयः वडा नं. ४ ................................................................८१
३.१०.५ वडागत परिचयः वडा नं. ५ ................................................................८३
३.११ गाउँपालिकाको पर्यटन विकासका सम्भावनाहरू .........................................८५
३.१२ नार्पा भुमि गाउँपालिकामा पर्यटन विकासमा देखिएका समस्याः.............................८८
३.१३ नार्पा भूमि गाउँपालिकामा पर्यटन विकासका चुनौतीः ......................................८९
३.१४ नार्पा भूमि गाउँपालिकाको पर्यटन विकासका लागि सुझावः ...............................८९

अध्याय चार पर्यटन विकास योजना तथा कार्यक्रमहरू ........................................ ९०
४.१ पर्यटन विकास गुरुयोजनाको लक्ष्य, उद्देश्य तथा रणनीति ........................................ ९०
४.२ मार्गदर्शक सिद्धान्तहरू ........................................ ९२
४.३ योजनाका रणनीतिहरू ........................................ ९४
४.४ अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तथा कार्यक्रमहरू ........................................ ९६
४.५ विषयगत कार्य योजनाहरू ........................................ ९८
४.६ पर्यटन विकास गुरुयोजनामा प्रस्तावित गाउँपालिका स्तरीय योजनाहरू........................................ १०४
४.७ नार्पा भूमिमा पर्यटन विकासमा प्राथमिकता दिनुपर्ने कार्यक्रमहरू........................................ ११०
४.८ प्रस्तावित थ्री.डी.नक्साहरू ........................................ १११
अध्याय पाँच पर्यटन व्यवस्थापन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन........................................ ११९
५.१ पर्यटन व्यवस्थापन योजना ........................................ ११९
५.२ योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन संयन्त्र ........................................ १२२
अध्याय छ निष्कर्ष र सारांश ........................................ १२६
६.१ निष्कर्ष ........................................ १२६
सन्दर्भ सामग्री सुची ........................................ १२८
अनुसूचीहरू ........................................ १२९
अनुसूची १: माइन्यूट ........................................ १२९
अनुसूची २: वडागत भ्रमणका तस्बिरहरू ........................................ १३१

## संक्षेपीकरण (**Abbriviations**)

| | |
|---|---|
| DEM: | Digital Elivation Map |
| ACAP : | Annapurna Conservation Area Project |
| NTB: | Nepal Tourism Board |
| आ.व.: | आर्थिक वर्ष |
| आ.यो.: | आवधिक योजना |
| इ.सं.: | इस्वी संवत् |
| एक्यापः | अन्नपूर्ण कन्जरभेसन एरिया प्रोजेक्ट (अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना) |
| एन.टी.बी.: | नेपाल पर्यटन बोर्ड (नेपाल टुरिजम बोर्ड) |
| के.त.वि.: | केन्द्रीय तथ्याङ्क विभाग |
| गा.वि.स.: | गाउँ विकास समिति |
| गा.पा.: | गाउँपालिका |
| गै.स.स.: | गैर सरकारी संस्था |
| जि.स.स.: | जिल्ला समन्वय समिति |
| रा.त.का.: | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| न.पा.: | नगरपालिका |
| रा.यो.आ.: | राष्ट्रिय योजना आयोग |
| वि.सं.: | विक्रम संवत् |
| सं.प.ना.उ.म.: | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |

# अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपालको प्रथम पर्यटन विकास गुरुयोजना जर्मन सरकारको सहयोगबाट इ.सं. १९७२ मा तयार गरिएको थियो । उक्त समयमा नेपालमा पर्यटन व्यवसाय भर्खर मात्र सुरु भएकोले थोरै मात्र पर्यटकहरू नेपाल आउने गरेको अवस्था थियो । ई.स.१९८२ अथवा दश वर्षपछि उक्त पर्यटन विकास गुरुयोजनाको मूल्याङ्कन गर्दा त्यस वर्ष मात्रै करीब १ लाख ७७ हजार पर्यटकहरू नेपाल आएका थिए । यसपछि इ.सं. १९९० मा एसियाली विकास बैङ्कको सहयोगबाट दोस्रो पर्यटन विकास आयोजना सञ्चालन गरिएको थियो ।

आ.व. २०६५/६६ को बजेट तथा कार्यक्रम अन्तर्गत देशका विभिन्न भागमा रहेका सांस्कृतिक, धार्मिक लगायतका पर्यटकीय स्थानहरूको व्यवस्थापन, निर्माण, सम्भार तथा विकासको साथै पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत पर्यटन पूर्वाधार विकास आयोजनाको स्थापना गरिएको छ । राष्ट्रिय पर्यटन रणनीति (२०१६-२०२५) ले सन् २०२५ सम्ममा २५ लाख २२ हजार पर्यटक ल्याउने लक्ष्य लिएको । नेपालको संविधानको अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची अन्तर्गत पर्यटन शुल्क, वन, जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता, पुरातत्व, प्राचीन स्मारक र संग्रहालय, प्रकृतिक श्रोतबाट प्राप्त रोयल्टी आदि विभिन्न विषयलाई समेटिएको छ ।

संविधानको अनुसूची-८ मा मनोरञ्जन कर, पर्यटन शुल्क, वातावरण संरक्षण र जैविक विविधता, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास जस्ता विषय स्थानीय तहको एकल अधिकार अन्तर्गत पर्ने संवैधानिक व्यवस्था रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४, परिच्छेद ३, दफा ११, उपदफा (२) ६ को ११, १२ ले पर्यटकीय स्थलहरूको विकास, विस्तार र प्रवर्द्धन, योजना तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण गर्ने अधिकार स्थानीय सरकारलाई दिएको छ । स्थानीय सरकारलाई स्थानीय परम्परागत, साँस्कृतिक र पुरातात्विक सम्पदाको संरक्षण गर्ने अधिकार पनि दफा (११), उपदफा (२) फ मा रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नेपालको संविधानको अनुसूची-८ मा उल्लेख भएका स्थानीय तहको अधिकारको थप व्याख्या गरी स्थानीय सरकारलाई स्थानीय स्तरका समग्र विकासका योजनाहरू निर्माण, कार्यान्वयन तथा अनुगमन गर्ने अधिकार प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४, परिच्छेद ३, दफा ११, उपदफा (२) ६ को ११, १२ ले पर्यटकीय स्थलहरूको विकास, विस्तार र प्रवर्द्धन, योजना तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण गर्ने अधिकार स्थानीय सरकारलाई दिएको छ। स्थानीय सरकारलाई स्थानीय परम्परागत, साँस्कृतिक र पुरातात्विक सम्पदाको संरक्षण गर्ने अधिकार पनि दफा (११), उपदफा (२) फ मा रहेको छ। यो साँस्कृतिक पर्यटनको दायरा अन्तर्गत आउँछ जुन पर्यटन गुरु योजनाको एक प्रमुख घटक हो । राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६-२०२५) ले सन् २०२५ सम्ममा २५ लाख २२ हजार पर्यटक भित्र्याउने लक्ष्य राखेको छ भने यस अवधिमा करिब नौ हजार रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको छ। यो ग्रामीण पर्यटन प्रवर्द्धनबाट मात्र सम्भव छ । स्थानीय तहमा पर्यटन प्रवर्द्धनका लागि ठोस दीर्घकालीन योजना तर्जुमा गरी तोकिएका लक्ष्यहरू पुरा गर्ने गरी कार्यान्वयन गर्नु नै प्रस्थान बिन्दु हो । यसबाहेक, ठोस योजनाबद्ध कागजातले लाइन एजेन्सीहरू, दाताहरू र निजी क्षेत्रहरूबाट लगानी आमन्त्रित गर्न मद्दत गर्दछ ।

पर्यटनको गुरुयोजनाले विभिन्न राष्ट्रिय सरकारी निकायहरू, स्थानीय सरकारका एकाइहरू र निजी क्षेत्रसँग समन्वय गर्न र समस्याहरू पहिचान गर्न, रणनीतिक दिशा र क्षेत्रगत प्राथमिकताहरू विकास गर्न र कार्य योजना तर्जुमा गर्न मद्दत गर्दछ । पर्यटनलाई अहिले सामान्य रूपमा रोजगारीको प्रमुख स्रोतको रूपमा मात्र नभई अनौठो सँस्कृतिको संरक्षण गर्न, अर्थतन्त्र र सामाजिक गतिशीलता, शहरी र ग्रामीण अर्थतन्त्रको विकासका लागि उत्प्रेरकको रूपमा पनि हेरिन्छ । पर्यटन गुरुयोजनाले पर्यटन विकासमा व्यापक सेवाहरू विकास गर्न र यसको योजनाको दृष्टिकोणमा यसको नवीनतामा पनि विस्तृत चित्र प्रदान गर्दछ । हालका वर्षहरूमा प्रकृति पर्यटन र समुदायमा आधारित पर्यटनको विकासमा ध्यान केन्द्रित गरिएको छ, जसमा पर्यटनले वातावरण संरक्षण, साँस्कृतिक पुनरुत्थान र सामाजिक विकासका लागि महत्त्वपूर्ण भूमिका खेल्छ ।

## १.२ पर्यटन गुरुयोजनाको उद्देश्य

नार्पा भूमि गाउँपालिकाको पर्यटन विकास गुरुयोजना तर्जुमा गर्ने लक्ष्य लिइएको प्रस्तुत कार्यक्रमको निम्नानुसार उद्देश्य रहेका छन् ।

- नार्पा भूमि गाउँपालिकाको पर्यटन विकास गुरुयोजना तयार पार्ने ।
- गाउँपालिकाको पर्यटन क्षेत्रको समग्र विकासका लागि दीर्घकालीन दृष्टिकोण, लक्ष्य र रणनीतिहरू निर्धारण गर्ने ।
- पर्यटन गुरुयोजना तर्जुमाको क्रममा सहभागितामुलक खाकाको अवलम्बन गरी गुरुयोजनाको कार्यान्वयनका लागि स्थानीय नागरिकको अपनत्व स्थापित गर्ने ।
- गुरुयोजना कार्यान्वयनमा आएपछि गाउँपालिकाको आयमा वृद्धि हुने ।
- गुरुयोजना कार्यान्वयनमा आएपछि गाउँपालिकाको आन्तरिक पर्यटकीय स्थलहरूको पहिचान गरी क्षेत्रीय पर्यटकीय स्थलको पहिचान तथा दीर्घकालीन विकासको खाका तयार गर्ने ।
- गाउँपालिकाको आर्थिक तथा समाजिक क्षेत्रको पर्यटन तथा जीवननिर्वाहसँगको सम्बन्धको विश्लेषण गर्ने ।
- गाउँपालिका क्षेत्रका पर्यटकीय क्षेत्रको पहिचान गरी स्थानीय तथा बाह्य पर्यटकको आकर्षणको लागि एकीकृत खाका तयार गर्ने ।
- प्राप्त विवरणको आधारमा यथार्थपरक तथा वित्तीय हिसावले कार्यान्वयन योग्य पर्यटन विकास गुरुयोजना तर्जुमा गर्ने ।

**१.३ पर्यटन गुरुयोजनाका अपेक्षित प्रतिफल/फाइदाहरू**

नार्पा भूमि गाउँपालिकाले प्रस्तुत पर्यटन विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउँदै गर्दा निम्नानुसारका प्रतिफल/फाईदाहरूको अपेक्षा राखेको छ ।

- स्थानीय धार्मिक, प्राकृतिक, साँस्कृतिक ऐतिहासिक र पर्यटकीय स्थलहरूको पहिचान, प्रवर्द्धन, विकास तथा प्रचारप्रसार हुनेछ ।
- आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनमा वृद्धि हुनेछ ।
- पर्यटकहरूको आगमनमा वृद्धि सँगसँगै पर्यटकीय पूर्वाधार, उद्योग, व्यापार व्यवसायमा वृद्धि हुनेछ ।
- स्थानीय बासिन्दाहरूको आय आर्जनमा टेवा पुगी उनीहरूको आर्थिक, सामाजिक, शैक्षिक लगायतका अवस्थामा नै सुधार तथा सकारात्मक परिवर्तन आउनेछ ।
- स्थानीय बासिन्दाहरू विश्वस्तरीय ज्ञान, विज्ञान, साहित्य र जीवनशैलीबाट लाभान्वित भई विश्व नागरिक बन्न सक्नेछन् ।

- स्थानीय कला, सँस्कृति, भाषा, रहन सहन, चाडवाड, परम्परा र जीवनशैलीको प्रवर्द्धन, विकास र प्रचारप्रसार हुनेछ ।
- पर्यटन विकासको माध्यमद्वारा गाउँपालिकाको समग्र विकासमै टेवा पुग्नेछ ।
- कला, सँस्कृति, भाषा, रहन सहन, चाडवाड, परम्परा र जीवनशैलीको आदानप्रदान हुनेछ ।
- साहसिक र खेलकुद पर्यटनको विकास हुने छ ।

### १.४ अध्ययन विधि

प्रस्तुत पर्यटन विकास गुरुयोजना तर्जुमा गर्दा पालना गरिएको अध्ययन विधि यो खण्डमा प्रस्तुत गरिएको छ । यस पर्यटन गुरुयोजना नेपालको पर्यटन नीति लगायतका पर्यटनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी मापदण्ड र उत्तम अभ्यासहरूमा व्यवस्था भएका प्रावधानहरूको अध्ययन र अनुशरण गरी तयार गरिएको हो ।

- पर्यटन गुरुयोजना नेपालको पर्यटन नीति लगायतका पर्यटनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी मापदण्ड र उत्तम अभ्यासहरूमा व्यवस्था भएका प्रावधानहरूको अध्ययन र अनुशरण गरी तयार गरिएको छ ।
- प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त सूचना तथा तथ्याङ्कहरू अध्ययन तथा संकलन, पर्यटकीय क्षेत्रको स्थलगत भ्रमण तथा अवलोकन, स्थानीय जनसमुदायहरू र गाउँपालिकाका पदाधिकारीहरूसँग छलफल तथा अन्तरक्रिया गरिएको छ ।
- स्थलगत भ्रमण तथा अवलोकनबाट पर्यटकीय सम्पदाहरूको जानकारी संकलन गरिएको छ ।

**यस क्रममा गरिएका मुख्य कार्यहरू:**

- अध्ययन तथा सन्दर्भ सामग्रीहरूको पुनरावलोकन
- भौगोलिक तथा राजनीतिक नक्साहरूको अध्ययन्
- पर्यटकीय क्षेत्रको स्थलगत अवलोकन
- वडा स्तरमा छलफल
- प्रबुद्ध व्यक्तिसँगको अन्तर्वार्ता
- गाउँपालिका स्तरमा छलफल

### १.४.१ प्रकाशित सूचना तथा तथ्याङ्कको पुनरावलोकन एवं संश्लेषण

### १.४.२ पर्यटकीय क्षेत्रको स्थलगत अवलोकन

पर्यटन गुरुयोजना तयार गर्न आवश्यक पर्ने द्वितीय तथ्याङ्क तथा सूचनाहरूको अध्ययन तथा विश्लेषण गरिएको छ । जस अनुसार प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त सूचना तथा तथ्याङ्कहरू अध्ययन तथा संकलन, पर्यटकीय क्षेत्रको स्थलगत भ्रमण तथा अवलोकन, स्थानीय जनसमुदायहरू र गाउँपालिकाका पदाधिकारीहरूसँग समेत छलफल तथा अन्तरक्रिया गरिएको छ । स्थलगत भ्रमण तथा अवलोकनबाट पर्यटकीय सम्पदाहरूको जानकारी संकलन गरियो भने सामाजिक तथा आर्थिक जानकारी राष्ट्रिय जनगणना २०७८ बाट साभार गरिएको छ ।

सामाजिक-आर्थिक जानकारीहरू स्थलगत भ्रमण, सरोकारवालासँगको छलफल, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित राष्ट्रिय जनगणना २०७८ अन्तिम नतिजा, आदिबाट संकलन गरिएको छ । सन्दर्भ सामग्रीको हकमा पर्यटन नीति २०६५, पर्यटन गुरुयोजना २०६५, पर्यटन परिलक्ष्य २०२० र राष्ट्रिय पर्यटन रणनीतिक योजना २०१६-२०२५ आदि प्रतिवेदनहरू संकलन गरी अध्ययन तथा विश्लेषण गरिएको छ ।

### १.४.३ तथ्याङ्क विश्लेषण एवं प्रतिवेदन तयारी

पर्यटकीय क्षेत्रको भौगोलिक तथा राजनीतिक विभाजनको जानकारी र अवस्थितिका साथै अन्य धार्मिक तथा प्राकृतिक महत्त्वका स्थानहरूको जानकारी हासिल गर्नका लागि नापी विभागबाट प्राप्त गरिने भू-आकृति नक्सा (Topo Map) र गुगल नक्साबाट पनि उपलब्ध सन्दर्भ सामाग्रीहरू अध्ययन गरी विवरणहरूको जानकारी लिइएको थियो ।

### १.४.२ पर्यटकीय क्षेत्रको स्थलगत अवलोकन

स्थलगत भ्रमण तथा अवलोकनबाट प्राप्त गर्नु पर्ने जानकारीहरू संकलन गर्नका लागि पर्यटकीय गतिविधिसँग सम्बन्धित सम्पूर्ण पक्षहरू समावेश गरी सुचीप्रकार (Checklist) निर्माण गरियो । सो सुचीप्रकार (Checklist) मा पर्यटकीय क्षेत्रको भौगोलिक, भौतिक, धार्मिक तथा साँस्कृतिक, आर्थिक तथा जैविक वातावरणसँग सम्बन्धित विषय वस्तु समावेश गरियो । विशेषज्ञ टोलीले स्थलगत भ्रमण तथा अध्ययनका क्रममा गाउँपालिकाका प्रतिनिधि, संस्थाका प्रतिनिधिहरू, पर्यटन तथा होटल

व्यवसायीहरू, स्थानीय क्लबहरू, सामाजिक संस्थाहरू, नागरिक समाज, र पार्टीका प्रतिनिधिहरूसँग भेटघाटका साथै निश्चित प्रश्नावलीमा आधारित भई समूहगत छलफल गरी तथ्याङ्क संकलन गर्ने कार्य गरिएको थियो ।

अध्ययनका क्रममा गाउँपालिकाका विभिन्न पर्यटकीय महत्त्वका क्षेत्रको स्थलगत भ्रमण समेत गरी त्यहाँको, साँस्कृतिक तथा धार्मिक सम्पदा, हिमाल, खोँच, डाँडाकाँडा, वेशी, टार, उपत्याका, घाँसे मैदान, ताल तलैया, सिमसार क्षेत्र, नदी नाला, जङ्गल, वन्यजन्तु आदि बारेका विवरणको टिपोट गरिएको थियो । पर्यटकीय क्षेत्रको भुगोलको अवस्था, जलाधार क्षेत्र लगायतका भौतिक वातावरणका बारेमा पनि जानकारी संकलन गर्ने कार्य गरिएको थियो । ग्रामीण लेखाजोखा विधिको प्रयोग मार्फत विभिन्न जाती, धर्म, पेशा, वर्ग, लिङ्ग आदिको प्रतिनिधित्व हुने गरी समूहगत छलफलबाट सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण सम्बन्धी जानकारी लिइएको थियो । ऐतिहासिक सम्पदा तथा साँस्कृतिक सम्पदाहरूको अवलोकन भ्रमण र जानकार व्यक्तिहरूसँगको छलफलबाट समेत जानकारी संकलन गर्ने कार्य गरिएको थियो । यसको अतिरिक्त विभिन्न समूह, समुदाय वा पेशागत समूह संघ संस्था आदिसँगको छलफल तथा अन्तरक्रिया समेत गरिएको थियो ।

### १.४.३ तथ्याङ्क विश्लेषण एवं प्रतिवेदन तयारी

पर्यटकीय क्षेत्रहरूको विस्तृत अध्ययन तथा भ्रमणबाट प्राप्त भएका प्रथम तथा द्वितीय तथ्याङ्क तथा सूचनाहरूलाई विश्लेषण तथा सङ्क्षिप्तीकरण गरी आवश्यकता अनुसार तालिका, नक्सा तथा चित्रहरूमा राखी गुरुयोजनाको उपयुक्त भागमा समावेश गरिएको छ । तसर्थ प्राप्त जानकारीहरूबाट (सन्दर्भ सामग्री, स्थलगत अध्ययन, पुनरावलोकन अध्ययन) गुरुयोजना प्रतिवेदन कार्यान्वयन गर्दा भएका पर्यटकीय स्थलको थप प्रचारप्रसार र विकास हुने तथा सम्भावित पर्यटकीय स्थलको पहिचान भई स्थानीय तह तथा देशकै समग्र आर्थिक विकासमा टेवा पुग्ने देखिन्छ ।

## १.५ अध्ययनको क्षेत्र र सीमा

यस अध्ययनमा नार्पा भूमि गाउँपालिका भित्रका पर्यटकीय स्थलहरू तथा सम्भावित पर्यटकीय स्थलहरूको विकास गर्ने गुरुयोजना बाहेकका अन्य पक्षहरूलाई समावेश गर्न नसकिने सन्दर्भमा यसका निम्न लिखित सीमाहरू रहेका छन् ।

- गुरुयोजना निर्माणको क्रममा प्राथमिक स्रोतबाट पूर्ण तथ्याङ्कहरूको सङ्कलन गर्न नसकिएको अवस्थामा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषण गरिएको छ ।
- जिल्ला समन्वय समिति, गाउँपालिका, राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रकाशनहरू, विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूबाट प्रकाशित दस्ताबेजहरू र अन्य प्रिन्ट मिडिया एवं अनलाइन मिडियाका तथ्याङ्कहरूलाई द्वितीय स्रोतका तथ्याङ्कको रुपमा प्रयोग गरिएको छ ।
- गाउँपालिका क्षेत्रभित्रको भैगोलिक विकटता जस्ता विविध पक्षका कारण सम्पूर्ण पर्यटकीय स्थलहरू तथा पदमार्गहरूमा भैतिक उपस्थिति हुन नसकिएको भएता पनि सूचनादाताहरूबाट सो बारेका विवरणहरू भने संकलन गरिएको छ ।
- स्थानीय साधन र स्रोतको अधिकतम उपयोग र परिचालनलाई विशेष प्राथमिकता दिई जनसहभागितामूलक योजना निर्माण प्रक्रिया र कार्यान्वयनलाई प्राथमिकता दिइएको छ ।
- यस गुरुयोजनाको मुख्य क्षेत्र र सीमा भनेको स्थानीय समुदायलाई केन्द्रमा राखी उनीहरूको सहभागिता विना यो गुरुयोजनाको कार्यान्वयन सम्भव हुँदैन भन्ने मान्यतालाई आत्मसात् गरिएको हुँदा उनीहरूको पूर्ण सहभागिताले मात्र यसले लिएको लक्ष्य, उद्देश्य र नतिजाहरू हासिल गर्न सकिन्छ भन्ने रहेको छ ।
- छलफलबाट विवरण संकलन गरिएको हुँदा, सम्भावित सूचनादाताहरू गाउँपालिका, वडा कार्यालय तथा अन्य सरोकारवालाहरूसँगको छलफलबाट पहिचान गरी समन्वयको लागि सहजीकरण गरिएको हुनाले सुचनादाताले यथार्थ विवरण उपलब्ध गराएका छन् भन्ने मान्यताका आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

# अध्याय दुई

# नेपालमा पर्यटनको वर्तमान अवस्था

## २.१ विश्वमा पर्यटनको इतिहास

पर्यटन क्षेत्रलाई विश्वमा नै सबैभन्दा तिव्र गतिमा विस्तार भएको क्षेत्रमध्ये एक मानिन्छ । प्राचीन कालमा मानिसहरूले आफ्नो आवश्यकता पुरा गर्ने, अध्ययन गर्ने, वरपरको कुराहरूको वस्तुस्थिति जान्ने बुझ्ने उत्सुकताबाट सुरु भएको भ्रमण कार्यले आज आएर अन्तरिक्ष पर्यटनको समेत रूप लिई सकेको छ । प्रविधिको क्षेत्रमा आएको चमत्कारिक विकाससँगै साँघुरिदै गएको वर्तमान विश्वमा पर्यटन विकासले ठूलो फड्को मारिसकेको छ ।

संयुक्त राष्ट्रसङ्घीय विश्व पर्यटन संगठनको तथ्याङ्क विश्व पर्यटन ब्यारोमिटर अनुसार सन् २०२४ मा अनुमानित कूल १.४ अरब मानिसले भ्रमण गरेका छन् । जसले महामारीको वर्षको तुलनामा ९९ प्रतिशत सुधार भएको देखाएको छ । सन् २०२३ को तथ्याङ्कको तुलनामा ११ प्रतिशतले पर्यटन आगमन भएको देखाएको छ । जुन करिव १४ करोडले बढी हो । यसले कोभिड महामारीको समयबाट उल्लेख्य सुधार भएको देखाउँछ । एसिया र प्यासिफीक क्षेत्रमा पर्यटनको मात्रा बढेको समेत देखाएको छ । यस प्रकारको सुधार सन् २०२५ मा पनि बढ्ने अपेक्षा समेत गरेको देखिन्छ ।

सन् २०२४ मा पर्यटनको कारण निर्यात १.९ ट्रिलियन अमेरिकी डलर बढेको अनुमान गरिएको छ भने पर्यटन क्षेत्रको आर्थिक योगदान (पर्यटन प्रत्यक्ष कूल गार्हस्थ्य उत्पादनमा मापन गरिएको) १०.९ ट्रिलियन अमेरिकी डलर पुगेको अनुमान गरिएको छ, जुन सन् २०२० को आर्थिक योगदान १.६ ट्रिलियन अमेरिकी डलरभन्दा बढी हो । विश्व अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान १० प्रतिशतको हाराहारीमा रहेको छ भने यस क्षेत्रबाट करिव ३५.७ करोड रोजगारी सृजना भएको छ जुन प्रति १० रोजगारीमा १ बराबर हो ।

## २.२ नेपालमा पर्यटनको इतिहास र वर्तमान अवस्था

मौलिक सँस्कृति, स्वच्छ वातावरण, मनमोहक पर्वतीय श्रृंखलाहरू, साहसिक र चुनौतीपूर्ण भौगोलिक अवस्थितिले गर्दा पर्यटनको लागि नेपाल विश्वमा नै अनुपम गन्तव्य स्थल मानिन्छ । दक्षिणमा समतल

तराई, भावर क्षेत्र, चुरे पर्वत, महाभारत लेक, मध्य भूमि र उत्तरमा हिमाली वेशी, टार उपत्याका, खोँच, घाँसे मैदान, हिमनदी, हिमताल, ताल, कुण्ड, मनमोहक हिमाली चुचुराहरू, बनस्पती, पशुपंक्षीहरू, जडिबुटीहरू, बन पैदावारहरू सहितको भौगोलिक विविधताले भरिपूर्ण प्राकृतिक वातावरणले गर्दा नेपालको पर्यटन क्षेत्र मौलिक र साहसिक पर्यटनको लागि संसारभर प्रख्यात रहेको छ । त्यसैगरी यहाँका विभिन्न जातजाति, उनिहरूको भाषा, धर्म, धार्मिक ग्रन्थहरू, संस्कृति, चाडपर्व, रीतिरिवाज, चालचलन, भेषभुषा, रैथाने तथा परम्परागत सीप कला कौषल, पुरातात्विक कुराहरू, मठ, मन्दिर, भवन, देवालय, स्मारकहरू, गुम्बा, चैत्य, मस्जीद, दरवारहरू, स्तम्भ, शालिक, आदिका लागि पनि परिचित छ ।

पर्यटकको नेपाल आगमन वारेको इतिहास अझै अज्ञात नै भएता पनि सन् १८९९ मा बौद्ध धर्मका अनुयायी जापानी नागरिक इकाई कावागुचीले अन्नपूर्ण क्षेत्रको भ्रमण गरे पश्चात् यसको प्रारम्भ भएको मानिन्छ । त्यसै गरी प्राचिनकालमा चिनियाँ यात्रीहरू हुयनसान र भारत वर्षका सम्राट असोकको नेपाल भ्रमण पनि महत्त्वपूर्ण मानिन्छन् । नेपाल एकीकरणको समय पूर्व अर्थात् सन् १८१४ सम्म नेपाल विदेशीहरूको लागि लगभग बन्द जस्तै रह्यो । सन् १८१६ को सुगौली सन्धि पश्चात् विदेशीहरू खासगरी ब्रिटिसहरूको नेपाल भ्रमणको क्रम बढ्न थाल्यो भने सन् १८५० मा तत्कालीन श्री ३ जङ्गबहादुर राणाको बेलायत भ्रमण, १८९३ मा वीर शमसेरको भारत भ्रमण, १९०८ मा चन्द्र शमसेरको बेलायत भ्रमण तथा सन् १९११ मा बेलायतका राजा जर्ज पाँचौंको नेपाल भ्रमण उच्चस्तरीय भ्रमणका महत्त्वपूर्ण थालनी हुन् ।

नेपालको आधुनिक पर्यटन इतिहासमा भने सन् १९५० मा नेपालका केही शहरहरू सडक सञ्जाल मार्फत भारतीय सिमानासँग जोडिएपछि पहिलो पटक पर्यटकहरू नेपाल भित्रिएको अनुमान गर्न सकिन्छ । त्यस बेलादेखि अन्तर्राष्ट्रिय पर्यटकहरू नेपालको धनी सँस्कृति, सुरम्य हिमालयका परिदृश्यहरू अवलोकन र अन्वेषण गर्न निरन्तर आइरहेको देखिन्छ । विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्न आएका जर्ज मालोरी र एन्ड्रयू स्यान्डी सन् १९२४ मा आरोहण प्रयासको क्रममा बेपत्ता भएको इतिहास भेटिन्छ । सन् १९५० मा फ्रान्सेली टोलीको नेतृत्व गर्दै मौरिस हर्जोगको सफल अन्नपूर्ण आरोहण तथा सन् १९५३ मा एडमण्ड हिलारी र तेन्जिङ्ग नोर्गे शेर्पाको सफल सगरमाथा आरोहण पश्चात् नेपाल विश्व पर्यटन बजारमा परिचित हुन गई नेपाल बारे चर्चा परिचर्चा बढ्न

गयो । त्यसै गरी सन् १९५० को मध्यतिर सम्पन्न अंग्रेजहरू तथा प्रायोजित विद्यार्थीहरूको समूह वैज्ञानिक अध्ययन तथा सर्वेक्षण गर्न बेलायतदेखि टर्की, इरान, अफगानिस्तान, कश्मिर, मनाली, काठमाडौं हुँदै भारतको गोवा सम्मको यात्रा गरेको प्रमाण भेटिन्छ ।

सन् १९७० को दशकसम्म आइपुग्दा यहाँको अनुकूल जलवायु, मनोरम प्राकृतिक वातावरण र अनुपम सँस्कृतिका कारणले गर्दा पश्चिमा जीवन शैली र युद्धदेखि बिरक्तिएका युवा जमातहरूको लागि नेपाल सुरक्षित पर्यटन गन्तव्य स्थलको रूपमा चर्चित हुन पुगेको थियो । तिनीहरू केवल सामान्य जीवन शैलीमा रमाउने खालका प्रकृति प्रेमीहरू थिए जसलाई मानिसहरू हिप्पि (Hippies or Freak) का रूपमा चिन्थे । यसैक्रममा पश्चिमा पर्यटकहरू आकर्षित गर्न होटल, रिसोर्टहरू, आधुनिक सुविधा सहितका पश्चिमा रेष्टुरेन्टहरू खुल्न थालेको पाइन्छ । हाल नेपालमा उपलब्ध आधुनिक पर्यटक गतिविधिहरूमा मौलिक नेपाली कला सँस्कृति, रीतिरिवाज, चालचलन, परम्परा र भेषभुषा, खानपान आदिको अवलोकन तथा ट्रेकिङ, र्‍याफ्टिङ (Rafting), हिमाल आरोहण, वन्यजन्तु अवलोकन तथा शिकार गर्ने (सफारी), बन्जी जम्पिङ (Bungy Jumping), प्याराग्लाइडिङ, पर्वतीय उडान (Mountain flight), लगायत साहसिक खेलहरू पदर्छन् ।

नेपालको सन्दर्भमा विगतका विभिन्न आन्तरिक राजनैतिक र बाह्य उतारचढावहरू तथा मुख्य गरी सन् २०१५ को अप्रिल २५ मा गएको महाभूकम्पका कारणले सन् २०१५ र २०१६ मा अन्तर्राष्ट्रिय पर्यटक आगमनको सङ्ख्यामा धेरै नै कमी आएता पनि सन् २०१७, २०१८ र २०१९ मा भने अघिल्लो वर्षहरूको तुलनामा उल्लेखनीय रूपमा वृद्धि हुँदै आएको देखिन्छ । अध्यागमन विभागको पछिल्लो तथ्याङ्क अनुसार सन् २०१९ मा कूल ११,९७,१९१ जना विदेशी पर्यटकहरू नेपाल भित्रिएका थिए । यो सङ्ख्या सन् २०१८ मा भित्रिएका कूल पर्यटक सङ्ख्या ११,७३,०७२ जनाको भन्दा २.०५ प्रतिशत बढी हो भने नेपालको इतिहासमा हालसम्मकै सबैभन्दा उच्च सङ्ख्या हो । सन् २०२० र २०२१ मा कोभिड महामारीका कारण पर्यटकीय गतिविधि सुन्य जस्तै भयो ।

सन् २०२० मा जम्मा २,३०,०८५ जना र सन् २०२१ मा १,५०,९६२ जना पर्यटकहरू नेपाल भित्रिए जुन २०१९ को तुलनामा लगभग ९० प्रतिशतले कमी हो । हालका वर्षमा कोभिड-१९ को जोखिम न्युनीकरण भए पश्चात सन् २०२२ मा पर्यटकको सङ्ख्या बढेर लगभग ६१४,८६९ जना पुगेको छ । यो सङ्ख्या क्रमशः वृद्धि भई २०२३ मा १,०१४,८८२ जना, हुँदै २०२४ मा १,१४७,५४८ जना पुगेको

छ । यस आधारमा हेर्दा सङ्ख्यात्मक रुपमा पर्यटक आवागमनले ठुलै फड्को मारेको देखिन्छ । तर औसत बसाई अवधिमा भने सुधार हुन सकेको देखिँदैन । यो भने १३ दिनको हाराहारीमा नै मात्र सीमित रहेको देखिन्छ ।

तालिका नं. १ : हवाईमार्ग र स्थलमार्गबाट आउने पर्यटकको सङ्ख्या

| वर्ष | जम्मा | | हवाई मार्गबाट | | स्थल मार्गबाट | | औसत बसाइ अवधि (दिन) |
|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | बार्षिक वृद्धिदर | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १९६४ | ९५२६ | ३०.९ | ८४३५ | ८८.५ | १०९१ | ११.५ | NA |
| १९६५ | ९३८८ | –१.४ | ८३०३ | ८८.४ | १०८५ | ११.६ | NA |
| १९६६ | १२५६७ | ३३.९ | ११२०६ | ८९.२ | १३६१ | १०.८ | NA |
| १९६७ | १८०९३ | ४४ | १५०६४ | ८३.३ | ३०२९ | १६.७ | NA |
| १९६८ | २४२०९ | ३३.८ | १९७१७ | ८१.४ | ४४९२ | १८.६ | NA |
| १९६९ | ३४९०१ | ४४.२ | २८१३० | ८०.६ | ६७७१ | १९.४ | NA |
| १९७० | ४५९७० | ३१.७ | ३६५०८ | ७९.४ | ९४६२ | २०.६ | NA |
| १९७१ | ४९९१४ | ८.६ | ४०३६९ | ८०.९ | ९५४५ | १९.१ | NA |
| १९७२ | ५२९३० | ६ | ४२४८४ | ८०.३ | १०४४६ | १९.७ | NA |
| १९७३ | ६८०४७ | २८.६ | ५५७९१ | ८२ | १२२५६ | १८ | NA |
| १९७४ | ८९८३८ | ३२ | ७४१७० | ८२.६ | १५६६८ | १७.४ | १३.२ |
| १९७५ | ९२४४० | २.९ | ७८९९५ | ८५.५ | १३४४५ | १४.५ | १३.०५ |
| १९७६ | १०५१०८ | १३.७ | ९०४९८ | ८६.१ | १४६१० | १३.९ | १२.४१ |
| १९७७ | १२९३२९ | २३ | ११०१८० | ८५.२ | १९१४९ | १४.८ | ११.६ |
| १९७८ | १५६१२३ | २०.७ | १३००३४ | ८३.३ | २६०८९ | १६.७ | ११.८४ |
| १९७९ | १६२२७६ | ३.९ | १३७८६५ | ८५ | २४४११ | १५ | १२.०२ |
| १९८० | १६२८९७ | ०.४ | १३९३८७ | ८५.६ | २३५१० | १४.४ | ११.१८ |
| १९८१ | १६१६६९ | –०.८ | १४२०८४ | ८७.९ | १९५८५ | १२.१ | १०.४९ |
| १९८२ | १७५४४८ | ८.५ | १५३५०९ | ८७.५ | २१९३९ | १२.५ | १३.३३ |
| १९८३ | १७९४०५ | २.३ | १५२४७० | ८५ | २६९३५ | १५ | ११.५३ |
| १९८४ | १७६६३४ | –१.५ | १४९९२० | ८४.९ | २६७१४ | १५.१ | ११.५५ |
| १९८५ | १८०९८९ | २.५ | १५१८७० | ८३.९ | २९११९ | १६.१ | ११.३ |
| १९८६ | २२३३३१ | २३.४ | १८२७४५ | ८१.८ | ४०५८६ | १८.२ | ११.१६ |
| १९८७ | २४८०८० | ११.१ | २०५६११ | ८२.९ | ४२४६९ | १७.१ | ११.९८ |
| १९८८ | २६५९४३ | ७.२ | २३४९४५ | ८८.३ | ३०९९८ | ११.७ | १२ |
| १९८९ | २३९९४५ | ५३.७ | २०७९०७ | ८६.६ | ३२०३८ | १३.४ | १२ |
| १९९० | २५४८८५ | ६.२ | २२६४२१ | ८८.८ | २८४६४ | ११.२ | १२ |
| १९९१ | २९२९९५ | १५ | २६७९३२ | ९१.४ | २५०६३ | ८.६ | ९.२५ |
| १९९२ | ३३४३५३ | १४.१ | ३००४९६ | ८९.९ | ३३८५७ | १०.१ | १०.१४ |
| १९९३ | २९३५६७ | –१२.२ | २५४१४० | ८६.६ | ३९४२७ | १३.४ | ११.९४ |
| १९९४ | ३२६५३१ | ११.२ | २८९३८१ | ८८.६ | ३७१५० | ११.४ | १० |
| १९९५ | ३६३३९५ | ११.३ | ३२५०३५ | ८९.४ | ३८३६० | १०.६ | ११.२७ |
| १९९६ | ३९३६१३ | ८.३ | ३४३२४६ | ८७.२ | ५०३६७ | १२.८ | १३.५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९९७ | ४२१८५७ | ७.२ | ३७११४५ | ८८ | ५०७१२ | १२ | १०.४९ |
| १९९८ | ४६३६८४ | ९.९ | ३९८००८ | ८५.८ | ६५६७६ | १४.२ | १०.७६ |
| १९९९ | ४९१५०४ | ६ | ४२१२४३ | ८५.७ | ७०२६१ | १४.३ | १२.२८ |
| २००० | ४६३६४६ | -५.७ | ३७६९१४ | ८१.३ | ८६७३२ | १८.७ | ११.८८ |
| २००१ | ३६१२३७ | -२२१ | २९९५१४ | ८२.९ | ६१७२३ | १७.१ | ११.९३ |
| २००२ | २७५४६८ | -२३.७ | २१८६६० | ७९.४ | ५६८०८ | २०.६ | ७.९२ |
| २००३ | ३३८१३२ | २२.७ | २७५४३८ | ८१.५ | ६२६९४ | १८.५ | ९.६ |
| २००४ | ३८५२९७ | १३.९ | २९७३३५ | ७७.२ | ८७९६२ | २२.८ | १३.५१ |
| २००५ | ३७५३९८ | -२.६ | २७७३४६ | ७३.९ | ९८०५२ | २६.१ | ९.०९ |
| २००६ | ३८३९२६ | २.३ | २८३८१९ | ७३.९ | १००१०७ | २६.१ | १०.२ |
| २००७ | ५२६७०५ | ३७.२ | ३६०७१३ | ६८.५ | १६५९९२ | ३१.५ | ११.९६ |
| २००८ | ५००२७७ | -५ | ३७४६६१ | ७४.९ | १२५६१६ | २५.१ | ११.७८ |
| २००९ | ५०९९५६ | १.९ | ३७९३२२ | ७४.४ | १३०६३४ | २५.६ | ११.३२ |
| २०१० | ६०२८६७ | १८.२ | ४४८८०० | ७४.४ | १५४०६७ | २५.६ | १२.६७ |
| २०११ | ७३६२१५ | २२.१ | ५४५२२१ | ७४.१ | १९०९९४ | २५.९ | १३.१२ |
| २०१२ | ८०३०९२ | ९१ | ५९८२५८ | ७४.५ | २०४८३४ | २५५ | १२.१६ |
| २०१३ | ७९७६१६ | -०.७ | ५९४८४८ | ७४.६ | २०२७६८ | २५.४ | १२.६ |
| २०१४ | ७९०११८ | -०.९ | ५८५९८१ | ७४.२ | २०४१३७ | २५.८ | १२.४४ |
| २०१५ | ५३८९७० | -३२ | ४०७४१२ | ७५.६ | १३१५५८ | २४.४ | १३.१६ |
| २०१६ | ७५३००२ | ४० | ५७२५६३ | ७६ | १८०४३९ | २४ | १३.४ |
| २०१७ | ९४०२१८ | २५ | ७६०५७७ | ८१ | १७९६४१ | १९ | १२.६ |
| २०१८ | ११७३०७२ | २५ | ९६९२८७ | ८२.६३ | २०३७८५ | १७.३७ | १२.४ |
| २०१९ | ११९७१९१ | २.०५ | ९९५८८४ | ८३.१९ | २०१३०७ | १६.८१ | १२.७ |
| २०२० | २३००८५ | -८०.७ | १८३१३० | ७९.६ | ४६९५५ | २०.४ | १५.१ |
| २०२१ | १५०९६२ | -३४.३ | १५०६२५ | ९९.७ | ३३७ | ०.३ | १५.५ |
| २०२२ | ६१४८६९ | ३०७.३ | ५९२६३१ | ९६.४ | २२२३८ | ३.६ | १३.१ |
| २०२३ | १०१४८८२ | ६५.०५ | ९१४२७० | ९०.०९ | १००६१२ | ९.९१ | १३.२ |
| २०२४ | ११४७५४८ | १३.०७ | १०२३९३७ | ८९.२३ | १२३६११ | १०.७७ | १३.३ |

*(नेपाल पर्यटन वोर्ड, नेपाल पर्यटन तथ्याङ्क, २०२४, अध्यागमन विभाग नेपाल)*

सन् २०२३ र २०२४ मा सबैभन्दा बढी पर्यटकहरू भारतीय रहेको देखिन्छ। त्यस पछि सङ्ख्यात्मक रुपमा दोश्रो चीन, तेश्रो अमेरिका चौथो बेलायत र पाँचौं बंगालादेश रहेको देखिन्छ। कूल पर्यटक आगमनमध्ये आधा भन्दा बढी हिस्सा पाँच देशको मात्र रहेको देखिन्छ।

तालिका नं. २: पर्यटक नेपाल भित्रिने (२०१७-२४) प्रमुख देश र सङ्ख्याको आधारमा

| देश | २०१७ | २०१८ | २०१९ | २०२० | २०२१ | २०२२ | २०२३ | २०२४ |
|---|---|---|---|---|---|---|---|---|
| भारत | १६०८३२ | १९४३२३ | २५४१५० | ४०३३६ | ६४६७२ | २०९३३४ | ३१९९३६ | ३१७७८१ |
| % | १७.१ | १६.५७ | २१.२ | १७.५ | ४२.८३ | ३४.०५ | ३१.५२ | २७.६९ |
| अमेरिका | ७९१४६ | ९१८९५ | ९३२४१ | १७७६७ | २२८५४ | ७७०८३ | १००३५५ | १११२१७ |
| % | ८.४ | ७.८३ | ७.८ | ७.७ | १५.१३ | १२.५४ | ९.८९ | ९.६९ |
| चीन | १०४६६४ | १५३६३३ | १६९५४३ | १९२५७ | ६१९८ | ९५९९ | ६०८७८ | १०१८७४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| % | ११.१ | १३.१ | १४.२ | ८.४ | ४.१ | १.५६ | ६ | – |
| **बेलायत** | ५१०५८ | ६३४६६ | ६११४४ | ११७६२ | ८६८० | ४५०९४ | ५२८६५ | ५४७६५ |
| % | ५.४ | ५.४१ | ५.१ | ५.१ | ५.७४ | ७.३३ | ५.२१ | ४.७७ |
| **बंगलादेश** | २९०६० | २६३५५ | २५८४९ | ४९१७ | ५०४४ | २५३८३ | ३६४८३ | ४८८४९ |
| % | ३.०९ | २.२५ | २.२ | २.१ | ३.३४ | ४.१३ | ३.५९ | ४.२६ |
| **अष्ट्रेलिया** | ३३३७१ | ३८४२९ | ३८९७२ | ६७९३ | २४७७ | २६८९४ | ३८७९८ | ४३९७८ |
| % | ३.५५ | ३.२८ | ३.३ | ३ | १.६४ | ४.३७ | ३.८२ | ३.८३ |
| **थाइल्याण्ड** | ३९१५४ | ५२४२९ | ४१६६० | २०७७८ | ५७६ | ९९३५ | २५६७८ | ३०७४६ |
| % | ४.२ | ४.४७ | ३.५ | ९ | ०.३८ | १.६२ | २.५३ | २.६८ |
| **श्रीलंका** | ४५३६१ | ६९६४० | ५६३१६ | १३३२८ | ४६३ | ४६०६ | २१८५१ | ३०२२७ |
| % | ४.८ | ५.९४ | ४.७ | ५.८ | ०.३ | ०.७५ | २.१५ | २.६३ |
| **जर्मनी** | २९९१८ | ३६८७९ | ३६६४१ | ५८९६ | २९२९ | १७७४२ | २६९८० | २९७९९ |
| % | ३.२ | ३.१७ | ३.१ | २.६ | १.९४ | २.८९ | २.६६ | २.६ |
| **द.कोरिया** | ३४३०१ | ३७२१८ | ३११०८ | ६९४४ | १२६३ | ८२४० | २३७४३ | २७०६८ |
| % | ३.६ | ३.१७ | २.५ | ३ | ०.८३६ | १.३४ | २.३४ | २.३६ |
| **फ्रान्स** | २६१४० | ३१८१० | ३०६४६ | ४५४० | २८२९ | १६९३३ | २३१६८ | २५११८ |
| % | २.८ | २.७१ | २.६ | २ | १.८७ | २.७५ | २.२८ | २.१९ |
| **जापान** | २७३२६ | २९८१७ | ३०५३४ | ५५९९ | ७८४ | ५७१४ | १६४६३ | २२८५४ |
| % | २.९ | २.५४ | २.६ | २.४ | ०.५१ | ०.९३ | १.६२ | १.९९ |
| **मलेसिया** | १८२८४ | २२८३३ | २१३२९ | ३४६० | ३३१ | ९५६९ | १८८०७ | २०९७३ |
| % | १.९४ | १.९५ | १.८ | १.५ | ०.२१ | १.५६ | १.८५ | १.८३ |
| **क्यानाडा** | १५१०५ | १७३१७ | १७१०२ | ३१०२ | २४३८ | ९७५५ | १४६९० | १६०७३ |
| % | १.६ | १.४८ | १.४ | १.३ | १.६१ | १.५९ | १.४५ | १.४ |
| **इटाली** | ११८४० | १५३४२ | १५६७६ | १५९९ | ६१३ | ६३८८ | १२९४८ | १४४७२ |
| % | १.३ | १.३१ | १.३ | ०.७ | ०.४ | १.०४ | १.२८ | १.२६ |
| **स्पेन** | १५९५३ | २०२१४ | १९३८३ | १६२५ | ११५१ | ८३४९ | १२३९३ | १३९६८ |
| % | १.७ | १.७२ | १.६ | ०.७ | ०.७६ | १.३६ | १.२२ | १०२२ |
| **म्यानमार** | ३०८५२ | ४१४०२ | ३६२७४ | २०९११ | ३४४ | २४२७ | १२९२९ | १२९१० |
| % | ३.३ | ३.५३ | ३ | ९.१ | ०.२२ | ०.३९ | १.२७ | १.१३ |
| **नेदरल्याण्ड** | १३३९३ | १५३५२ | १५०३४ | २५६३ | १३०३ | ७५१५ | १०७१८ | ११३९१ |
| % | १.४ | १.३१ | १.३ | १.१ | ०.८६ | १.२२ | १.०६ | ०.९९ |
| **अन्य देश** | १७४४६० | २१४७१८ | २०२५८९ | ३८९०८ | २६०१३ | ११४३०९ | १८५१९९ | २१३५०५ |
| % | १८.६ | १८.३ | १७.१ | १७ | १७.२३ | १८.५९१ | १८.२५ | १८.६१ |
| **जम्मा** | ९४०२१८ | ११७३०७२ | ११९७१९१ | २३००८५ | १५०९६२ | ६१४८६९ | १०१४८८२ | ११४७५४८ |

*(नेपाल पर्यटन वोर्ड, नेपाल पर्यटन तथ्याङ्क, २०२४, अध्यागमन विभाग नेपाल)*

अध्यागमन विभागको पछिल्लो तथ्याङ्क अनुसार सन् २०१७, २०१८ र २०१९ को तथ्याङ्क हेर्दा करिव १० लाख भन्दा बढी पर्यटक नेपाल भित्रिएको देखिएता पनि कोभिडका कारण सन् २०२० र २०२१ मा पर्यटकको सङ्ख्या लगभग २०१९ को तुलनामा लगभग ९० प्रतिशतले घटेको छ तर सन् २०२२ मा भने पर्यटक आगमनको सङ्ख्या पुनः बढेको छ ।

कोभिड महामारीका कारण लगभग २ वर्षसम्म पर्यटक व्यवसाय क्षेत्र सुनसान नै रहेको देखिन्छ। त्यस पछिका वर्षमा यस क्षेत्रमा बिस्तारै सुधार हुँदैं सन् २०२४ मा आईपुग्दा मात्र सन् २०१९ को जति सङ्ख्यामा पर्यटक नेपाल आउने गरेको देखिन्छ। हालका केही वर्षमा यो क्षेत्रमा क्रमशः सुधार हुँदै आएको पाइन्छ। सन् २०१८ मा विदेशी पर्यटक आगमनको सङ्ख्यामा अघिल्लो वर्षको तुलनामा २५ प्रतिशतले वृद्धि भएको थियो।

सन् २०१९ मा यो सङ्ख्या २.०५ प्रतिशतले वृद्धि भएको थियो भने २०२० र २०२१ मा आउँदा अघिल्लो वर्षको तुलनामा क्रमश ८०.७ प्रतिशत र ३४.३ प्रतिशतले घटेको थियो। यसको मुख्य कारण कोभिड १९ को महामारी थियो। हाल सन् २०२४ मा पर्यटक आगमनको सङ्ख्या करिव कोभिड अघिको वर्षको तहमा पुग्दै गरेको देखिन्छ। भारत, अमेरिका र चीनको बढ्दो आर्थिक हैसियत र कूल पर्यटक आगमनमा यी तीन देशको अत्यन्तै ठुलो हिस्सा रहेबाट नेपालको भरपर्दो र दिगो पर्यटक उद्‌गमस्थल मध्ये भारत, अमेरिका र चीन प्रमुख रहेको देखिन्छ। तसर्थ यी देशबाट बढी भन्दा बढी पर्यटक भित्र्याउने तर्फ हाम्रो प्रयास उन्मुख हुनु पर्दछ। साथै आन्तरिक पर्यटकहरूलाई आकर्षित गर्न विशेष योजना ल्याउन सकिने देखिन्छ।

वर्तमान अवस्थामा पर्यटन नेपालको प्रमुख आर्थिक एवं रोजगारीको क्षेत्र हो। देशमा विद्यमान र भविष्यमा विस्तार हुनसक्ने आर्थिक विकासका क्षेत्रलाई विचार गर्दा नेपालको सन्दर्भमा पर्यटन नै एक यस्तो क्षेत्र हो जसको माध्यमबाट देशले द्रुत, दिगो र भरपर्दो विकास गर्न सक्छ। निजी क्षेत्रहरूको स्वःस्फुर्त सहभागिता रहेको पर्यटन क्षेत्रले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा करिब १२ लाख बराबरको रोजगारका अवसरहरू सिर्जना गरेको अनुमान छ। यसका अतिरिक्त हाल तिव्र गतिमा फस्टाउँदै गएको आन्तरिक पर्यटनको माध्यमबाट स्थानीय स्तरमा स्वरोजगारका अवसरहरू पनि क्रमिक रूपमा विकसित हुँदै गैरहेका छन्। समग्रमा भन्नु पर्दा पर्यटन व्यवसाय राष्ट्रको एउटा भरपर्दो आर्थिक विकासको मेरुदण्ड हो।

## २.३ नेपालमा पर्यटन गुरुयोजनाको रूपरेखा

पहिलो राष्ट्रिय विकास योजना (१९५६-१९६०) को तर्जुमासँगै नेपालमा विविध प्रकारका पर्यटकीय सम्भावनाहरूको पहिचान र त्यसका लागी आवश्यक पूर्वाधारहरूको योजना अवधारणाको सुरुवात सन् १९५० को दशकतिर भएको थियो। त्यसबेलादेखि राष्ट्रिय स्तरमा प्रशस्त पर्यटन नीति नियम र

योजनाहरू तर्जुमा भएका छन् जसलाई हालको राष्ट्रिय पर्यटन रणनीतिक योजना (National Tourism Strategic Plan) मा सङ्क्षिप्त रूपमा समेटिएको छ ।

प्रथम पटक सन् १९५९ मा फ्रान्स सरकारको सहयोगमा फ्रान्सेली नागरिक जर्ज लेब्रेले "नेपाल पर्यटन विकास योजना (General Plan for the Organization of Tourism in Nepal)" तयार गरेका थिए । जर्ज लेब्रेचले आफ्नो योजनाको प्रारूपमा यहाँको उच्च हिमाली चुचुरा, मौलिक वनस्पति तथा जीवहरू झल्कने विविध प्रचार सामग्री, पर्यटन पुस्तिका, पोस्टर, हिमालय चित्रित गर्ने हुलाक टिकटहरू बनाउन सुझाब दिएका थिए । साथै नेपाल पर्यटन कार्यालय (Nepal Tourism Office) को निर्माण तथा पर्वतारोहण समेटिएको वृत्तचित्रहरू निर्माण गरी प्रचार प्रसार गर्न सुझाएका थिए । त्यस पश्चात् उनले सन् १९६४ र १९६६ मा दुईपटक नेपाल भ्रमण गरी अन्य दुई प्रतिवेदनहरू क्रमशः "Report on the Development Tourism"/"Report on Tourism in Nepal" तयार पारेका थिए ।

नेपालको प्रथम पर्यटन विकास गुरुयोजना जर्मन सरकारको सहयोगमा सन् १९७२ मा तयार गरिएको थियो । उक्त समयमा नेपालमा पर्यटन व्यवसाय भर्खर मात्र सुरु भएकाले थोरै मात्र पर्यटकहरू नेपाल आउने गरेको अवस्था थियो । सन् १९८२ अथवा दश वर्षपछि उक्त पर्यटन विकास गुरुयोजनालाई मूल्याङ्कन गर्दा त्यस वर्ष मात्रै करीब १ लाख ७७ हजार पर्यटकहरू नेपाल आएका थिए । त्यसपछि सन् १९९० मा एसियाली विकास बैङ्कको सहयोगमा दोस्रो पर्यटन विकास आयोजना सञ्चालन गरिएको थियो । आ.व. २०६५-०६६ को बजेट तथा कार्यक्रम अन्तर्गत देशका विभिन्न भागमा रहेका साँस्कृतिक, धार्मिक लगायतका पर्यटकीय स्थानहरूको व्यवस्थापन, निर्माण, मर्मत सम्भार तथा विकासका साथै पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत पर्यटन पूर्वाधार विकास आयोजनाको स्थापना गरिएको छ ।

### २.४ नेपालमा पर्यटन प्रवर्द्धनका प्रयासहरू

नेपाल, विश्वका आठ सर्वोच्च शिखरहरूको देश, प्राकृतिक र सांस्कृतिक विविधताको अनुपम संगम हो । सगरमाथाको देश, बुद्धको जन्मभूमि र हजारौं वर्ष पुरानो सभ्यताको धरोहरको रूपमा नेपालले विश्वभरका पर्यटकहरूलाई सधैं आकर्षित गर्दै आएको छ । यहाँको भौगोलिक विविधता, धार्मिक सहिष्णुता र न्यानो आतिथ्यले गर्दा पर्यटन नेपालको अर्थतन्त्रको एक महत्त्वपूर्ण आधारस्तम्भ बनेको छ । पर्यटन क्षेत्रलाई थप व्यवस्थित र दिगो बनाउनका लागि नेपाल सरकार तथा निजी क्षेत्रबाट

विभिन्न प्रयासहरू हुँदै आएका छन् । नेपालमा पर्यटन प्रवर्द्धनका लागि गरिएका प्रयासहरू बहुआयामिक छन् । नीति निर्माण, विशेष अभियान, पूर्वाधार विकास र सेवाको विस्तार जस्ता पहलहरूले नेपालको पर्यटनलाई एक व्यवस्थित र दिगो क्षेत्रको रूपमा विकास गर्न मद्दत गरेका छन् । यी प्रयासहरूले नेपालको पर्यटनलाई अन्तर्राष्ट्रिय बजारमा स्थापित गर्न र यसको महत्त्व बढाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

उत्तरी भागमा रहेको हिमालहरू मध्ये इ.सं. १९४९ मा अन्नपूर्ण हिमाल आरोहणका लागि खुला गरेसँगै नेपालमा पर्यटन सुरु भएको मानिन्छ । इ.सं. १९५१ मा नेपाललाई अन्तर्राष्ट्रिय पदयात्रीहरूका लागि खुला गरिएको थियो । सन् १९५३ मा एडमन्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पाको विश्वको सर्वोच्च शिखर सगरमाथा (Mount Everest) मा पुग्ने सफल प्रयाससँगै नेपालमा व्यावसायिक पर्यटन सुरु भएको थियो । इ.सं. १९९६ मा, श्री ५ को सरकारले "दिगो पर्यटन मार्फत दिगो वसोवास" भन्ने नाराका साथ आगन्तुकहरूका लागि विशेष गन्तव्यको रूपमा देशको छवि स्थापित गर्न १९९८ लाई "भ्रमण वर्ष १९९८" को रूपमा घोषणा गऱ्यो । त्यसबेलादेखि नेपालमा पर्यटन फस्टाउनको थालेको देखिन्छ । गन्तव्य नेपाल, २००२-२००३ अभियान तत्कालीन आन्तरिक द्वन्द्वका कारण पर्यटनमा परेको नकारात्मक प्रभावलाई कम गर्न र नेपाल सुरक्षित छ भन्ने सन्देश विश्वभर फैलाउनका लागि सुरु गरिएको थियो । यसले नेपालको छवि सुधार गर्न र पर्यटनलाई पुनर्जीवित गर्न महत्त्वपूर्ण भूमिका खेलेको थियो । इ.सं. १९९८ को पहिलो भ्रमण वर्ष पछि, नेपाल पर्यटन वर्ष २०११ मनाइएको थियो । त्यसपछि, २० लाख पर्यटक भित्र्याउने लक्ष्यका साथ नेपाल भ्रमण वर्ष २०२० मनाइएको छ । यो अभियान सुरुमा २०१८ मा आयोजना हुने भनिएको थियो तर पछि २०१५ को विनाशकारी गोरखा भूकम्प (७.८ रेक्टर स्केलको) का कारण विमानस्थल र सडक मर्मतमा भएको ढिलाइ र अन्य पुनर्निर्माण कार्यमा समेत भएको ढिलाइका कारण २०२० मा सारिएको थियो ।

पहिलो पर्यटन नीति, २०५२ नेपालको पर्यटन इतिहासमा एक महत्त्वपूर्ण कोशेढुङ्गा हो । यस नीतिको मुख्य उद्देश्य पर्यटन क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधार बनाउनु, रोजगारी सिर्जना गर्नु, र ग्रामीण क्षेत्रसम्म पर्यटनको विस्तार गर्नु रहेको थियो । यसले पर्यटनलाई वातावरणमैत्री र सांस्कृतिक रूपमा दिगो बनाउन पनि जोड दियो जसका कारण नेपालको पर्यटन विकासका लागि एक बलियो आधारशिला तयार भएको छ । यसका आधारमा पर्यटन ऐन र नियमावली जस्ता कानुनहरूले

पर्यटकहरूको सुरक्षा, पर्यटन व्यवसायहरूको दर्ता, नियमन र पर्यटनको गुणस्तर कायम गर्न मद्दत पुऱ्याएका छन् । नेपाल भ्रमण वर्ष, १९९८ नेपाल सरकारले आयोजना गरेको सबैभन्दा सफल अभियानहरूमध्ये एक थियो । "जहाँ हिमालहरू मुस्कुराउँछन्" भन्ने नाराका साथ चलाइएको यस अभियानले नेपालको पर्यटन क्षेत्रलाई अन्तर्राष्ट्रिय बजारमा बलियो गरी स्थापित गऱ्यो । यसको सफलताले नेपालमा पर्यटनको सम्भावना र यसको महत्त्वलाई उजागर गऱ्यो ।

अन्तर्राष्ट्रिय पर्यटकहरूलाई सहज पहुँच प्रदान गर्नका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता विस्तार गरिएको छ भने पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएका छन् । यसले नेपालमा पर्यटकहरूको आगमनलाई थप सहज बनाएको छ । त्यसका साथै दुर्गम पर्यटकीय स्थलहरूमा पहुँच बढाउनका लागि सडक सञ्जालको विस्तार गरिएको छ । साथै, अन्नपूर्ण सर्किट, एभरेस्ट बेस क्याम्प, मनास्लु, लगायतका प्रसिद्ध पदमार्गहरूको सुधार र व्यवस्थापनमा पनि विशेष ध्यान दिइएको छ ।

## २.५ नेपालको पहिलो पर्यटन नीति २०५२

नेपालको पर्यटन विकासको इतिहासमा २०५२ सालको पर्यटन नीति एक निर्णायक दस्तावेज हो । यसले पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रको एक प्रमुख आधारको रूपमा स्थापित गर्दै यसको दिगो विकासका लागि एक स्पष्ट मार्गचित्र प्रस्तुत गरेको थियो । तत्कालीन सरकारले पर्यटनको महत्त्वलाई बुझी, यसलाई केवल विदेशी मुद्रा आर्जनको साधनको रूपमा मात्र नहेरी, समग्र राष्ट्रिय विकास र गरिबी निवारणको माध्यम बनाउने उद्देश्यका साथ यो नीति तर्जुमा गरेको थियो । यस नीतिको सबैभन्दा महत्त्वपूर्ण उद्देश्य पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रको एक प्रमुख आधार बनाउनु थियो । "पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रको एक प्रमुख आधारको रूपमा विकसित गरी राष्ट्रिय आय र विदेशी मुद्रा आर्जनको प्रमुख स्रोत बनाउने, ग्रामीण क्षेत्रको प्राकृतिक तथा सांस्कृतिक विविधतालाई उपयोग गरी ग्रामीण पर्यटनको विकास गर्ने, पर्यटन उद्योगबाट रोजगारीका अवसरहरू सिर्जना गरी गरिबी निवारणमा योगदान पुऱ्याउने" जस्ता उद्देश्य यो नीतिले लिएको थियो । जसको फलस्वरूप नेपालमा होमस्टे (Homestay) को अवधारणाले गति पायो र अन्नपूर्ण क्षेत्रको घाँसेकुवा, लमजुङको घले गाउँजस्ता गाउँहरू होमस्टेका लागि प्रसिद्ध हुन थाले, धेरै युवाहरू गाइड, पोर्टर, र होटल व्यवसायमा संलग्न हुने क्रम विस्तार भयो, नेपालको पर्यटन क्षेत्रको न्मए मा योगदान बढ्न थाल्यो ।

यो नीतिमा साहसिक, धार्मिक, सांस्कृतिक, पारिस्थितिकीय र ग्रामीण पर्यटनलाई विशेष जोड दिइएको थियो जसका कारण पर्यटकको रुचिअनुसार नयाँ गन्तव्यहरूको पहिचान गर्न सहज हुँदै गयो । निजी क्षेत्रको लगानीलाई आकर्षित गर्न विभिन्न छुट र सुविधा दिने व्यवस्था गरिएका कारण नै पर्यटकीय पूर्वाधारहरूमा निजी लगानी बढ्यो, जसले होटल र ट्राभल एजेन्सीहरूमा प्रतिस्पर्धा बढाई सेवाको गुणस्तरमा सुधार ल्यायो । वातावरणको संरक्षण र प्रवर्द्धन गर्ने नीतिको फलस्वरूप नै अन्नपूर्ण संरक्षण क्षेत्र (ब्ऋब्ए) र सगरमाथा राष्ट्रिय निकुञ्जजस्ता क्षेत्रहरूमा वातावरणमैत्री नियमहरू बनाइए, जसले प्लास्टिकजन्य फोहोर व्यवस्थापनमा सहयोग पुऱ्याएको छ । यस नीतिको फलस्वरूप नै नेपालले १९९८ को भ्रमण वर्ष जस्ता सफल अभियानहरू सञ्चालन गर्न सक्यो र पर्यटकहरूको सङ्ख्यामा वृद्धि गर्न सफल भयो । यस नीतिको पूर्ण कार्यान्वयनका लागि आवश्यक पर्ने बजेटको अभाव, राजनीतिक अस्थिरता, र पूर्वाधारको अपर्याप्तता जस्ता कारणले गर्दा यसका सबै उद्देश्यहरू भने पूरा हुन नसकेता पनि यस नीतिले नेपालको पर्यटन विकासका लागि एक ठोस आधार भने तयार गर्न सफल भएको मान्न सकिन्छ ।

## २.६ नेपाल भ्रमण वर्ष, १९९८

नेपाल भ्रमण वर्ष, १९९८ (Visit Nepal Year, १९९८) नेपालको पर्यटन इतिहासमा एक दूरगामी महत्त्वको अभियान हो । सन् १९९० को दशकसम्म नेपालको पर्यटन सीमित क्षेत्र र गतिविधिहरूमा मात्र केन्द्रित थियो। विश्व पर्यटन बजारमा प्रतिस्पर्धा बढ्दै जाँदा नेपालले आफ्नो विशिष्टतालाई चिनाउन र पर्यटकहरूको सङ्ख्यामा वृद्धि गर्न आवश्यक थियो । यसै आवश्यकतालाई महसुस गरी नेपाल सरकारले सन् १९९८ लाई 'नेपाल भ्रमण वर्ष' को रूपमा मनाउने निर्णय गऱ्यो । यो अभियान नेपाल सरकारले राष्ट्रिय अर्थतन्त्रमा पर्यटनको योगदानलाई बढाउन, रोजगारी सिर्जना गर्न, र नेपाललाई विश्वको एक उत्कृष्ट गन्तव्यको रूपमा स्थापित गर्नका लागि सञ्चालन गरेको थियो । तत्कालीन समयमा राजनीतिक स्थिरताको वातावरणमा सुरु भएको यो अभियानले नेपालको पर्यटन प्रवर्द्धनको इतिहासमा नयाँ अध्यायको सुरुवात गऱ्यो । यसको प्रमुख लक्ष्य ५ लाख विदेशी पर्यटक भित्र्याउने थियो । विभिन्न अन्तर्राष्ट्रिय पर्यटन मेलाहरूमा सहभागिता जनाएर, विदेशी सञ्चार माध्यमहरूमा विज्ञापन दिएर, र ट्राभल एजेन्टहरूका लागि विशेष प्याकेजहरू तयार पारेर नेपालको प्रवर्द्धन गऱ्यो । "जहाँ हिमालहरू मुस्कुराउँछन्" (Where the Mountains Smile) भन्दै चलाइएको यो अभियानका क्रममा देशको प्रमुख विमानस्थल, होटलहरू, रेस्टुरेन्टहरू, र पदमार्गहरूमा सुधार गरियो,

जसका कारण पर्यटन क्षेत्रमा नयाँ उत्साह सिर्जना गरेको थियो । यस अभियानले नेपालको अन्तर्राष्ट्रिय पहिचानलाई अझ बलियो बनाउनुका साथै विश्वभरका पत्रपत्रिका, टेलिभिजन च्यानल, र ट्राभल म्यागजिनहरूमा नेपालबारे सकारात्मक समाचारहरू प्रकाशित भए, जसले नेपाललाई एक आकर्षक पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्न मद्दत गऱ्यो । फलस्वरूप १९९७ मा ४,२१,८५७ पर्यटक नेपाल आएका थिए भने १९९८ मा यो सङ्ख्या बढेर ४,६३,६८४ पुगेको थियो ।

## २.७ गन्तव्य नेपाल वर्ष, २००२-२००३

नेपालको पर्यटन इतिहासमा सन् २००२-२००३ एक चुनौतीपूर्ण अवधि थियो । सन् २००० को दशकको सुरुमा नेपालमा चलिरहेको आन्तरिक द्वन्द्वले राष्ट्रिय अर्थतन्त्रका अन्य क्षेत्रहरूजस्तै पर्यटनमा पनि गम्भीर असर पारेको थियो । सन् २००० मा करिब ४.९२ लाख विदेशी पर्यटक नेपाल आएका थिए । तर, सन् २००१ मा यो सङ्ख्या घटेर ३.६१ लाखमा झरेको थियो, जुन अघिल्लो वर्षको तुलनामा २६.६% को गिरावट थियो । तत्कालीन राजनीतिक अस्थिरता र माओवादी द्वन्द्वका कारण अन्तर्राष्ट्रिय बजारमा नेपालको सुरक्षाबारे नकारात्मक धारणा फैलिएको थियो, जसले गर्दा पर्यटकहरूको आगमनमा भारी गिरावट आएको थियो । यही संकटपूर्ण अवस्थालाई सम्बोधन गर्न र पर्यटन क्षेत्रलाई पुनरुत्थान गर्ने उद्देश्यका साथ सरकारले गन्तव्य नेपाल वर्ष, २००२-२००३ (Destination Nepal २००२-२००३) नामक विशेष अभियान 'शान्तिका लागि पर्यटन' (Tourism for Peace) भन्ने अवधारणालाई विश्वभर फैलाउनु लक्ष्यका साथ सञ्चालन गरिएको थियो । यो अभियानले प्रतिकूल परिस्थितिमा पनि नेपालको पर्यटनलाई बचाउन र भविष्यका लागि आधार तयार गर्न महत्त्वपूर्ण भूमिका खेलेको थियो । फलस्वरूप सन् २००१ मा ३,६१,२३७ पर्यटक आएकोमा सन् २००२ मा यो सङ्ख्या बढेर ३,९६,९३० पुगेको थियो, जुन करिब १०% को वृद्धि थियो । सन् २००३ मा यो सङ्ख्या पुनः बढेर ३,७५,३२८ पुग्यो ।

## २.८ नेपाल पर्यटन वर्ष, २०११

नेपालको पर्यटन प्रवर्द्धनको इतिहासमा नेपाल पर्यटन वर्ष, २०११ (Nepal Tourism Year, २०११) अर्को एक सफल र महत्त्वपूर्ण अध्याय हो । सन् १९९८ को नेपाल भ्रमण वर्षको सफलतापछि पनि नेपालको पर्यटन क्षेत्र राजनीतिक अस्थिरता, आन्तरिक द्वन्द्व र विश्वव्यापी आर्थिक मन्दीजस्ता चुनौतीहरूबाट गुज्रिएको थियो । सोही चुनौतीलाई चिर्ने अभिप्रायका साथ सरकारले यो अभियान सञ्चालन गरेको थियो । यस अभियानको मुख्य लक्ष्य नेपाललाई अन्तर्राष्ट्रिय पर्यटन बजारमा थप

बलियो रूपमा स्थापित गर्नु, पर्यटकहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि गर्नु र पर्यटनलाई समग्र आर्थिक विकासको एक महत्त्वपूर्ण माध्यम बनाउनु थियो ।

नेपालले वर्षभरिमा १० लाख विदेशी पर्यटन भित्र्याउने लक्ष्यसहित घोषणा गरिएको यस अभियानको मुख्य लक्ष्य नेपाललाई साहसिक, धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटनका लागि एक उत्कृष्ट गन्तव्यको रूपमा स्थापित गर्नु थियो । नेपाल पर्यटन वर्ष, २०११ ले विमानस्थलहरूको सुधार, सडक सञ्जालको मर्मत र होटल तथा लजहरूको क्षमता विस्तार, पर्यटक गाइडहरूका लागि विशेष तालिमहरू सञ्चालन गरी सेवाको गुणस्तरमा सुधार, नेपालीहरूमा आफ्नो देश घुम्ने संस्कृति विकास गर्न मद्दत गर्ने जस्ता नेपालको पर्यटन क्षेत्रमा अत्यन्तै सकारात्मक र दूरगामी प्रभाव पारेको छ । नतिजा स्वरूप पर्यटनको प्रवर्द्धन गर्नका लागि सरकार, निजी क्षेत्र, र स्थानीय समुदायको संयुक्त प्रयास कति महत्त्वपूर्ण हुन्छ भन्ने कुराको पनि पुष्टि गर्दै, सन् २०१० मा ६ लाख २ हजार ८ सय ६७ पर्यटक नेपाल आएकोमा सन् २०११ मा यो सङ्ख्या बढेर ७ लाख ३६ हजार २ सय १५ पुगेको थियो, जुन २२% को वृद्धि भएको थियो ।

### २.९ विश्व पर्यटन दिवस (सेप्टेम्बर २७)

विश्वमा पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यका साथ हरेक वर्ष सेप्टेम्बर २७ मा विश्व पर्यटन दिवस मनाउने भनी सुरुवात संयुक्त राष्ट्र विश्व पर्यटन संगठन (United Nations World Tourism Organization – UNWTO) ले गरेको हो । सन् १९७९ मा स्पेनको टोर्रेमोलिनोसमा UNWTO को तेस्रो महासभामा विश्व पर्यटन दिवस मनाउने निर्णय गरिएको थियो । यस निर्णयपश्चात् पहिलो पटक सन् १९८० मा विश्व पर्यटन दिवस मनाइएको थियो । यस दिवसले पर्यटनको सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक महत्त्वका बारेमा विश्वव्यापी चेतना फैलाउने उद्देश्य राख्छ । पर्यटनले विश्वभरका समुदायहरूको जीवनस्तरमा पार्ने सकारात्मक प्रभावलाई उजागर गर्न र यस क्षेत्रका चुनौती तथा अवसरहरूमाथि छलफल गर्न यो दिवस एक महत्त्वपूर्ण अवसरको रूपमा स्थापित भएको छ ।

यस दिनलाई संयुक्त राष्ट्रसंघको दिगो विकासका लक्ष्यहरू (Sustainable Development Goals – SDGs) सँग जोडेर मनाइन्छ । यस दिवसको लागि हरेक वर्ष "पर्यटन र ग्रामीण विकास" (२०२०), "पर्यटनका लागि समावेशी विकास" (२०२१) जस्ता फरक-फरक थीम निर्धारण गर्ने गरिन्छ । यस दिवसले सरकारहरूलाई पर्यटन नीतिहरूमा सुधार गर्न, पर्यटन पूर्वाधारमा लगानी गर्न र पर्यटनलाई

राष्ट्रिय प्राथमिकतामा राख्नका लागि प्रेरित गर्छ । यस दिन पर्यटकहरूको स्वागत, विभिन्न पदयात्राहरूको आयोजना, पर्यटनसम्बन्धी गोष्ठी तथा कार्यशालाहरू सञ्चालन गर्ने गरिन्छ । त्यसैगरी यस दिन पर्यटन स्थलहरू, संग्रहालयहरू, र होटलहरूले विशेष छुट वा निःशुल्क प्रवेशको व्यवस्था, सामाजिक सञ्जालमा विभिन्न ह्यासट्याग (Hashtag) अभियानहरू सञ्चालन गर्ने जस्ता औपचारिक अनौपचारिक कार्यक्रमहरू सञ्चालन गर्ने गरिन्छ । नेपालमा पनि यो दिवस बिभिन्न कार्यक्रम आयोजना गरी मनाउने गरिन्छ । यस दिवसले पर्यटनलाई आर्थिक विकास, सांस्कृतिक आदानप्रदान र अन्तर्राष्ट्रिय सद्भावको माध्यमको रूपमा स्थापित गर्न सफल भएको छ । नेपालजस्तो पर्यटनमा आधारित अर्थतन्त्र भएको देशका लागि यो दिवस अझ बढी महत्त्वपूर्ण छ ।

### २.१० भिजिट नेपाल वर्ष २०२०

नेपालको पर्यटन प्रवर्द्धनको इतिहासमा भिजिट नेपाल वर्ष २०२० एक महत्त्वाकांक्षी र बहुप्रतीक्षित राष्ट्रिय अभियान थियो । सन् १९९८ र २०११ का सफल पर्यटन वर्षहरूबाट प्राप्त अनुभवका आधारमा नेपाल सरकारले यस अभियानको घोषणा गरेको थियो । यसको मुख्य लक्ष्य नेपालको पर्यटन क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउनु, पर्यटकहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि गर्नु र पर्यटनलाई देशको आर्थिक विकासको एक प्रमुख माध्यम बनाउनु रहेको थियो । भिजिट नेपाल वर्ष २०२० को औपचारिक सुरुवात १ जनवरी २०२० मा काठमाडौँको दशरथ रङ्गशालामा भव्य समारोहका साथ भएको थियो । भिजिट नेपाल वर्ष २०२० को उद्देश्य विगतका पर्यटन वर्षहरूभन्दा धेरै गुणा ठूलो र महत्त्वाकांक्षी रहेको थियो जसको नारा "जीवनको अनुभव" (Lifetime Experiences) रहेको थियो । यो नाराले नेपालको भ्रमण केवल एक साधारण यात्रा मात्र नभई जीवनभर सम्झनायोग्य र अविस्मरणीय अनुभव हो भन्ने सन्देश दिने उद्देश्य राखेको थियो । अभियानलाई सफल बनाउनका लागि विभिन्न पूर्वाधारको विकासमा जोड दिइएको थियो । अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्नका लागि विभिन्न देशमा सडक प्रदर्शनी (Road Show) र अन्तर्राष्ट्रिय पर्यटन मेलाहरूमा सहभागिता जनाइएको, विभिन्न अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूमा नेपालबारे प्रचार सामग्रीहरू पनि प्रकाशित गरिएको, पर्यटकहरूलाई गुणस्तरीय सेवा प्रदान गर्नका लागि विभिन्न तालिम र कार्यशालाहरू आयोजना गरिएको थियो । तर सन् २०२० को मार्च महिनामा विश्वभर फैलिएको कोभिड-१९ महामारीका कारण नेपालमा लकडाउन घोषणा गरियो र अन्तर्राष्ट्रिय उडानहरू बन्द गरिए। यसले गर्दा यो अभियान सुरु भएको तीन महिनामै स्थगित गर्नुपऱ्यो । सन् २०१९ मा ११ लाख ९७ हजार पर्यटक नेपाल आएका थिए भने २०२० मा

यो सङ्ख्या घटेर २ लाख ३० हजार मात्रै रह्यो, जुन करिब ८०% को गिरावट थियो । यसको सुरुवात उत्साहजनक भए पनि विश्वव्यापी महामारीका कारण यसले आफ्नो लक्ष्य हासिल गर्न सकेन । कोभिड-१९ महामारीले भिजिट नेपाल वर्षको लक्ष्यलाई पूर्ण रूपमा असफल बनाइदियो । यद्यपि, महामारीका कारण अभियान स्थगित भए पनि यसका लागि तयार पारिएका पूर्वाधार, योजनाहरू, र प्रचार सामग्रीहरूले भविष्यमा पर्यटन पुनरुत्थानका लागि महत्त्वपूर्ण आधार तयार पारेका छन् । यस अभियानले नेपालको पर्यटन क्षेत्रलाई आधुनिक र व्यवस्थित बनाउने दिशामा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । यस अभियानको असफलतालाई केवल महामारीको कारणले भएको एक दुर्घटनाको रूपमा हेर्नुपर्छ । यसले नेपालको पर्यटन क्षेत्रलाई भोलिको दिनमा आउन सक्ने चुनौतीहरूका लागि तयार रहन र लचिलो रणनीतिहरू अपनाउनुपर्छ भन्ने महत्त्वपूर्ण पाठ सिकाएको छ ।

## २.११ पर्यटन नीति २०६५

दश वर्षे लामो माओवादी जनयुद्ध र ऐतिहासिक जनआन्दोलनको परिणाम स्वरूप सम्पन्न बृहत् शान्ति सम्झौता पश्चात् सुरू भएको शान्ति प्रक्रिया सँगसँगै सम्पन्न निर्वाचनद्वारा संविधान सभाको गठन पछिको अवस्थामा परिवर्तनका सकारात्मक उपलब्धि स्वरूप सन् २००७ मा पाँच लाखभन्दा बढी पर्यटक नेपाल भित्रिएबाट मुलुकमा पर्यटक आवगमनको सङ्ख्यामा वृद्धि मात्र नभई यस व्यवसायमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्ताको लगानी गर्ने चाहनामा वृद्धि हुन गएका संकेतहरू देखा परेका थिए । यसै परिप्रेक्ष्यमा नेपाल सरकारले आर्थिक विकासका लागि पर्यटन प्रवर्द्धनको आवश्यकतालाई पहिचान गरी आ.व. २०६५/०६६ देखि नेपालमा पर्यटनलाई नयाँ आर्थिक विका नीतिको उच्च प्राथमिकतामा राखी यसको विकासको लागि सम्बद्ध सबै मन्त्रालयका नीति तथा कार्यक्रमहरूलाई पर्यटन प्रवर्द्धनोन्मुख हुने गरी पर्यटन नीति २०५२ लाई परिमार्जन गरी नयाँ नीति ल्याउने घोषणा गरे अनुसार पर्यटन नीति २०६५ तर्जुमा गरिएको थियो । उक्त नीतिको दीर्घकालीन दृष्टिकोण र लक्ष्य निम्न बमोजिम रहेको छ ।

(क) दीर्घकालीन दृष्टिकोणः “नेपालको प्राकृतिक, साँस्कृतिक, जैविक एवं मानवनिर्मित सम्पदाहरूको संरक्षण तथा प्रवर्द्धन गर्दै नेपाललाई विश्व मानचित्रमा आकर्षक, रमणीय र सुरक्षित गन्तव्यको रूपमा विकास गर्ने”

(ख) लक्ष्यः "राष्ट्रिय सम्पदाहरूलाई दिगो उपयोगको माध्यमबाट पर्यटकीय क्रियाकलापमा प्रयोग गरी राष्ट्रिय आयमा पर्यटन क्षेत्रको योगदानलाई उल्लेख्य मात्रामा वृद्धि गराई जनताको जीवनस्तरमा सुधार ल्याउने"

(ग) उद्देश्यहरूः उल्लेखित दीर्घकालीन दृष्टिकोण तथा लक्ष्य प्राप्तिको लागि निम्नलिखित चार उद्देश्यहरू निर्धारण गरिएको छ ।

(१) पर्यटन क्षेत्रको विविधीकरण र विस्तारद्वारा सर्वसाधारण नागरिकमा स्वरोजगारको सिर्जना गरी पर्या-पर्यटन र ग्रामीण पर्यटनलाई गरिबी निवारणसँग आबद्ध गराई उनीहरूको जीवनस्तरमा सुधार गर्न पर्यटन उद्योगको प्रवर्द्धन गरी यसलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रूपमा विकास गर्ने ।

(२) देशका मूर्त-अमूर्त, प्राकृतिक, साँस्कृतिक, जैविक तथा मानव निर्मित सम्पदाहरूको खोज, संरक्षण, सम्बर्धन एवं विकास गरी नेपाललाई पर्यटकीय दृष्टिले आकर्षक र प्रमुख गन्तव्यको रूपमा विकास गर्ने ।

(३) सुलभ, सुरक्षित, भरपर्दो र नियमित हवाई तथा स्थल यातायातको माध्यमद्वारा पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन गर्ने ।

(४) पर्यटकीय पूर्वाधारको विकास र निर्माणको क्रममा प्राकृतिक स्रोत र साधनको वातावरणमैत्री दिगो रूपमा उपयोग गर्ने ।

पर्यटन नीति २०६५ ले लिएका उल्लेखित लक्ष्यहरू हासिल गर्न दस्तावेजमा २६ ओटा पर्यटन विकासका नीतिहरू तयार गरिएको छ । उल्लेखित नीतिहरूमा मूलत प्रवर्द्धनात्मक कार्यहरू, ग्रामीण पर्यटन विकास, आन्तरिक पर्यटन प्रवर्द्धन, पर्यटन विविधीकरण, विस्तार र विकास, हवाई सेवाको विकास, सरकारी तथा निजि क्षेत्रको भूमिका, मानव संसाधन विकास, पर्या-पर्यटन, सूचना प्रविधिको उपयोग, पर्यटकीय सुरक्षा र संकट व्यवस्थापन लगायतका विषयहरू समेटिएका छन् । प्रत्येक नीतिको प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि बेग्ला बेग्लै रणनीति र कार्यनीतिहरू अवलम्बन गर्ने निर्धारण गरिएको छ ।

यो पर्यटन नीति २०६५ हालसम्म पनि प्रभावकारी छ, यद्यपी पछिल्ला वर्षहरूमा देखिएका परिवर्तित सामाजिक, आर्थिक र राजनीतिक घटनाहरूको परिप्रेक्ष्यमा यस नीतिमाथि समीक्षा गर्न आवश्यक छ। पर्यटन नीति २०६५ तर्जुमा सँगै नेपालका लागि पर्यटन गुरूयोजना २०६५ पनि सोही समयमा विकास गरिएको थियो तर निजी क्षेत्रको विचारहरूलाई सही रूपमा प्रतिबिम्बित गर्न नसकेको गुनासो आएका कारणले यो योजना सरकारद्वारा लागु गरिएन ।

## २.१२ पर्यटन परिलक्ष्य २०२०

सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले निजी क्षेत्रहरूसँगको साझेदारीमा पर्यटन क्षेत्रको समग्र विकासलाई मार्गदर्शन गर्न र सन् २०२० सम्म हासिल गर्ने लक्ष्य निर्धारण गर्नका लागि पर्यटन परिलक्ष्य २०२० (Tourism Vision २०२०) को तर्जुमा गरेको थियो । यसको दीर्घकालीन दृष्टिकोण (Vision) तथा लक्ष्य (Goal) यस प्रकार रहेको थियो ।

दीर्घकालीन दृष्टिकोणः "Tourism is valued as the major contributor to sustainable Nepalese economy, having developed as an attractive, safe, exciting and unique destination through conservation and promotion, leading to equitable distribution of tourism benefits and greater harmony in society."

*"पर्यटनलाई नेपालको अर्थतन्त्रको दिगोपनाका लागि मुख्य योगदान पुऱ्याउने क्षेत्रको रुपमा स्विकार गर्दै, यसको संरक्षण तथा प्रवर्द्धनका माध्यमबाट आकर्षक, सुरक्षित, रोमाञ्चक र अद्वितीय नमुना गन्तव्यको रुपमा विकास गर्ने, पर्यटन क्षेत्रबाट हुने लाभलाई समतामुलक वितरण गर्ने र वृहत् सामाजिक सद्भाव कायम गर्न सघाउ पुऱ्याउने"*

नेपालको दिगो आर्थिक विकासका लागि पर्यटनलाई एक महत्त्वपूर्ण क्षेत्रको रुपमा लिइएको छ । जसलाई आकर्षक, सुरक्षित र मनोरम गन्तव्य स्थलको रुपमा विकसित गरी यसबाट प्राप्त प्रतिफललाई समान ढङ्गले वितरण गरी सामाजिक सौहार्दता प्रवर्द्धन गर्ने दृष्टिकोण लिइएको थियो । यसका दुई मुख्य लक्ष्यहरू यसप्रकार रहेका थिए :

१. सन् २०२० सम्म २० लाख अन्तर्राष्ट्रिय पर्यटकलाई नेपाल भित्र्याउने,

२. आर्थिक अवसरहरू वृद्धि गर्ने र पर्यटन सम्बद्ध रोजगारिको अवसर १० लाख पुऱ्याउने ।

पर्यटन लक्ष्य २०२० मा निम्न बमोजिमका मुख्य उद्देश्यहरू रहेका थिए जसमा प्रत्येक उद्देश्यसँग सम्बन्धित रणनीतिहरू पनि समावेश गरिएको थियो ।

१. महिला तथा सिमान्तकृत समुदायहरूलाई केन्द्रमा राखी एकीकृत पर्यटन पूर्वाधार विकास, पर्यटन गतिविधि तथा उत्पादनमा वृद्धि मार्फत ग्रामीण क्षेत्रहरूमा रोजगारी सिर्जना गरी आम जनताको जीवनस्तर उकास्न टेवा पुयाउने,
२. सहज र सक्षम संस्थागत वातावरण तयार गरी पर्यटन विकासलाई नेपालको सामाजिक तथा आर्थिक विकासको मुलधारमा ल्याएर पर्यटन विकासलाई व्यापक आधारभूत विकासको क्षेत्रको रूपमा विकास गर्ने,
३. पर्यटकीय गतिविधिहरूमा सहभागी हुनसक्ने गरी समुदायको क्षमता अभिवृद्धि गरी पर्यटन उत्पादन तथा सेवा विस्तारका नयाँ र सम्भावित क्षेत्रहरूको पहिचान गर्ने,
४. अन्तर्राष्ट्रिय पर्यटन बजारमा रहेको नेपालको पर्यटनको सुन्दर छविको बारेमा प्रकाशन तथा प्रचार-प्रसार गर्ने,
५. उड्डयन सुरक्षा अभिवृद्धि गर्दै विभिन्न शहर, देश तथा क्षेत्रहरूसँग हवाई सम्बन्ध (Air Connectivity) विस्तार गर्ने तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता र सुविधाहरू विस्तार र सुधार गर्ने,
६. नयाँ पर्यटकीय पूर्वाधार, सुविधा उत्पादन र सेवाहरू सिर्जना गर्न थप लगानी आकर्षित गर्ने ।

यस दस्तावेजमा उल्लेखित उद्देश्यहरू हासिल गर्न ३६ ओटा रणनीतिहरूका साथै २० ओटा अल्पकालीन र ११ ओटा दीर्घकालीन कार्ययोजनाहरूको एउटा सूची पनि प्रस्तुत गरिएको थियो । ती मध्ये अधिकांश बुँदाहरू पर्यटन गन्तव्य क्षेत्र योजनामा केन्द्रित थिए । विशेष गरी देशभित्र विशेष पर्यटकीय केन्द्रहरू विकास गर्नु यसको उद्देश्य रहेको थियो । समग्रमा पर्यटन लक्ष्य २०२० ले नेपालमा पर्यटन विकासका लागि सन् २०२० भित्र अवलम्बन गर्ने उद्देश्य तथा रणनीतिहरू सङ्क्षिप्त र स्पष्ट रूपमा समेटेको थियो तथापि उक्त योजना कार्यान्वयन गर्न आवश्यक एक विस्तृत कार्ययोजना तर्जुमा गर्न नसक्नु यस दस्तावेजको सबैभन्दा ठूलो कमजोरी रहेको पाइन्छ ।

पर्यटन परिलक्ष्य २०२० मा उल्लेखित पहिलो उद्देश्य परिपूर्ति गर्नका लागि अवलम्बन गरिने रणनीतिमा पर्यटकीय गन्तव्यहरू, पर्यटकीय क्रियाकलापहरू तथा उपलब्ध पूर्वाधारहरूको आधारमा प्रत्येक

साविकका विकास क्षेत्रका सबै इकोलोजीकल जोनहरू हिमाल, पहाड र तराईका एक एक जिल्लाहरू छनौट गरी पर्यटन केन्द्रको (Tourism Hub) को रुपममा विकास गर्ने रणनीति रहेको थियो ।

## २.१३ राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६-२०२५)

सन् २०१३ अघिदेखि नै कुनै पनि पर्यटन नीति, रणनीति तथा योजनाहरू तर्जुमा गर्दा उक्त नीति, रणनीति तथा योजनाहरूलाई सहयोग पुग्ने गरी विस्तृत विवरण सहितको कार्यान्वयन कार्ययोजनाहरू तयार गरिएको छैन जसले सरकार तथा यसका सहभागीहरूबाट यस क्षेत्रको विकास गर्न गरिएका प्रयासहरूलाई निर्देशित गर्न सकोस् । यसै सन्दर्भमा भूकम्प र नाकाबन्दीले थला परेको पर्यटन क्षेत्रको बारेमा सकारात्मक सन्देश प्रवाह गर्दै नेपाली पर्यटनलाई विश्वव्यापीकरण गर्ने उद्देश्यले सरकारले १० वर्षे रणनीतिक योजना अघि बढाएको थियो । उक्त योजना कार्यान्वयनको लागि साढे ६ अर्बको बजेट प्रस्ताव गरिएको थियो । यस राष्ट्रिय पर्यटन रणनीतिक कार्य योजना (२०१५- २०२४) (पछि अद्यावधिक गरिएको राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६-२०२५) को मूल लक्ष्य "प्राविधिक तथा वित्तीय सहयोगको माध्यमबाट तीव्र आर्थिक वृद्धि तथा रोजगार सिर्जनाका लागि पर्यटन उद्योगलाई एक प्रमुख उत्प्रेरकको रूपमा विकास गर्न सरकार र सरोकारवालाहरूको लागि आर्थिक विकासको दीर्घकालीन दृष्टिकोण सहितको एक मार्ग निर्देशक ढाँचा निर्माण गर्नु" हो ।

यस रणनीतिक योजनामा समावेश ६ वटा विशिष्ट उद्देश्यहरू निम्न बमोजिम छन् :

१. पर्यटन मार्फत राजस्व तथा रोजगारीका अवसरहरूको वृद्धि गरी प्रतिव्यक्ति गार्हस्थ्य उत्पादन ( Gross Doemstic Production-GDP) वृद्धिमा योगदान पुयाउने,
२. देशको पर्यटन व्यवसायप्रतिको आकर्षण बढाउने र सेवाहरूको विकास तथा विविधीकरण गर्ने,
३. देशको स्थिरता, पर्यावरण र सँस्कृतिलाई हानी नोक्सानी नगरी पर्यटक आगमनमा वृद्धि गर्ने,
४. प्रमुख पर्यटन वस्तु उत्पादन बजारमा नेपाली उत्पादनका ब्रान्डहरू स्थापना गर्ने,
५. पर्यटन सम्बद्ध मानव संसाधन तथा उत्पादनको गुणस्तर सुधार गर्ने,
६. सामुदायिक सहभागितालाई प्रोत्साहित गर्ने र गरिबी कम गर्ने ।

हाल यो रणनीतिक योजना कार्यान्वयनको अन्तिम वर्ष चलिरहेको छ । सरकारले यसको समयसापेक्ष परिमार्जन गर्ने क्रममा रहेको देखिन्छ ।

## २.१४ सम्बन्धित क्षेत्रीय तथा स्थानीय पर्यटन योजना

उच्च हिमाली भागमा अवस्थित नार्पा भूमि गाउँपालिका ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं प्राकृतिक हिसाबले अपार पर्यटकीय सम्भावना भएको क्षेत्र हो तर हालसम्म पालिकास्तरबाट पर्यटन सम्बन्धी कुनै पनि किसिमका योजना बनिसकेका छैनन् । यसलाई मध्यनजर गरी यस क्षेत्रको पर्यटन विकास तथा प्रवर्द्धनका लागि केही बजेट विनियोजन गरेको छ ।

## २.१५ पर्यटनको महत्त्व

आर्थिक रूपमा पर्यटनको महत्त्व सर्वाधिक रूपमा बढिरहेको छ । सन् १९६० को दशक अगाडि पर्यटन उद्योग वा व्यवसायबाट हुने आम्दानीलाई त्यति महत्त्व दिइएको थिएन । त्यसपछि प्रायः सबैजसो देशहरूले यसलाई वैदेशिक मुद्रा आर्जन गर्ने मुख्य माध्यम ठानी त्यसै अनुसारका रणनीति र योजनाहरू बनाए । त्यसपछि क्रमशः राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यटन गतिविधिहरू तीव्ररूपमा अगाडि बढे । तब यसले आन्तरिक विकास, देशको गार्हस्थ्य उत्पादन, प्रतिव्यक्ति आय तथा राष्ट्रिय आय बढाउनुका साथै ठूला तथा घरेलु उद्योग र उत्पादनमा वृद्धि गराएको, बेरोजगारी समस्या कम गराएको, शोधानान्तर स्थिति सुध्रिएको जस्ता प्रत्यक्ष आर्थिक क्रियाकलापहरूमा प्रभाव पारेकाले पर्यटन क्षेत्र आर्थिक महत्त्वको विषय बन्न गएको छ । विशेषगरी एसियामा पर्यटन व्यवसायबाट चीन, भारत, जापान लगायतका देशहरूले आफ्नो स्थितिलाई मजबुत पारेका छन् । पर्यटनको आर्थिक महत्त्वलाई दृष्टिगत गरी सन् १९६३ मा रोममा भएको अन्तर्राष्ट्रिय पर्यटन सम्मेलन, सन् १९८० को मनिला सम्मेलन लगायत पाटा (Pacific Asia Travel Association- PATA), संयुक्त राष्ट्रसंघ, विश्व बैङ्क आदिले आर्थिक गतिविधिको सफल पक्ष भनी स्वीकार गरी पर्यटनको विस्तार र यसको विकासलाई प्राथमिकताको सूचीमा राखेका छन् ।

कुनै पनि राष्ट्रको विकासलाई औद्योगिकीकरणले विशेष भूमिका निर्वाह गरेको हुन्छ । यद्यपी पर्यटनलाई पनि एउटा उद्योगकै रूपमा हेरी पर्यटन सेवामुखी उद्योग भन्ने गरिन्छ । तर पनि कुनै देश वा स्थान विशेषमा भएको पर्यटन प्रवर्द्धन एवं विकासले त्यस क्षेत्रमा प्रयोग हुने अन्य वस्तुहरूको उत्पादन र उद्योग कलकारखानाहरूको वृद्धि समेत गराउँदछ । जस्तैः उपभोग्य उत्पादन, लत्ता कपडा उद्योग, होटेल, रेष्टुरा, लज र पर्यटकीय क्षेत्रमा आवश्यक पर्ने उत्पादनहरू, स्थानीय कलाका उपहार योग्य

वस्तु, क्युरियो एवं सजावटका सामान लगायत विभिन्न सामानहरू उत्पादन गर्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय उद्योगधन्दा लगायत स्थानीय घरेलु उद्योग धन्दाहरूको वृद्धि गराउने काम पनि पर्यटनले गर्दछ ।

विश्व बजारमा देखिएको पर्यटन क्षेत्रका बारेको अनुभव र सिकाईका पदचापलाई पछ्याउँदै नेपाल पनि अघि बढिरहेको पाइन्छ । विगतमा नेपालको गतिविधि पर्यटन विकासको अनुकूल नरहे पनि पर्यटन क्षेत्रले राष्ट्रिय आम्दानीमा योगदान गरिरहेको सन्दर्भमा हालका दिनमा यस क्षेत्रमा योजनाबद्ध विकासको कार्य गरिरहेको पाइन्छ । हालका वर्षहरूमा नेपालको आन्तरिक गतिविधि पनि पर्यटन विकासको अनुकूल देखिएबाट यसको आर्थिक महत्त्व झन् बढेको छ ।

पर्यटन विकासका लागि नेपाल सरकारले उच्च प्राथमिकताका साथ नीति तथा कार्यक्रमहरू सञ्चालन गरेता पनि नेपालमा पर्यटनको सङ्ख्यामा खासै सुधार आउन सकेको छैन । सर्वप्रथम सरकारले बजेट विनियोजनमा यथेष्ट प्राथमिकता र महत्त्व दिएको देखिँदैन । यद्यपी यो सुधारोन्मुख छ । आर्थिक वर्ष २०७५/७६ को बजेट विनियोजनमा पर्यटन विकासका लागि जम्मा ५ अर्ब ९२ करोड मात्र छुट्याइएको थियो । लगत्तै कोभिड महामारीको कारण देश भित्र र बाहिर आवतजावतको प्रक्रियामा रोकावट आउनाले यो क्षेत्र करिव सुस्त नै जस्तो भइसकेको परिस्थिति रहेको थियो । पछिल्ला वर्षमा भने केही सुधारात्मक पक्ष विस्तार भएको भएता पनि लगानीमा हुने सीमितता, सरकारले गर्ने न्युन वजेट विनियोजन, देशभित्र व्यावसायिक वातावरण पुर्ण गतिशिल हुन नसक्नु जस्ता कारणले गर्दा यस क्षेत्रको विकास न्युन रहेको भन्न सकिन्छ । हाम्रो प्राकृतिक, सामाजिक, भौगोलिक र साँस्कृतिक सम्भावनाको आधारमा यो सङ्ख्या ज्यादै न्युन हो । खासै भन्ने हो भने नेपाल आउने पर्यटकहरू मध्ये प्रशस्त खर्च गर्न सक्नेको सङ्ख्या पनि कम रहेको छ ।

धार्मिक, साँस्कृतिक उद्देश्यबाट आउने पर्यटनले अर्थतन्त्रमा खासै योगदान गर्न सक्दैनन् । पर्यटन क्षेत्रको आम्दानी पर्यटक आगमनसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ । नेपाल पर्यटन तथ्यांक, २०२१ अनुरूप कोभिड १९ का कारण २०२१ मा पर्यटक आगमन ३४.३ प्रतिशतले घटेसँगै पर्यटन क्षेत्रबाट हुने आम्दानी पनि गत वर्षको तुलनामा झण्डै ४६ प्रतिशतले घटेको देखिन्छ । सन् २०२१ मा, कूल विदेशी मुद्रा आय रु १३,५०१,१०० हजार थियो (लगभग १,१२,५०९ हजार अमेरिकी डलर) जुन गत वर्ष भन्दा घटेको पाईन्छ जस कारण पर्यटकको प्रति दिन व्यय पनि ४८ अमेरिकी डलरमा घटेको देखिन्छ । पर्यटकीय सम्भावना मात्र भएर हुँदैन, त्यसका लागि व्यवस्थित र योजनाबद्ध क्रियाकलापहरू

पनि आवश्यक रहन्छन् । नेपाल एक विकाशोन्मुख राष्ट्र भएका कारण पर्यटन क्षेत्रमा विशेष महत्त्व दिन सकिरहेको छैन । पर्यटकहरूको सङ्ख्या दिन प्रतिदिन न्युन हुनुको मुख्य कारण पूर्वाधार विकासमा कमी हो भने अर्को कारण सुरक्षाको कमीलाई पनि मान्न सकिन्छ किनभने विदेशी पर्यटकहरू ठगिने र लुटिने गर्दछन । यस्तो हुँदा विदेशमा नेपालको नराम्रो छवि बन्दछ र अरू पर्यटकहरू पनि नेपाल आउनबाट निरुत्साहित हुन्छन् । जबसम्म समुदाय र राज्यले उनीहरूको सुरक्षामा चासो दिँदैनन् तबसम्म पर्यटकहरू नेपाल आउन हिच्किचाउँछन् । अर्को कुरा अन्य पर्यटकहरूले भन्दा युरोपियन राष्ट्रका पर्यटकहरूले बढी खर्च गर्ने हुँदा नेपालको ती राष्ट्रसँग हवाई सम्झौता नभएकोले पर्याप्त पर्यटकहरू भित्र्याउन सकिएको छैन र पर्यटन क्षेत्रमा अपेक्षित सफलता हासिल गर्न सकिएको छैन । जसले गर्दा पर्यटन क्षेत्रमा ह्रास आएको छ। यस्ता चुनौतीपूर्ण समस्याहरूको समाधान गर्न विनियोजित रकम अपर्याप्त छ र यस समस्याको समाधानका लागि राज्यले पहल गर्नु पर्दछ भने सेवा क्षेत्रको विकासका लागि सुधारका नयाँ कदमहरू चाल्नु आवश्यक रहेको छ ।

राज्यले सर्वप्रथम पर्यटकको सुरक्षाको ग्यारेन्टी गर्नुपर्छ र नेपाललाई एक सुरक्षित पर्यटन गन्तव्यका रूपमा विकास गर्नुपर्छ । नेपालका पर्यटन गन्तव्य स्थलहरूको राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा प्रभावकारी प्रचारप्रसारको व्यवस्था गर्नुपर्छ । साथै विभिन्न सेवा सुविधाहरूको बन्दोबस्ती, पर्यटक प्रहरी, यातायातको व्यवस्था, प्रभावकारी पर्यटक पथप्रदर्शकको व्यवस्था, तत्काल प्रतिक्रिया दल (QRT: Quick Resque Team) निर्माण आदि कुरामा पनि पर्याप्त ध्यान दिनु अत्यावश्यक देखिन्छ र त्यसका लागि थप लगानी गर्नु पर्ने हुन्छ । पर्यटन विकासका लागि व्यापक प्रचारप्रसार, अन्तरक्षेत्रगत समन्वय, क्षमता विकास, दक्ष जनशक्तिको विकास, हवाई सम्पर्क विस्तार, सेवा सुविधाहरूको विकास, विस्तार तथा विविधीकरण आदि पक्षहरूमा तीव्र कदम चाल्नु आवश्यक देखिन्छ । यसका लागि सरकार, निजी क्षेत्र र समुदायको समन्वन्वयीत र एकीकृत प्रयासको खाँचो छ ।

पर्यटन उद्योग पूर्णरूपमा सेवामा आधारित व्यवसाय भएकाले अन्य उद्योग व्यवसायको यसको विकास र प्रवर्द्धन बढी चुनौतीपूर्ण हुनुका साथै संवेदनशील पनि छ। यसको कुनै एक पक्षमा आएको परिवर्तनले अर्को पक्षमा तुरुन्त असर पार्छ । यातायात व्यवसाय, हवाई उड्डयन, ट्राभल एजेन्सी, होटल व्यवसाय, पर्यटकीय स्थल लगायत पर्यटनसँग सम्बन्धित क्षेत्रहरूमध्ये कुनै एकमा असर पर्यो भने यसले पुरै पर्यटन उद्योगमै प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा असर पार्दछ । तर यसो भन्दैमा सन्तुलित रूपमा पर्यटन

व्यवसायको व्यवस्थापन, विकास र प्रवर्द्धन गर्न नसकिने भने होइन । पर्यटन उद्योगको सन्तुलित विकास र व्यवस्थापनका लागि यस क्षेत्रका विज्ञहरूको सल्लाह र सुझाव अनुसार उपयोगी र प्रभावकारी कार्यक्रम तथा रणनीति तय गरी सरकारी र निजी क्षेत्र एकजुट भई दृढताका साथ पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनमा अघि बढ्नु अत्यावश्यक बनेको छ ।

निश्चित रूपमा पर्यटन उद्योगको विकास र प्रवर्द्धनका लागि पर्यटनसँग सम्बन्धित व्यवसायिक क्षेत्रहरू र पर्यटकीय स्थलहरूको सुधार तथा विकास र प्रवर्द्धन गर्नुपर्छ तर यो मात्र पर्याप्त हुँदैन । आजको कडा प्रतिस्पर्धाको युगमा सम्बन्धित क्षेत्रको विकास र प्रर्वधनका साथै तिनीहरूको प्रचारप्रसार तथा बजार प्रवर्द्धन, गुणस्तरमा अभिवृद्धिको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपाल जस्तो आर्थिक रूपले विपन्न र भौगोलिक रूपले विकट देशका लागि विश्वका अन्य विकसित र सम्पन्न देशहरूसँग प्रतिस्पर्धा गर्नु असहज हुनसक्छ । तर पर्यटकीय दृष्टिकोणले नेपाल प्राकृतिक रूपमै पूर्ण रहेको अर्थात् अतिरिक्त लगानीको आवश्यकता नपर्ने सानो मुलुक भएकोले र अर्थतन्त्र तथा जनसङ्ख्याका आधारमा दुई ठूला मुलुक भारत र चीनका बिचमा अवस्थित भएका कारण पनि नेपालका लागि पर्यटन बजार खोज्न टाढा पुग्नुपर्ने आवश्यकता पर्दैन ।

## २.१६ सोह्रौं योजना २०८१/८२-२०८५/८६ मा पर्यटन क्षेत्र

नेपालमा २०१३/१४ बाट शुरुवात भएको पञ्चबर्षिय योजना, औपचारिक विकासको प्रक्रिया थालनी भएकोमा छैठौं योजना (२०३७/३८-२०४१/४२) बाट मात्र पर्यटन क्षेत्रलाई औपचारिक रुपमा उल्लेख गरिएको पाईन्छ । हाल कार्यान्वयनमा रहेको नेपाल सरकारको सोह्रौं योजना २०८१/८२-२०८५/८६ ले योजनाबद्ध विकासको करिब सात दशकको प्रयासबाट गरिबी न्युनीकरणमा उल्लेखनिय प्रगती भएको छ र कृषि, पर्यटन तथा उर्जा क्षेत्रामा पनि सकरात्मक परिणामहरू देखिएका छन् भन्दै उर्जा, पर्यटन र सूचना प्रविधिलाई प्रमुख प्राथमिकता दिएको देखिन्छ ।

पर्यटन प्रवर्द्धन कार्यकमः (१२) पर्यटन प्रवर्द्धन कार्यक्रमः पर्यटन पूर्वाधार विकास, पर्यटन बजारको विकास, विस्तार तथा सुदृढीकरण, गुणस्तरीय लगानी आकर्षण र पर्यटकीय क्रियाकलाप तथा गन्तव्यको विविधीकरण गर्ने; पर्यटन व्यावसायबाट उच्च मूल्य अभिवृद्धि गर्ने वातावरणीय उत्तरदायित्व र दिगो अभ्यासको सुनिश्चितता, एक जिल्ला न्युनतम एक पर्यटकीय गन्तव्य र एक स्थानीय तह

बहुपर्यटन गाउँ प्रवर्द्धन गर्ने, पर्यटन विस्तारित लेखा तयारी, पर्यटक सुरक्षा, प्रचारप्रसार तथा पर्यटन सूचना सञ्जालीकरण गर्ने ।

मुख्य सवाल तथा चुनौतीको बुँदा नं. (५) मा कूल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान अभिवृद्धि अन्तर्गत "पर्यटन क्षेत्रबाट हुने समग्र आम्दानी वृद्धि गरी कूल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउनुः पर्यटनको लाभ स्थानीय समुदायसम्म पुयाउनु पर्यटन क्षेत्रको विकासको लागि आवश्यक पर्यटकीय पूर्वाधारको विकास र विस्तार गर्नु पर्यटन उद्योग विकासको लागि आकर्षक गन्तव्य र नयाँ सेवाहरूको पहिचान, विकास र विविधीकरण गर्नु भौगोलिक तथा सांस्कृतिक विविधतासँग सामञ्जस्यता कायम गर्दै यसको महत्तम उपयोग गरी पर्यटन उद्योग एवम् पर्यापर्यटनको विकास तथा विस्तार गर्नु" रहेको उल्लेख गरिएको छ ।

रुपान्तरणकारी रणनीतिको बुँदा नं. (८) मा "कूल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान वृद्धि गर्नेः पर्यटन क्षेत्रबाट मूल्य अभिवृद्धिमा सुधार गर्दै आम्दानी बढाएर कूल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउने; दिगो विकासको मर्मअनुरूप नेपालको पर्यटन उद्योगलाई पर्यापयर्टनसँग जोड्ने; स्वदेशी तथा विदेशी लगानी आकर्षित गरी पर्यटकीय पूर्वाधारको विकास एवम् विस्तार गर्ने; पर्यटन प्रवर्द्धनका लागि क्षेत्रगत रूपमा कृषि पर्यटनको विकास तथा विस्तार गर्ने; स्थानीय स्तरमा उत्पादन भएका पर्यटकीय उपजहरूको व्यावसायीकरण गर्ने पर्यटनबाट प्राप्त लाभको समन्यायिक वितरणका लागि अग्र र पृष्ठ सम्बन्ध विकासको माध्यमबाट पर्यटनको लाभ स्थानीय समुदायसम्म पु-याउने पर्यटन क्षेत्रमा दक्ष जनशक्तिको उपलब्धता सुनिश्चित गर्न विश्वविद्यालय तथा शैक्षिक प्रतिष्ठानहरूसँग सहकार्य गरी यस क्षेत्रमा आवद्ध जनशक्तिको सीप र क्षमता विकास गर्ने; रणनैतिक महत्त्वका मुलुकहरूलाई लक्षित गरी पर्यटन प्रवर्द्धनको कार्यक्रम सञ्चालन गर्ने र स्रोत बजारमा नेपालका पर्यटकीय गन्तव्य तथा सेवाको प्रवर्द्धन गर्ने र पर्यटकको सुरक्षा सुनिश्चित गर्ने" भनी निर्धारण गरिएको देखिन्छ ।

त्यसैगरी प्रमुख कार्यकम अन्तर्गत बुँदा नं. (२२) मा "पर्यटन क्षेत्र विकास तथा सुदृढीकरण कार्यक्रमः पर्यटन उपजहरूको विकास गरी प्रचार प्रसार एवम् आतिथ्यता व्यवस्थापनमा सुधार; पर्यटन प्रर्वद्धन मार्फत पर्यटक आगमन सङ्ख्यामा वृद्धि गरी नेपाल बसाइको अवधि लम्ब्याउने कार्यक्रम; पर्यटकको दैनिक खर्च रकममा वृद्धि ल्याउने र पर्यटन व्यावसायबाट अधिकतम मूल्य अभिवृद्धि गर्ने उपायको

अवलम्बन; रोजगारीका अवसरहरूमा वृद्धि तथा पर्यटन क्षेत्रको विविध विधामा अध्ययन अनुसन्धान; स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गरी पर्यटन क्षेत्रको समग्र विकासका लागि पर्यटकीय पूर्वाधारहरूको विकास तथा विस्तार; धार्मिक, सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा सम्बर्द्धन गरी थप आकर्षक गन्तव्यको पहिचान र विकास प्रमुख पर्यटकीय स्थलहरूलाई अन्य पर्यटकीय गन्तव्यसँग जोडी आर्थिक लाभ हुने अवस्थाको सिर्जना; पर्यटनलाई सांस्कृतिक सम्पदासँग जोड्ने; सार्वजनिक-निजी साझेदारिमा भारत, चीन लगायत अन्य मुलुकका पर्यटकहरूलाई लक्षित गरी पर्यटन प्रवर्द्धनकारी कार्यक्रम सञ्चालन; स्थानीय उत्पादनलाई पर्यटकीय उपजको रूपमा प्रर्बद्धन गरी अग्र र पृष्ठ सम्बन्ध विकास; स्थानीय तहसँगको समन्वयमा ग्रामीण पर्यटन विस्तारः मुलुकभरका पर्यटकीय सम्पदामा स्थानीय समुदायको सक्रियता र सहभागिताको सम्मान गर्दै पर्यटनबाट भएको आम्दानीको यथोचित सुव्यवस्था, बाँडफाँट तथा वितरण पर्यटन उद्यममा पिछडिएको समुदाय, महिला, दलित तथा आदिवासी जनजातिको संलग्नतालाई प्रोत्साहन तथा क्षमता विकास" भनी निर्धारण गरिएको छ । सोह्रौं योजनाले निर्धारण गरेका परिमाणात्मक लक्ष्यलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३: सोह्रौं योजनाको पर्यटन क्षेत्रको परिमाणत्मक लक्ष्य

| क्र. सं. | परिसूचकहरू | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | वार्षिक पर्यटन आगमन | सङ्ख्या लाखमा | ८.२ | २५ |
| २ | पर्यटकको औसत बसाई अवधि | दिन | १३.१ | १५ |
| ३ | प्रति पर्यटक प्रतिदिन औसत खर्च | अमेरिकी डलर | ४०.५ | ८५ |
| ४ | कूल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | २.० | ७ |
| ५ | भ्रमण तथा पर्यटन प्रतिस्पर्धी सूचकाङ्क | सूचकाङ्क | ३.३ | ४ |
| ६ | द्विपक्षीय हवाई सेवा सम्झौता भएका मुलुक | सङ्ख्या | ४० | ४८ |

*(स्रोतः नेपाल सरकारको सोह्रौं योजना २०८१/८२-२०८५/८६)*

सोह्रौं योजनाले वार्षिक पर्यटन आगमन २५ लाख पुऱ्याउने, पर्यटकको औसत बसाई अवधि १५ दिन पुऱ्याउने, प्रति पर्यटक प्रतिदिन औसत खर्च ८५ अमेरिकी डलर पुऱ्याउने, कूल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान ७ प्रतिशत हाराहारीमा पुऱ्याउने, भ्रमण तथा पर्यटन प्रतिस्पर्धी सूचकाङ्क ४

र द्विपक्षीय हवाई सेवा सम्झौता भएका मुलुक ४८ पुऱ्याउने भन्ने जस्ता मुख्य परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ ।

यसरी नेपाल सरकारको सोह्रौं योजनाले विश्व पर्यटन बजारमा नेपाललाई अग्रणी स्थानमा स्थापित गर्ने लक्ष्य राखी नेपाललाई एक आकर्षक, सुरक्षित र मनोरम पर्यटकीय गन्तव्य बनाउने सोच राखेको छ । पाँच वर्षे योजनाले पर्यटन क्षेत्रलाई अर्थतन्त्रको संवाहकको रूपमा विकास गर्न पर्यटकीय स्थल तथा उपजमा विविधीकरण ल्याउने, छिमेकी मुलुक तथा प्रमुख पर्यटन बजारमा व्यापक प्रचार- प्रसार र प्रवर्द्धन गर्ने, स्वदेशी तथा विदेशी लगानी प्रोत्साहित गर्दै सार्वजनिक-निजी-सहकारी साझेदारीको अवधारणा अनुरूप आधुनिक पर्यटन पूर्वाधारको विकास, बजारीकरण र प्रवर्द्धन गर्ने, शिक्षा, स्वास्थ्य, खेलकुद जस्ता क्षेत्र समेटेर पर्यटन विकास गर्ने, पर्यटकीय उपजलाई मूल्य शृंखलामा आबद्ध गरी स्थानीय स्तरसम्म लाभ वितरण गर्ने नीति लिएको देखिन्छ ।

गण्डकी प्रदेशको प्रथम आवधिक योजनामा आन्तरिक, बाह्य तथा छिमेकी मुलुकका पर्यटकहरू आकर्षित गर्ने र बसाइ लम्ब्याउने तथा पर्यटकीय वस्तु तथा सेवाको विकास, विस्तार र विविधीकरण गर्दै रोजगारी र आयआर्जनको भरपर्दो र दिगो स्रोत बनाउने लक्ष्य तय गरेको छ । यी उद्देश्य पुरा गर्न पर्यटनसँग सम्बन्धित विभिन्न कार्यक्रमहरू अगाडि सार्दै थप रोजगारी सिर्जना गर्ने, ग्रार्हस्थ उत्पादन वृद्धि गर्ने र गुणस्तरीय पर्यटकको वृद्धि गर्ने अपेक्षा राखेको छ ।

# अध्याय तीन

# नार्पा भूमि गाउँपालिकाको परिचय

## ३.१ नार्पा भूमि गाउँपालिकाको सङ्क्षिप्त चिनारी

२०७३ को पुन:संरचनाको समयमा मनाङ जिल्लाका पूर्वी भेगका तत्कालीन नार र फू गाविसलाई मिलाएर यो गाउँपालिकाको गठन भएको हो । यस गाउँपालिकाको क्षेत्रफल ८३७.५४[१] वर्ग किलोमिटर रहेको छ । गाउँपालिकालाई ५ वडामा विभाजन गरिएको छ । नेपालको उत्तरी छिमेकी मित्रराष्ट्र चीनसँग यसको सीमाना जोडिएको छ । यहाँको भू-बनोट जटिल प्रकृतिको भएको भएता पनि हालका दिनमा, मोटरबाटोको विकास हुन थालेको कारण केही सहज अनुभुती भने हुनथालेको पाईन्छ । यस गाउँपालिकाको उत्तरमा चिनको तिब्बत क्षेत्र, दक्षिणमा सोही जिल्ला मनाङको चामे गाउँपालिका, पूर्वमा मनाङको नासो गाउँपालिका र पश्चिममा मनाङको मनाङ डिस्याङ गाउँपालिका तथा मुस्ताङ जिल्ला पर्दछन् । यस गाउँपालिकामा हाल जम्मा ५ वटा वडा रहेका छन् । यस गाउँपालिकामा करिब ४२०० मि. उचाईमा रहेको नार बस्ती, ४०५० मि. उचाईमा रहेको फू बस्ती र ३७३५ मि. उचाईमा रहेको च्याँखुको बस्ती र मेता बस्ती तथा क्याङ गरी ५ वटा वस्तिहरू रहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको जनसङ्ख्या ३९६ रहेको छ ।

मनाङ जिल्लामा अवस्थित नार्पा भूमि गाउँपालिकाको प्रशासकीय केन्द्र वडा नं. तीनमा पर्ने च्याँखु भन्ने ठाउँमा रहेको छ । २०७३ को राज्य पुनर्संरचनापछि मनाङ जिल्लाका साविक दुईवटा गा.वि.स. नार र फू मिलाई बनेको नेपालको सबैभन्दा कम जनसङ्ख्या भएको गाउँपालिका हो नार्पा भूमि । मनाङ जिल्लाको सदरमुकाम चामेबाट यस गा.पा. को केन्द्र च्याँखु करिब २६ कि.मी. टाढा रहेको छ । भने यस ठाउँसम्म हालसम्म कुनैपनि सार्वजनिक सवारीसाधनको पहुँच स्थापित भइसकेको छैन । ऐतिहासिक दस्ताबेज र प्रमाणहरूको विश्लेषण गर्दा गा.पा.को फू क्षेत्रलाई नेपालको भुभागभित्र सन् १९५० पछि मात्र पहिचान गरिएको विभिन्न श्रोतहरूमा उल्लेख भएको पाईन्छ । यहाँ उच्च हिमाली भू-भाग तथा ११ हजार फीटको उचाईमा बसेको बस्ती मुख्य आकर्षणको रुपमा रहेको छ । यो गाउँपालिका नेपालको सामरिक महत्त्वको ठाँउ पनि हो । यहाँ ठूला ८ वटा  र अन्य विभिन्न गोम्पाहरू

[१] नार्पा भूमि गाउँपालिकाको विस्तृत विवरण

समेत रहेका छन् । नार्पा भूमि भ्याली ट्रेकिङ क्रमशः विश्व प्रसिद्ध बन्दै गएको छ, भने उच्च हिमाली भेग भएको हुँदा यहाँ अन्य विभिन्न पदमार्गको विकास गर्न सकिने सम्भावना समेत रहेको छ । यसबाहेक अन्य विभिन्न ठाउँहरू समेत रहेका छन्, जसको समुचित विकास गर्न सकिएको खण्डमा पर्यटकीय आवागमन बढ्न गई गाउँपालिकाको दिगो आयको श्रोतको रुपमा पर्यटन क्षेत्रले गाँउपालिका तथा स्थानीय नागरिक र समग्र देशलाई नै योगदान पुऱ्याउन सक्ने देखिन्छ ।

बि.सं. २०७८ सालको राष्ट्रिय जनगणना अनुसार नार्पा भूमि गाउँपालिकाको कूल परिवार सङ्ख्या १२६ रहेको छ । यस गाउँपालिकाको कूल जनसङ्ख्या ३९६ रहेकोमा महिला ५७.३ प्रतिशत र पुरुष ४२.७ प्रतिशत रहेको छ । यहाँको लैङ्गिक अनुपात ७४.४५ रहेको छ । यहाँको औसत परिवार सङ्ख्या ३.१४ रहेको छ । विद्युत् सेवामा पहुँच ६८.३ प्रतिशत, सौर्य उर्जामा पहुँच ३१ प्रतिशत रहेको छ । लामा जातीको बाहुल्यता भएको गाउँपालिकामा घले र गुरुङ जातीका मानिसहरूको समेत बसोबास रहेको पाईन्छ । मुख्य भाषा लामा भएता पनि यहाँका बासिन्दाहरू आफूलाई नार्पा भाषी भन्न रुचाउने गरेको पाइन्छ । यस क्षेत्रमा बोलिने मुख्य भाषाः नारफू भाषा, लिपिः समबोध लिपि (तब्बेतियन लिपि), जातीः नार्पा जाती र ललितकला (Fine Art): मूर्तिकला, काष्ठकला र वस्तुकला, हस्तकला समेत पर्यटकका लागि अध्ययन र आकर्षणका विषय हुन् । अधिकांश मानिसहरू बुद्ध धर्मका अनुयायी रहेका छन् ।

तालिका नं. ४: जनसांख्यिक विवरण तथा जनघनत्व

| वडा नं. | २०६८ सालको जनगणना अनुसारको जनसङ्ख्या | २०७८ सालको जनगणना अनुसारको जनसङ्ख्या | | | जनघनत्व |
|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | |
| वडा नं. एक | १२४ | ७३ | २९ | ४४ | ५.४४ |
| वडा नं. दुई | ११५ | १०१ | ४३ | ५८ | ०.५७ |
| वडा नं. तीन | १२३ | ८४ | ३७ | ४७ | ०.२९ |
| वडा नं. चार | १०२ | ८८ | ३९ | ४९ | ०.४५ |
| वडा नं. पाँच | ७४ | ५० | २१ | २९ | ०.३२ |
| जम्मा | ५३८ | ३९६ | १६९ | २२७ | १.४१ |

*(स्रोतः रा.त.का. २०७९, राष्ट्रिय जनगणना २०७८)*

बि.सं २०७८ सालको राष्ट्रिय जनगणना अनुसार कूल जनसङ्ख्या मध्ये ३४४ जना नारफू भाषा बोल्ने, दुमी भाषा बोल्ने ३८ जना र अन्य भाषा बोल्ने १४ जना रहेका छन् भने यहाँ ९४.४४ प्रतिशत

बौद्ध धर्म मान्ने जनसङ्ख्या रहेको छ । यहाँका नागरिकले मान्ने चाडपर्वहरूमा ल्होसार, तिर हान्ने, घोडे जात्रा, छेचु आदि मुख्य रहेका छन् । मुलतः नार र फू मा मुख्य बस्ती रहेको यस गाउँपालिकामा मेता, च्याँखु र क्याङमा समेत बस्ती विस्तार भैरहेको पाईन्छ ।

यस क्षेत्रमा नाम्गो खर्क लगायतका ठुलठुला घाँसे खर्कहरू रहेको हुनाले यहाँका बासिन्दाको मुख्य पेशा पशुपालन रहेको पाइन्छ जसमा यहाँ पालिने मुख्य पशुहरूमा याक, चौंरी, भेडा च्यांग्रा आदि रहेका छन् । यहाँ उत्पादन हुने मुख्य कृषि बालीमा करु र आलु हुन् । यस गाउँपालिका क्षेत्रमा औषधीय गुण भएका बहुमुल्य जडिबुटीहरू यार्चागुम्बु,, पाँचऔंले, निरमसी, पदमचाल, बन लसुन, जिम्मु आदि प्रचुर मात्रामा पाईने गरेका छन् ।

यस क्षेत्रमा रहेको भोजपत्र जंगल अवलोकन, प्राचीन तथा पुरातात्विक संरचना, स्थल तथा भग्नावषेसहरूको अवलोकन लागि पर्यटकहरू आउने गरेका छन् । यहाँका धार्मिक तीर्थस्थल र धार्मिक गुम्बा, गुफा, मणि छौर्तेन, मणि मेन्ताङ, पवित्र झरना, पवित्र शिलाहरू, तालहरू, जडिबुटी, वन्यजन्तु तथा धूपजन्य वनपैदावरहरू, यर्चागुम्बु, सिम्बु (महारडी), पाँचऔले, वनकस, धूपी, हिउचितुवा, नाउर, झरल, मृग, गिद्दा, चिल, ढुकुर, काग (३ प्रकारकाः कालो, सेतो, पहेंलो) चारा, परेवा आदि पनि पर्यटक लोभ्याउनका लागि महत्त्वपूर्ण छन् ।

धरातलीय स्वरूपका हिसावले यो गाउँपालिका क्षेत्रमा २६०० मिटर भन्दा माथि फैलिएको क्षेत्र भएको र अधिकांश क्षेत्र ३५०० मि. माथि भएको हुनाले भौगोलिक हिसाबले जटिल रहेको छ । वन क्षेत्र गा. पा. को कूल क्षेत्रफलको जम्मा ४% रहेको र यो जिल्लाको वन क्षेत्रको जम्मा २९% हुने जसमा तालिसपत्र, भोजपत्र तथा विभिन्न जातका सल्लाहरू जस्तै धुपीसल्ला, लोठसल्ला, ठिगुरेसल्ला आदि रुखविरुवा पाईने मुख्य बोटबिरूवा हुन् । डाँफे, कस्तुरी, नाउर, झारल, हिमचितुवा, हिम कुखुरा, जस्ता महत्त्वपूर्ण जीवजन्तुहरूको वासस्थान रहेको । छहरा आरोहण (क्यानोनिङ) का लागि विश्वकै अग्लो स्थान (५२१५ मि. उचाई) मा रहेको लुङ्गा झरना यस गाउँपालिका क्षेत्रमा रहेको छ ।

यस गाउँपालिका क्षेत्रमा पर्ने मुख्य हिमालहरूमा नार र फू खोला, कंगारु हिमाल आदि रहेका छन् । यस क्षेत्रमा टसिलाकाङ, सते, साम्डुछेलिङ लगायतका प्रशिद्ध गुम्बाहरू रहेका छन् । काङला पास, तेरिला पास, पाङ्के पास जस्ता पर्यटकीय महत्त्व बोकेका पैदल मार्गहरू चर्चित रहेका छन् । ग्राकाङ

गुफा, तिम्बु गुफा तथा छोकर्ण हिमताल जस्ता रमणीय स्थलहरू समेत यो गाउँपालिका क्षेत्रमा रेहका छन् । नार्फू ट्रेल, कोटो गाउँ, मेता गाउँ, च्याँखु, क्याङ फू गाउँ, टासीलाखाङ गुम्बा, फू गाउँ, हेमलिङ बेस क्याम्प, विभिन्न हिमालहरू, लागला, रत्नचुली, फू हिमाल, नेमजुङ हिमाल, ञ्याचु बाङ, गुरु साङमो झरना, गुरु पद्म पवित्र ताल-छो, कारनाग तथा तीर्थ स्थल (छिपु क्षेत्र), ५७०० मिटरमा रहेको अन्तराष्ट्रिय वयाङछुमु नाका, गोरखाको अन्तिम गाउ सम्घाडे हुँदैं चीनको नाका, फू पास, र लोङो पास, फू गाउँ, सारे बुंग पास, नार गाउँ, काङला पास, लोङो पास, तेरिला पास, तांगे गाउँ, मुस्ताङको दामोदर कुण्ड, पाँरे हिमनदी, वयाङबाट Nemjung हिमाल पदयात्रा, रक क्लयाम्बिङको लागि सम्भावना रहेका च्याखुपारीको भिरहरू, मेतापरिको भिरहरू, वयाङ र खेचाका भिरहरू आदि यस क्षेत्रका पर्यटकीय सम्भावना भएका विषयहरू हुन् ।

### ३.२ ऐतिहासिकता तथा नामकरण

प्राचीन समयमा एक जना चिनियाँ शिकारीले नाउरलाई धनुष वाणु हान्दा उक्त वाणले नाउर घाइते भई भाग्दै त्यस ठाउँमा आएको थियो । नाउरलाई पछ्याउदै आएका चिनियाँ सिकारीलाई त्यो ठाउँ देख्दा राम्रो लागेकाले आफूसँग ल्याएको ऊवा त्यस ठाउँमा छरेर/रोपेर गएका थिए । त्यसको १ वर्ष पछि फेरी सोही ठाउँमा सिकारीका दाजु भाई फर्केर आउँदा एक वर्ष अघी छरेको करू पाकेर पहेलपुर भएको देखी दुबैजना दाजु भाईलाई त्यही बस्ने ईच्छा जागेको तर त्यस ठाउँमा एक जना मात्र बस्ने मिल्ने भएको हुनाले चौरी गाईको टाउको र याकको टाउको चिठ्ठा गर्दा चिठ्ठामा एउटाले चौरी गाईको टाउको र अर्काले याकको टाउको रोजे । रोजिएको टाउकोलाई काङला पासको डाँडा बाट लडाउने निर्णय भयो । लडाईएको टाउकोहरू मध्ये चौरी गाईको टाउको नाउर तिर आएकाले भाई त्यहा बस्ने भयो र याकको टाउको मनाङ (अप्पर मनाङ) तिर गएकोले दाई मनाङ(अप्पर मनाङ) बस्ने निर्णय भयो । यसरी घाइते नाउर आएर त्यहाँ मृत्यु भएकोले त्यस ठाउँको नाम शुरुमा नाउर भनिन्थ्यो पछि अपभ्रंस हुँदै नार हुन गएको जनविश्वास रहेको छ ।

नार्पा भाषामा भाँडा राख्ने ञ्याकलाई फू भनिन्छ । यस ठाउँमा करिव ११०० वर्ष जति अघि उत्तर तिब्बत तीरबाट मानिसहरू आएर बसोबास गरेको पाइन्छ । करिव ६०० वर्ष अघि तत्कालीन यस क्षेत्रका बासिन्दा/शासकले वातावरणीय जोखिम तथा अन्य सुरक्षाका दृष्टिकोणले सुरक्षित रहनका

लागि, करिव ३ रोपनी जति क्षेत्रफलमा ४ तलाको घर बनाई भुँई तलामा राखनधरन, पहिलो, दोश्रो र तेश्रो तल्लामा गरी करिव ४०० परिवार बसोबास गर्न मिल्ने, सबै परिवार एकै ढोकाबाट घरमा पस्न र निस्कन मिल्ने गरी घर निर्माण गरिएको थियो । समय अनुसार मानिसहरू बसाँईसराई गरी अन्यत्र गएकोले घरको संरक्षण हुन नसक्दा उक्त ठाँउ हाल भग्नावशेषको रुपमा मात्र रहेको छ। उक्त पुरातात्विक संरचनाको पुनःनिर्माण गाउँपालिकाले आगामी दिनमा गर्ने योजना बनाएको छ । यहि पुरानो घर जहाँ करिव ४०० परिवार बस्नेगरी निर्माण भएको घर भाँडा राख्ने ठाउँजस्तो देखिने र सो यहाँको ऐतिहासिक स्थल भएको आधारमा यो ठाउँ मनाङ जिल्लाको उच्च ठाउँमा भएकोले यसको नाम फू रहन गएको हो भन्ने भनाई रहेको पाइन्छ। फू गाउँको प्राचिन नाम गोमाजोङ्ग हो ।

यो ठाउँ भौगोलिक अवस्थितिमा समतल चुच्चो परेको देखिन्छ। चिनियाँ वा स्थानीय भाषामा समतल चुच्चो परेको ठाउँलाई क्याङ भनिने भएकाले यसैको आधारमा यसलाई क्याङ (Kyang) भनिएको जनविश्वास रहेको छ। क्याङ गाउँ रहेको स्थानको भौगोलिक बनोट समतल चुच्चो परेको रहेको हुँदा र उक्त समतल चुच्चो परेको ठाउँमा नै बस्ती बसेको हुँदा त्यसको ठाउँको नाम क्याङ रहन गएको भन्ने भनाइ प्रचलनमा रहेको पाइन्छ । नार्पा भूमि गाउँपालिका क्षेत्रमा यार्चागुम्बु,, जिम्बु, हिमाल, हिमताल, गुम्बाहरू आदि पाइन्छन्। मेन्दाङ गुफा, पुरानो बस्ती (नोरु, योक्नाङ, धोमरेन, वीपी, रामा), हिमचितुवा, नावार, चाखुरा, आदि यहाँका मुख्य आकर्षणहरू हुन् । यस गाउँपालिका क्षेत्रमा घोरेटो मात्र रहको छ भने ना खोलाबाट २० किलोवाट क्षमताको विद्युत् निकालिएको छ । यहाँ ताङ्कोकर, मोलु खापी घ्यूङ, छ्याछ्या खोला, हुलुङ खोला, भान्दे खोला, भ्याम्दा उ खोला, पाल्तर्मा खोला लगायतका खोलाहरू रहेका छन्। यहाँका बासिन्दाहरूले १२०० देखि १३०० वर्ष अगाडि जन्म भएको प्याङ्बु उर्गेन लुन्डुप घ्याछो रिम्पोछेनलाई आफ्ना पुर्खाको रुपमा मान्ने गरेका छन् ।


### ३.३ गाउँपालिकाको भौगोलिक अवस्था

भौगोलिक अवस्था भन्नाले पृथ्वीको निर्माणको क्रममा तयार भएका स्वरूप र उपलब्ध प्राकृतिक पक्षहरूको बारेमा गरिने व्याख्या हो । भौगोलिक अवस्था कुनै पनि स्थान विशेषको पहिचान हो । स्थानीय स्तरमा बसोबास गर्ने जीवन संस्कृति जातजाति धर्मकला सङ्घर्ष अवसर सबै कुराहरू भौगोलिक पक्षसँग कुनै न कुनै रुपमा अन्तरसम्बन्धित भएर निर्धारण हुने हुनाले स्थान विशेषको अध्ययनमा भौगोलिकतालाई विशेष ध्यान दिनुपर्ने हुन्छ ।

### ३.३.१ अवस्थिति ⁄ फैलावट

अवस्थिति र फैलावट भन्नाले कुनै पनि स्थान अक्षांश र देशान्तरको आधारमा कसरी फैलिएको छ कति क्षेत्रफल ओगटेको छ भन्ने कुराहरूको बयान हो । यो तथ्यमा आधारित हुन्छ । गण्डकी प्रदेशका ११ वटा जिल्ला मध्ये मनाङ जिल्ला पनि एक हो । यो गण्डकी प्रदेशको हिमाली दुई वटा जिल्ला मध्ये एक हो । २०७३ को राज्य पुनःसंरचनाको समयमा मनाङ जिल्लालाई मनाङ डिस्याङ, चामे, नाक्सो र नार्पा भूमि गरी चार वटा गाउँपालिकामा विभाजन गरिएको मध्ये नार्पा भूमि पनि एक हो ।

भौगोलिक फैलावटको हिसाबले विश्व मानचित्रमा हेर्दा यस गाउँपालिकाको अवस्थिति २८ डिग्री ३४ मिनेट १ दशमलव ६९० सेकेन्ड उत्तरी अक्षांशदेखि २८ डिग्री ५४ मिनेट ० दशमलव २१४ सेकेन्ड उत्तरी अक्षांशसम्म र देशान्तरको हिसाबले ८४ डिग्री १ मिनेट २६ दशमलव १७९ सेकेन्ड पूर्वी देशान्तरदेखि ८४ डिग्री २६ मिनेट ५४ दशमलव ७३९ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ । यसको कूल क्षेत्रफल ८३९.०४ वर्गकिलोमिटर रहेको छ । यो गाउँपालिका समुन्द्र सतहदेखि २८१२ मिटर उचाईदेखि ७०९४ मिटर उचाईसम्म फैलिएको छ । हिमाल, डाँडाकाँडा, खोच, पाखो, खोला, खोल्सी, ताल, हिमनदी, किनार, वलौटे जमिन यहाँको समग्र विषेशता हुन् ।




### ३.३.२ धरातलीय भू-स्वरुप


स्थान नक्साले कुनै खास स्थान र यसको वरपरको भौगोलिक अवस्थितिको बारे जानकारी प्रदान गर्दछ । नक्साले त्यसका प्रयोगकर्ताहरूलाई पहिचान गर्न सकिने प्रकारका स्थलचिन्हहरू, शहरहरू वा क्षेत्रहरूको आधारमा उक्त स्थान कहाँ अवस्थित छ, भनी पहिचान गर्न सकिने गरी जानकारी उपलब्ध गराउँछ । सामान्यतया, नक्साले प्रमुख सडकहरू, नजिकैका बजारहरू वा शहरहरू, भौगोलिक विशेषताहरू (जस्तै नदी वा पहाडहरू), उपलब्ध भएका विभिन्न सुविधाहरू र चासोका मुख्य बुँदाहरूलाई प्रष्ट पार्ने कार्य गर्दछ । प्रस्तुत नार्पा भूमि गाउँपालिकाको भौगोलिक नक्साले गाउँपालिकाको अवस्थितिको बारेमा मिहिन जानकारी उपलब्ध गराउनको लागि सघाउ पुऱ्याउँछ ।

### ३.३.३ विद्युतीय उचाइ नक्सा (**Digital Elivation Map**)

विद्युतीय उचाइ नक्सा (DEM: Digital Elivation Map) नक्सा भनेको नक्सा निकालिएको क्षेत्रको उचाइ डेटाबाट सिर्जना गरिएको भू-भागको सतहको त्रि-आयामिक विश्लेषण सहितको चित्र हो । यसले नियमित अन्तरालमा पृथ्वीको सतहको उचाइ मानहरू देखाउने कार्य गर्दछ, जसले प्रयोगकर्ताहरूलाई नक्साको क्षेत्रको उचाई, आकार र सुविधाहरूको बारेमा धारणा बनाउन र विश्लेषण गर्न सघाउ पुऱ्याउँछ । DEM नक्साहरू सामान्यतया रास्टर ढाँचामा प्रस्तुत गरिन्छ, जहाँ प्रत्येक पिक्सेल वा ग्रीड सेलमा उचाइ मान (मिटर वा फिटमा) निर्धारण गरिएको हुन्छ । यहाँ नार्पा भूमि गाउँपालिकाको विद्युतीय उचाई नक्सा प्रस्तुत गरिएको छ । यसको सहयोगमा गाउँपालिकाको धरातलीय अवस्थिति बारेमा जानकारी लिन सघाउ पुग्छ ।





उचाइमा परिवर्तनहरू प्रतिबिम्बित गर्न नक्सा छायाँदार वा रङ-कोड गरिएको हुन सक्छ । हल्का छायाँदार वा न्यानो रंगहरूले प्रायः उच्च उचाइहरूलाई प्रतिनिधित्व गर्दछ, जबकि गाढा छायाँदार वा चिसो रंगहरूले तल्लो क्षेत्रहरूलाई संकेत गर्दछ । प्रस्तुत चित्रमा नार्पा भूमि गाउँपालिकाको भिरालोपनामा आधारित उचाई नक्सा प्रस्तुत गरिएको छ ।




### ३.३.४ भौगर्भिक उचाइ नक्सा

उचाइ नक्साले विशिष्ट भौगोलिक क्षेत्रभरि समुद्र सतहभन्दा माथिको जमिनको सतहको उचाइलाई दृश्यात्मक रूपमा देखाउने गर्दछ । यसले भू-भागको उचाइमा रहेका भिन्नताहरू चित्रण गर्न रंग ढाँचा, छायाँ, वा समोच्च रेखाहरू प्रयोग गर्दछ, जसले दर्शकहरूलाई एक नजरमा उक्त स्थल बारेको आकृति लगायत उचाइ बारेको विवरण बुझ्न सघाउ पुऱ्याउँदछ । यहाँ नार्पा भूमि गाउँपालिकाको समुन्द्र सतहबाट हुने उचाई र अवस्थिति वुझाउने उचाई नक्सा प्रस्तुत गरिएको छ ।





### ३.३.५ हावापानी


यो गाउँपालिका २८१२ मिटर उचाईदेखि ७०९४ मिटर उचाईसम्म फैलिएको हुँदा उचाइको विविधताको कारणले गर्दा हावापानीमा पनि विविधता रहेको पाइन्छ। २८१२ मिटर उचाईदेखि ३३०० मिटर उचाईसम्म ठण्डा समसितोष्ण हावापानी पाईन्छ भने ३३०० मिटरदेखि ५००० मिटर उचाईसम्म अल्पाइन प्रकारको हावापानी पाइन्छ । त्यसैगरी ५००१ मिटर उचाईदेखि माथि टुन्ड्रा प्रकारको हावापानी पाइन्छ। जहाँ बाह्रै महिना हिँउ जमेर रहेको हुन्छ। यहाँको गर्मी मौसमको औसत तापक्रम लगभग १५ डिग्रीसम्म पुग्छ भने हिँउद मौसमको औसत तापक्रम लगभग माइनस २५ डिग्री भन्दा कम हुन्छ। यसबाट यो स्प्रष्ठ हुन्छ कि यहाँको हावापानी अति चिसो भएको कारणले गर्दा मानव बसोबासको लागि त्यती उपयुक्त मानिदैंन।

### ३.३.६ भू-उपयोगको अवस्था

नेपालको सन् १९९४/९५ को स्थलीकृत सर्वेक्षण तथ्याङ्क (टोपोग्राफिक सर्वे डाटा) का अनुसार जटिल तथा कठोर वातावरणीय अवस्थाका कारण मुख्यतया कृषियोग्य भूमी न्यून रहेको छ ।




नार्पा भूमि गाउँपालिकामा उच्च-उचाइको वातावरणको लागि उपयुक्त कडा कृषि बालीहरूमा मात्र सीमित रहेको पाइन्छ । जौ र आलु यहाँका मुख्य खाद्य पदार्थ हुन् भने केही मात्रामा गहुँ र फापर पनि खेती गर्ने गरिन्छ । छोटो समयमा नै मौसममा हुने परिवर्तनका कारण, यहाँ वर्षमा केवल एक बाली मात्र खेती गर्न सम्भव हुने गर्दछ ।





तालिकामा ग्रामीण नगरपालिकाको सम्पूर्ण क्षेत्रमा भू-उपयोग स्थिति र यसको प्रतिशत सहितको विवरण स्प्रष्ट रुपमा प्रस्तुत गरिएको छ ।

| क.सं. | भू-उपयोग अवस्था | क्षेत्रफल (हेक्टरमा) | प्रतिशत | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | बाँझो जमिन | ६१८१५.१० | ७३.६७ | ६१८.१५ | ७३.६७ |
| २ | झाडी | ६७८३.१२ | ८.०८ | ६७.८३ | ८.०८ |
| ३ | कृषि क्षेत्र (खेती) | ३६.७७ | ०.०४ | ०.३७ | ०.०४ |
| ४ | वन क्षेत्र | ३७१.५१ | ०.४४ | ३.७२ | ०.४४ |
| ५ | हिमनदी | १२५९१.५३ | १५.०१ | १२५.९२ | १५.०१ |
| ६ | आवास क्षेत्र | ६.१५ | ०.०१ | ०.०६ | ०.०१ |
| ७ | हिउँ क्षेत्र | १७४२.७२ | २.०८ | १७.४३ | २.०८ |
| ८ | जल क्षेत्र | ५५६.५९ | ०.६६ | ५.५७ | ०.६६ |
| जम्मा | | ८३९०३.४८ | १००.०० | ८३९.०३ | १००.०० |

*नेपालको सन् १९९४/९५ को स्थलीकृत सर्वेक्षण तथ्याङ्क (टोपोग्राफिक सर्वे डाटा)*

### ३.३.७ नार्पा भूमि गाउँपालिकाको माटो

नेपालको मनाङ जिल्लाको उत्तरी भागमा अवस्थित नार्पा भूमि गाउँपालिकाको वातावरण सुक्खा र अल्पाइन विशेषता युक्त रहनुका साथै यस क्षेत्रको माटोको गुण यसको उच्च उचाइ, कम वर्षा र उबडखाबड भूभागबाट प्रभावित रहेको छ । सर्वेक्षण विभागले तयार गरेको नेपालको माटो नक्सा अनुसार नार्पा भूमि गाउँपालिकामा हिमनदीयुक्त पहाडी माटो, हाप्लुम्ब्रेट्स, डिस्क्रोक्रेप्ट्स, क्राइम्ब्रेप्ट्स गरी मुख्यतया ४ प्रकारका माटो रहेको पाइन्छ ।




यस क्षेत्रमा ठाडो भिरालो जमिन रहेको र काई, लेउ, झ्याउ, बुट्यान जस्ता साना प्रकारका लेकाली वनस्पति मात्र पाइने हुँदा जराले माटो नसमाउने कारणले गर्दा विशेष गरी बर्खाको मौसममा भू-क्षय हुने सम्भावना बढी हुन्छ । भू-क्षय दर वर्षाको तीव्रता, जमिनको आवरण र मानवीय गतिविधि जस्ता कारकहरूले प्रभावित पार्ने गर्दछ । नार्पा भूमि गाउँपालिकाको विशिष्टीकृत तथ्याङ्क सीमित मात्रामा रहेको भए पनि, नेपालका समान उच्च-उचाइ क्षेत्रहरूमा गरिएका अध्ययनहरूले माटोको क्षय महत्त्वपूर्ण चिन्ताको विषय रुपमा रहेको देखिन्छ ।

### ३.३.८ माटोका विशेषताहरू


**माटोको बनावट र संरचना :** नार्पा भूमि गाउँपालिका क्षेत्रको माटो मुख्यतया बलौटे र गिट्टीयुक्त छ। जसमा चट्टानी बाहिरी भागहरूको मात्रा उल्लेखनीय रहेको पाइन्छ। यो संरचनाको परिणाम स्वरूप यस क्षेत्रको माटोको गहिराइ कम हुने र कम मात्र पानी सोस्ने क्षमता हुने हुन्छ।

**माटोमा फोस्पोरसको मात्राः** यस क्षेत्रको माटोमा फोस्पोरसको मात्रा सामान्यतया तटस्थ देखि थोरै क्षारीय हुन्छ, जसका कारण बिरुवाहरूलाई आवश्यक पर्ने निश्चित पोषक तत्वको मात्रामा न्युनता रहन सक्छ।

**जैविक पदार्थको मात्राः** कठोर हावापानी र सीमित वनस्पति आवरणको कारणले गर्दा, माटोमा जैविक पदार्थको मात्रा तुलनात्मक रूपमा कम रहेको पाइन्छ। यसले गर्दा माटोको उर्वरता घटाउँने हुँदा कृषि कार्यको दिगोपना चुनौतीपूर्ण हुने गर्दछ।


### ३.३.९ भूकम्पीय जोखिमको अवस्था

भूकम्पीय जोखिमको हिसाबले यो क्षेत्रलाई उच्च जोखिममा रहेको तथा उच्च संवेदनशीलता भएको क्षेत्रको रुपमा मानिन्छ, किनकि नेपाल इन्डियन र युरेशियन टेक्टोनिक प्लेटको संगमस्थलमा अवस्थित छ। यी दुई प्लेटको निरन्तर घर्षणले गर्दा यस क्षेत्रमा बारम्बार भूकम्प जाने गर्दछ। यो गाउँपालिका टेक्टोनिक प्लेटको अवस्थितिको हिसाबले नेपालको मुख्य भूकम्पीय बेल्टमा पर्दछ। इन्डियन प्लेट उत्तरतर्फ युरेशियन प्लेटमुनि धसिएकाले हिमालय क्षेत्रमा ठूला भूकम्पको जोखिम उच्च छ।



यस क्षेत्र आसपासमा धेरै सक्रिय भूकम्पीय फाल्टहरू छन् जसले गर्दा भूकम्पीय गतिविधि भइरहन्छ । नेपालमा गएको पछिल्लो ठूलो भू-कम्प १९३४ को महाभूकम्प र २०१५ को गोरखा भूकम्पले नेपालभर ठूलो क्षति पुऱ्याएको थियो र यसको प्रभाव मनाङ र वरपरका क्षेत्रमा पनि परेको थियो । नेपाल सरकार, खानी तथा भूगर्भ विभागले तयार पारेको नेपालको भूकम्पीय जोखिम नक्सा (Seismic Hazard Map of Nepal) अनुसार मनाङलगायतका हिमाली जिल्लाहरू उच्च जोखिम क्षेत्रमा वर्गीकृत छन् । भूकम्पीय जोखिम नक्साले कुनै पनि क्षेत्रमा आउन सक्ने भूकम्पको तीव्रता (Peak Ground Acceleration-PGA) लाई आधार मानेर जोखिम निर्धारण गर्ने गरेको हुन्छ । मनाङको लागि PGA मान उच्च देखाइएको छ ।

विभिन्न भूगर्भविद्हरू र भूकम्पविद्हरूले गरेका अध्ययनहरूले हिमालय क्षेत्रमा ठूला भूकम्पको जोखिमबारे चेतावनी दिएका छन् । उनीहरूका प्रतिवेदनहरूले मनाङजस्ता हिमाली जिल्लाहरू उच्च भूकम्पीय जोखिम (High Seismic Hazard Zone) मा पर्ने पुष्टि गर्दछन् । नार्पा भूमि गाउँपालिका मनाङ भूकम्पीय हिसाबले संवेदनशील र उच्च जोखिमयुक्त क्षेत्र हो । यसकारण, यस क्षेत्रमा भूकम्पको जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, भूकम्प प्रतिरोधी संरचना निर्माण, जनचेतना अभिवृद्धि र विपद् व्यवस्थापनको योजनालाई प्राथमिकता दिनु अपरिहार्य छ ।



### ३.४ प्राकृतिक स्रोत/सम्पदा


#### ३.४.१ जलसम्पदा

नदी सञ्जाल नक्साले विशिष्ट भौगोलिक क्षेत्र भित्रका नदी, खोला र सहायक नदीहरूको अन्तरसम्बन्धित प्रणालीलाई दृश्यात्मक रूपमा देखाउन सहयोग पुऱ्याउँछ । यस प्रकारको नक्साले ढल निकासको प्रणालीलाई देखाउनुका साथै उक्त क्षेत्रको जलप्रवाह कसरी स्रोत क्षेत्रहरू (मुख्य जल क्षेत्र) बाट मुख्य नदीहरू हुँदै र ताल, समुद्र वा महासागर जस्ता ठूला जल निकायहरूसम्म बग्ने गर्दछ भनी देखाउने कार्य गर्दछ ।

##### ३.४.१.१ खोलानालाहरू

यहाँ रहेका चे झरना, उप्चे खोला, साङ्गाजे, ङोरु खोला, फू खोला, सासर खोला, नेवु खोला, लोङ खोला, छिम्भ्रा खोला, दुरक्युङ खोला, निम्वुउ खोला, चाघ्यूङ खोला, लामे खोला, लादे खोला, झंग्या खोला, ढोङपार खोला, टासीघाङ खोला, कुलुङ खोला, छ्यपार खोला, खेभा खोला, क्यायू खोला, यूङ्वु खोला आदि प्रमुख हुन् । यहाँ वागलखोला, भाल्तेखोला आदि खोलाहरू रत्नचुली हिमाल, हिमताल, भञ्ज्याङ, जेष्ठ महिनादेखि श्रावण महिनासम्म पानी आउने गुरुसाङफुक झरना जसलाई पवित्र झरना (जसलाई पवित्र झरना समेत भनिन्छ) आदि यस क्षेत्रमा रहेका छन् ।

गाउँपालिकाको वडा नं. १ क्षेत्रमा छुलुङ खोला, भान्दे खोला, झ्याम्दाउ खोला, भान्ता खोला, लुङ्ग्रे खोला, मेग्रेन खोला, पालदार्मे खोला, झोसुङ खोला, मेरना खोला लगायतको खोलाहरू रहेका छन् । वडा नं. २ क्षेत्रमा बघल खोला, भाल्ते खोला, डवारु खोला, फूलनदी जलाधार क्षेत्र रहेको छ । यस क्षेत्रमा सुती खोला, मेता खोला, लवाङ खोला, ख्याँचे खोला, क्यूतर घ्यूङ खोला, छुर्कु खोला, ताङ्चे खोला, ताङ्कोकर खोला, मोलुस्वापी घ्यूङ खोला, छ्याजे खोला (छ्याछ्या खोला) आदि खोलाहरू रहेका छन् । वडा नं.३ क्षेत्रमा छोताखोला/नार खोला पनि भन्ने गरिएको काम्कु खोला, लेप्चे खोला, मेन्दल खोला, म्रेङच्यायूङ खोला (मेकेङ खोला), च्याँखु खोला, तेसु खोला, टेसीघाङ खोला, मर्न्जु खोला आदि खोलाहरू रहेका छन् । वडा नं. ४ का मुख्य खोलाहरूमा म्रुजु खोला, फू खोला, याकाङ्जु खोला, कुङ खोला, राङता ध्यूङ खोला, कोध्यापा खोला, च्यू भूङ भूङ खोला, च्यूउ सांम्बा खोला, स्यालाङ फुर्तु खोला, पाङग्रे खोला, वोटे हिमनदी आदि मुख्य रहेका छन् । प्रस्तुत चित्रमा नार्पा भूमि गाउँपालिकाको नदीको सञ्जालको बिस्तृत खाका देखाइएको छ ।




### ३.४.१.२ ताल, पोखरी आदि

यहाँ रहेको गुरु पद्म संम्भावो पवित्र हिम ताल (छोकर्ण ताल), क्षिपु क्षेत्रमा छोकर्ण ताल (तिर्थ स्थल), छो घ्यूम्छ्न् मापाङ ताल, घोल्देन छो, ल्हङु छो, छ्यूपार छो, फ्यूर्कु ह्याङ्जा छो, फोकर छो, फिकोङ भ्रीसी छो आदि प्रमुख तालहरू हुन् । गाउँपालिकाको वडा नं. १ मा हिमताल र बर्षामा पानीले बनेको मन्दल ताल, रिन्चेन ताल, कुन्चोङ ताल, रित्यार ताल, धाकर लेक, काङ्ला ताल, लगायत अन्य एक दुई वटा थप तालहरू समेत रहेका छन् । वडा नं. २ क्षेत्रमा गुरु पद्म संभव ताल, पवित्र ताल, हिम तालहरू समेत रहेका छन् । वडा नं. ४ अन्तर्गत पर्ने यस क्षेत्रमा रहेका प्रमुख तालहरूमा ढोङसम्पा ताल, भास्योङ ताल र छो ताल (यसको भने भग्नावशेस मात्र रहेको) मुख्य हुन् ।

**छो ताल:** आजभन्दा १०० वर्ष अगाडी छो ताल तालकै रुपमा रहेको थियो । हिमपहिरोको कारणले गर्दा उक्त ताल विस्फोट भएपछि उक्त तालको पानी मुर्चुखोलामा मिसिएको छ । हाल तालको

भग्नावशेष मात्र उक्त ठाउँमा रहेको देखिन्छ । हाल त्यहाँको भौगोलिक स्वरुप हेर्दा विस्फोटन नै भएको अनुमान गर्न सकिन्छ ।

**छोकर्ण ताल (Chokorna Lake)**: छोकर्ण ताल नार्पा भूमिको उच्च हिमाली भेगमा अवस्थित छ । यो ताल प्राकृतिक रूपमा हिमालबाट बग्ने पानीले बनेको छ । यसको उचाइ करिब ४,२०० मिटर ( १३,७८० फिट) रहेको छ । यस ठाउँको हावापानी चिसो र स्वच्छ प्रकृतिको रहेको छ । नार्पा भूमि गाउँपालिका वडा नं ५ फू गाउँदेखि २ दिनको पैदल दुरिमा रहेको यो ताल धार्मिक तथा पर्यटकीय दृष्टिले निकै महत्त्वपूर्ण छ । शालिग्राम पाइने भएकाले यस क्षेत्रलाई 'शालिग्राम क्षेत्र' का रूपमा लिने गरिन्छ । प्राकृतिक सौन्दर्य युक्त यो तालको स्वच्छ र शान्त पानीले वरपरको हिमाली वातावरणको प्रतिबिम्ब झल्काउँछ । यसले यस ठाउँ हुँदै यात्रा गर्ने पदयात्रीहरूलाई मनमोहक दृश्यको आनन्द प्रदान गर्छ । स्थानीय किंवदन्तीअनुसार यो तालको धार्मिक महत्त्व पनि रहेको छ । यहाँका बासिन्दाहरूले यसलाई पवित्र स्थल मान्ने गरेको पाइन्छ ।

**ढकार ताल (Dhakkar Lake)**: ढकार ताल तेरिला पास नजिकै अवस्थित एक उच्च हिमाली ताल हो । समुन्द्र सतहबाट यसको उचाइ करिब ४,९२० मिटर (१६,१४० फिट) रहेको छ । यो ताल हिमनदीहरू पग्लिएर बनेको छ । हिमाली भेगमा रहेको यो ताल क्षेत्रमा पाइने हावापानी एकदमै चिसो र सुख्खा हुन्छ । प्राकृतिक सुन्दरताले भरिपूर्ण यो तालको स्वच्छ पानी र यस वरपरका हिमालहरूको सुन्दर दृश्यले पदयात्रीहरूलाई आकर्षित गर्छ । तेरिला पासको चुनौतीपूर्ण यात्रामा यो ताल एक महत्त्वपूर्ण प्राकृतिक स्थल हो ।


### ३.४.१.३ झरनाहरू

यस गाउँपालिका क्षेत्रमा रहेका प्रमुख झरनाहरूमा गुरुसाङफुक झरना (पूर्णिमाको दशमीको दिन मेला लाग्ने गरेको), सासर झरना, खेल्दीङचे झरना, छोकर्ण झरना, बेरगोम झरना, ल्हङु झरना, भ्रागोय झरना, होम्च्यू झरना, चुजे प्राप्रा झरना, घेर्पु थाङ्गा झरना पर्दछन् । त्यसैगरी गाउँपालिकाको वडा नं. २ मा रहेको छारा झरना (दुना), वडा नं. १ मा रहेको ङेर-ङेर झरना, पुंका झरना, छुलुङ झरना आदि प्रमुख झरनाहरू छन् । यस प्रकारका झरनाहरूको संरक्षण प्रवर्द्धन र विकास गर्न सकेमा पर्यटन प्रवर्द्धनमा समेत योगदान पुग्न सक्ने देखिन्छ ।

### ३.४.२ वनसम्पदा

नार्पा भूमि गाउँपालिकाको वन क्षेत्र, पारिस्थितिक प्रणाली, अल्पाइन घाँसे मैदानदेखि तल्लो उचाइमा रहेका घना जंगलहरूसम्म फैलिएको पाइन्छ। गाउँपालिका क्षेत्रमा पाइने मुख्य वनस्पतिमा लालीगुराँस, धुपी, हिमाली सल्ला, विर्च, जुनिपर, भोजपत्र जस्ता प्रजातीका रुख विरुवा रहेका छन् । यी वनहरूले हिउँ चितुवा, हिमालयन थार, नीलो भेडा, कस्तुरी मृग, निल गाई, लुलु गाई, याक, नाक, चौंरी, नाउर, झारल जस्ता विभिन्न वन्यजन्तुहरूको लागि बासस्थान प्रदान गरेका छन् ।

वन क्षेत्रहरूले सीमित रुपमा भए पनि, बासिन्दाहरूको जीवननिर्वाहका लागि आवश्यक आधारभूत स्रोतहरू समेत प्रदान गर्दछन् । यसमा दाउरा, निर्माणको लागि काठ र यार्चागुम्बु, (कोर्डिसेप्स साइनेन्सिसः जुन अति मुल्यवान रहेको र स्थानीय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने गरेको) जस्ता औषधीय बोटबिरुवाहरू समेत पर्दछन् । यस क्षेत्रमा यार्चागुम्बु, पाँच औले, नीरमसी, कटुकी, वनलसुन आदि यहाँ पाईने प्रमुख जडिबुटीहरू हुन् भने वाज, चील, गिद्द, काग तीन प्रकारका जस्तै कालो चुच्चो, पहेलो चुच्चो र रातो चुच्चो भएका, परेवा, मलेवा आदि यहाँ पाईने जंगली पंक्षीहरू हुन् । नार्पा भूमि गाउँपालिकाको वन क्षेत्रको बारेको विवरण प्रस्तुत नक्सामा देखाइएको छ ।



यहाँ पाईने प्रमुख जडिबुटीहरूमा यार्चागुम्वु, (यार्चा भन्नाले एक प्रकारको घाँसलाई बुझिन्छ भने गुम्बु भन्नाले एकप्रकारको किरा भन्ने हुन्छ भने यसको संयुक्त अर्थ किरा जस्तो एक प्रकारको घाँस हुन्छ), पाँचऔंले (वाङ्ला), कुटकी (कुटुकी), निमरस (भौडमर), वनलसुन (व्हो), भौडकर्प (ज्वरो र रक्तचापको लागि उपयोगी) भौडकर्प, टिक्चे, थुर्चे, भुतकेश, मसलाजन्य वनस्पती, टेयाङ्गु, रासेन न्यो घोनी, नो, नाच्घो (खेतमा रोप्ने एक प्रकारको लसुन) यो वनमा पनि पाउने गरिन्छ ।

जिम्बु, धुपजन्य वनस्पति, धुपी, भलु, फुर्माङ, पाङ्वे, खामलोक्साङ आदि हुन् । यहाँ प्रमुख रुपमा गुच्ची/गुच्ची च्याउ, काउली च्याउ, चिप्ले च्याउ, कान च्याउ, रातो च्याउ लगायतका न्याउजन्य वनस्पतीहरू पाईन्छन् । नेपालको सन् १९९४/९५ को स्थलीकृत सर्वेक्षण तथ्याङ्क (टोपोग्राफिक सर्वे डाटा) का अनुसार नार्पा भूमि गाउँपालिकाको कूल क्षेत्रफल ८३७.५४ वर्ग किलोमिटर रहेकोमा ०.४४ प्रतिशत मात्र वन क्षेत्र रहेको देखिन्छ ।

**जंगली जनवारहरूः** यस गाउँपालिका क्षेत्रमा पाईने जंगली जनावारमाः हिमचितुवा (रातो, कालो र हल्का पहेँलो), स्याल, स्थानीय भाषामा घोङ भनिने भालु, स्याल, मृग, कस्तुरी, नाउर, घोरल, लङ्गुर बाँदर, फ्याउरो, वन विरालो, ताङ्छर, स्थानीय भाषामा हिगु भनिने मलसाप्रो, न्याउरी मुसा, मुसा, भ्रापा (स्थानीय जिव जसको आकार मुसा जस्तो, तर मुसा भन्दा केही ठुलो हुने र पुच्छर नहुने) र छुचुन्द्रो आदि प्रमुख रहेका छन् । यहाँका बनजंगलमा हिमचितुवा, नाउर, मृग, भालु, कस्तुरी, लङ्गुर, यति (हिममानव) सिङ्गी आदि बन्यजन्तुहरू पाईन्छन् । **यहाँ पाईने घस्रेर हिँड्ने जिवहरूमा चिप्ले किरा, गड्यौला र छेपारो आदि प्रमुख हुन् ।** त्यसैगरी यहाँ याक चौंरी, भेडा, च्याङ्ग्रा, लुलु गाई, घोडा आदि घरपालुवा जनवारहरू पाईन्छन् भने घरपालुवा पंक्षीहरू यस क्षेत्रमा रहेको पाँइदैन ।।

**चराचुरुङ्गी पंक्षीहरूः** यस गाउँपालिका क्षेत्रमा पाईने मुख्य चराचुरुङ्गी पंक्षीहरूमा गिद्ध (झ्या), चील (खुसाली), बाज (चिग्या), डाँफे (नाताङ) भाले, मुनाल (नाताङ) पाथी, तिथ्रो (छोम), च्याँखुरा (ताङजो), काग (चारप्रकारकोः कालो चुच्यो, रातो चुच्यो, सेतो चुच्यो, पहेँलो चुच्चो), परेवा (सेतो आकासे निलो रङको/प्रोकोङ व्यागा), भँगेरा, काडेघरा (छिचोफोक्तोङ), पानीहाँस, ढुकुर, उल्लु (लाटकोसेरो), कुइचा (विहान तीन वजे तिर कराउने गर्दछ), कुकु चरा (कोइली), तीत्रा, कुइचरा आदि मुख्य रहेका छन् ।

**घरपालुवा जनावारहरूः** यस क्षेत्रमा पाइने मुख्य घरपालुवा जनावारहरूमा स्थानीय नाम घ्याभे भनिने याक (भाले), स्थानीय भाषामा प्री भनिने चौंरी/नाक (पोथी), घोडा (ता), लुलु गाई (म्हे) गोरु (

लाङसे), भेडा (घ्घू), स्थानीय नाम राप भनिने च्याङ (भाले), स्थानीय नाम रा, योघी भनिने बाखा, थानीय नाम नोकी भनिने कुकुर, स्थानीय नाम नावर रहेको विरालो आदि प्रमुख रहेका छन्

**बनस्पतीहरू:** हावापानी माटो उचाई, धरातलीय अवस्था आदिले बनस्पतीलाई ठूलो प्रभाव पारेको हुन्छ। यो गाउँपालिका २८१२ मिटरदेखि ७०९२ मिटर उचाईसम्म फैलिएको र बलौटे पथ्थरीलो माटो भएको भू-स्वरुप र बार्षिक १०० सेन्टिमिटर भन्दा कम बर्षा हुने भएकोले गर्दा यस क्षेत्रमा प्राकृतिक बनस्पती त्यती राम्रो पाँईदैन। २८१२ मिटर उचाई देखि ३३०० मिटर उचाईसम्म कोणधारी प्रकारको गोब्रेसल्ला, धुपीसल्ला, भोजपत्र जस्ता बनस्पती पाइन्छन् भने ३३०१ मिटरदेखि ५००० मिटर उचाईसम्म झाडी बुट्यान जस्ता अल्पाइन प्रकारका बनस्पती पाइन्छन् । त्यसैगरी ५००१ मिटर उचाईदेखि माथिदेखि ७०९४ मिटरको उचाईसम्म काई, लेउ, झ्याउ, जस्ता टुन्ड्रा प्रकारका बनस्पती पाइन्छन्। यसका साथै यार्चागुम्बु, जिम्वु, महारङ्गी(भ्रामा), पाँचऔले, वनकस (वनलसुन), लगायतका विभिन्न प्रकारका जडिबुटिहरू र धुपजन्य रुखहरू प्रचुर मात्रामा पाईने गर्दछन् । यस गाउँपालिका क्षेत्रमा पाईने वनस्पतीहरूमा धुपी, गोव्रे सल्लो, काँडे सल्ला, सतलो सल्ला, भोजपत्र (स्थानीय नाम ताक्यासिं), सिलिङ्गी, सिङमार, भोटे पिपल (मेसिङ), च्याङग्रर सिङ, रुस (झार), टिम्बुर, त्रिचुर रुङ, (अमिलो रुख) तिजखण्डो, अतिमेर सिङ, टाङजे सिङ (रुख), सुस्योसिङ, केर्पा सिङ (केर्पे), लाङवा सिङ, पोस्योल सिंह, हुम्पु सिंङ, नोक्री सिङ, भ्यासिङ/च्यासिङ (नेपाली), ताक्पा भ्याङ, सिङ्मार भ्या, पाङ भ्या, कुच भ्या, भाल भ्या आदि मुख्य रहेका छन् ।

**फूलहरू:** यो क्षेत्र प्राकृतिक सुन्दरता र जैविक विविधताले भरिपूर्ण छ। यहाँका फूलहरूले हिमालको कठोर वातावरणलाई पनि रङ्गीन र जीवन्त बनाइदिन्छन्। नार्पा भूमि क्षेत्रमा पाइने फूलहरूले हिमालको कठोरता र सौन्दर्य प्रस्तुत गर्नुका साथै यहाँको प्राकृतिक वातावरण तथा समृद्ध जैविक विविधतालाई प्रतिनिधित्व गर्छन्। यहाँका फूलहरू तथा वनस्पतिबारे विस्तृत वैज्ञानिक अध्ययनहरू नभए पनि यहाँ पाइने केही प्रमुख फूलहरूमा गुराँस, एडेलवाइस, हिमाली प्रिमरोज, सुनगाभा, ब्रम्हा कमल, वन लसुन, हिमालयन गेरानियम, बटरकप, हिमालयन आईरिस, शेर्चे मेन्दो, थु मेन्दो, टाङडाङ से मेन्दो, घ्यार्चे मेन्दो, ताङचे मेन्दो, खाल्चे चिङ मेन्दो, बिसार मेन्दो, झिमपु मेन्दो, न्होकी मेन्दो, आलोकी मेन्दो आदि हुन्। यस क्षेत्रमा अझै पनि धेरै अनौठा र कमै चिनिएका फूलहरू हुन सक्छन्, जसको बारेमा थप अध्ययन हुन भने बाँकी नै छ। केही फूलहरूको व्याख्या यो खण्डमा गरिएको छ।

१. **गुराँस** (**Rhododendron**): गुराँस नेपालको राष्ट्रिय फूल हो । नार्पा भूमिको तल्लो र मध्यवर्ती भेगमा विभिन्न प्रजातिका गुराँसहरू पाइन्छन् । वसन्त ऋतुमा हिउँ पग्लन थालेपछि गुराँसका राता, गुलाबी, सेता र बैजनी रङका फूलहरूले डाँडाहरूलाई रङ्गीन बनाइदिन्छन् । यी फूलहरूले वातावरणलाई अझ मनमोहक बनाउँछन् । यस क्षेत्रमा ठूला गुराँसका रूखदेखि लिएर जमिनमा फैलिएका बुट्यानसम्म पाइन्छन्, जसले हिमालको कठोरतालाई पनि हराभरा बनाउँछ ।

२. **नीलो पोपी** (**Blue Poppy–Meconopsis**): नीलो पोपीलाई 'हिमालयको रानी' पनि भनिन्छ । यो अत्यन्तै सुन्दर र दुर्लभ फूल हो । नार्पा भूमिको उच्च लेकाली तथा चट्टानयुक्त भूभागमा नीलो पोपीका फूलहरू फुल्छन् । यसको गहिरो नीलो रङले जो कोहीलाई पनि आकर्षित गर्छ । सामान्यतया जुलाईदेखि अगस्ट महिनातिर यो फूल फुल्छ । यो फूलको दर्शन गर्न पाउनु नै एक किसिमको सौभाग्य मानिन्छ, किनभने यो जताततै पाइँदैन । यसको सुन्दरताले उच्च हिमालको उजाड देखिने भूमिमा पनि जीवनको संकेत दिन्छ ।

३. **एडेलवाइस** (**Edelweiss – Leontopodium**): एडेलवाइस युरोपको आल्प्स पर्वतमा मात्र होइन, नेपालको उच्च हिमालय क्षेत्रमा पनि पाइन्छ । यो फूल आफ्नो नरम, ऊनजस्तो सेतो पातहरू र तारा आकारको फूलको लागि चिनिन्छ । यो फूलले हिउँ र चिसोलाई सजिलै सामना गर्न सक्छ । एडेलवाइस साहसिकता र पवित्रताको प्रतीक मानिन्छ । नार्पा भूमिको सुख्खा र चट्टानी भूभागमा यसलाई भेट्न सकिन्छ । यो फूल हेर्नमा जति कोमल देखिन्छ, यसले त्यति नै कठिन परिस्थितिमा पनि आफूलाई बचाउन सक्छ ।

४. **हिमाली प्रिमरोज** (**Himalayan Primrose – Primula**): हिमालय क्षेत्रमा थुप्रै किसिमका प्रिमरोजहरू पाइन्छन् । यी फूलहरू प्रायः गुलाबी, बैजनी, पहेंलो र सेतो रङका हुन्छन् । नार्पा भूमिको ओसिलो घाँसे मैदान र खोला किनारमा यो फूल झुप्पा-झुप्पामा फूलेको देखिन्छ । यसको रङ्गीन र सानो-सानो फूलले लेकाली घाँसे मैदानको सुन्दरतालाई अझ बढाउँछ ।

५. **सुनगाभा** (**Orchids**): नेपालका तराई र मध्य पहाडी क्षेत्रमा धेरै किसिमका सुनगाभा पाइन्छन् । तर, नार्पा भूमिको जस्तो उच्च हिमाली क्षेत्रमा पनि केही विशेष प्रजातिका सुनगाभाहरू पाइन्छन् । यहाँ पाइने सुनगाभाका प्रजातिहरू अन्यत्र पाइनेभन्दा साना र फरक हुन्छन् । यिनीहरू रूखको हाँगामा वा जमिनमा फुल्ने गर्छन् । यद्यपि, यी सुनगाभाहरू अन्य क्षेत्रका जस्तो आकर्षक नभए पनि,

यिनीहरूको अस्तित्वले उच्च हिमाली पारिस्थितिक प्रणालीको सन्तुलनमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

**६. ब्रम्हा कमल** (**Brahma Kamal – Saussurea obvallata**): ब्रम्हा कमललाई 'फूलहरूको राजा' मानिन्छ । यो फूलको धार्मिक र सांस्कृतिक महत्त्व पनि छ । यो फूल समुद्री सतहबाट ३,५०० देखि ४,८०० मिटरको उचाइमा पाइने दुर्लभ र बहुमूल्य फूल हो । यसको सेतो र पहेँलो रङ्गको ठूलो फूलले यसलाई अन्य फूलहरूभन्दा फरक बनाउँछ। ब्रम्हा कमल राति फुल्छ र बिहान सूर्यको प्रकाशसँगै बन्द हुन्छ । यस फूललाई धार्मिक अनुष्ठानमा पनि प्रयोग गरिन्छ । नार्पा भूमिको उच्च लेकाली तथा चट्टानयुक्त भूभागमा यसलाई भेट्न सकिन्छ ।

**७. वन लसुन** (**Fritillaria**): यो एक किसिमको जंगली फूल हो, जसको लसुनजस्तै गन्ध हुन्छ । वन लसुन प्रायः गुलाबी, पहेंलो वा बैजनी रङ्गको हुन्छ । यसको पातहरू लसुनका पातजस्तै लामा र पातला हुन्छन् । यो फूल लेकाली घाँसे मैदान र ओसिलो ठाउँमा पाइन्छ । यस फूललाई कहिलेकाहीँ जडीबुटीको रूपमा पनि प्रयोग गर्ने गरिन्छ, तर यसको प्रयोग गर्दा सावधानी अपनाउनुपर्छ ।

**८. हिमालयन गेरानियम** (**Himalayan Geranium – Geranium himalayense**): यो फूल नीलो वा बैजनी रङ्गको हुन्छ र यसको पातहरू सुन्दर हुन्छन् । हिमालयन गेरानियम प्रायः झाडी जस्तै फैलिएको हुन्छ र यसले जमिनलाई ढाक्छ । यो फूल ओसिलो र चिसो ठाउँहरूमा राम्रोसँग फल्छ । नार्पा भूमिको जंगलको छेउछाउ वा खोला किनारमा यसको सुन्दर झाडी देख्न सकिन्छ । यसको रङ्गीन फूलहरूले यहाँको प्राकृतिक वातावरणलाई अझ सुन्दर बनाउँछ ।

**९. बटरकप** (**Buttercup – Ranunculus**): बटरकप पहेँलो र चम्किलो रङ्गको फूल हो । यो फूल विशेषगरी ओसिलो र घाँसे मैदानमा पाइन्छ । नार्पा भूमिको चिसो र ओसिलो वातावरण यसको लागि उपयुक्त हुन्छ । यसको चम्किलो पहेँलो फूलले घाँसे मैदानलाई अझ आकर्षक बनाउँछ । बटरकपको धेरै प्रजातिहरू पाइन्छन् र प्रायः सबै पहेँलो रङ्गका हुन्छन् ।

**१०. हिमालयन आईरिस** (**Himalayan Iris – Iris hookeriana**): आईरिस एक सुन्दर फूल हो, जसको फूलको आकार र रङ्गले गर्दा यसलाई सजिलै चिन्न सकिन्छ । यो फूल नीलो, बैजनी र पहेँलो रङ्गको हुन्छ । नार्पा भूमिको ओसिलो, ढुङ्गायुक्त र घाँसे मैदानमा पाइने यो ठूलो र सुन्दर फूलले हिमालको कठोर वातावरणमा पनि रङ्गीनता थपेको छ ।

### ३.४.३ प्रमुख हिमालहरू

नारफू गाउँपालिकामा रहेका प्रमुख हिमालहरूमा रत्नचुली हिमाल, भृकुटी हिमाल (साउथ र नर्थ गरी दुई वटा), चक्कु हिमाल, फोकर हिमाल, लगुला हिमाल, सालीबुङ हिमाल, सोनाम हिमाल, कारसाङ हिमाल, चिप हिमाल, आमाचाङ हिमाल र दामोदर हिमाल मुख्य रहेका छन् । यहाँ रहेका हिमालहरूमा साहसिक पर्यटनको प्रचुर सम्भावना रहेका देखिन्छ ।

सानादेखि ठूला हिमाल यस क्षेत्रमा रहेकाले तिनीहरूको उचित संरक्षण र संवर्द्धन गर्न सकेमा स्थानीय आयको स्रोत समेतमा योगदान पुग्न सक्ने देखिन्छ । वडा नं. १ मा खामजुङ्कर हिमाल, दामोदर हिमाल, नार पिक, आमाचाङ एक र दुई लगायतका हिमालहरू रहेका छन् । वडा नं. ४ क्षेत्रमा पर्ने मुख्य हिमालहरूमा नाम्जुङ पिक, घेजुगाङ (७००० मि.), निम्जुङ हिमाल, हिमचुङ हिमाल, हिमलुङ हिमाल, फूगाङ हिमाल, रत्नचुली हिमाल आदि रहेका छन् ।

**खाङ गुरु हिमाल (Khang Guru Himal)**

नार गाउँबाट देखिने सुन्दर हिमालको नाम खाङ गुरु हिमाल हो । धेरैले यसलाई कङ्गारु हिमालको रुपमा समेत चिन्ने गर्छन् । खाङ गुरु हिमाल अन्नपूर्ण हिमशृङ्खलाको पूर्वी भागमा अवस्थित छ । यो हिमालको भू-बनोट ठाडो र जोखिमपूर्ण रहेको छ । यसको उचाइ समुन्द्र सतहबाट ६,९८१ मिटर ( २२,९०४ फिट) रहेको छ । यहाँको हावापानी अत्यन्तै चिसो र हिउँले भरिएको हुन्छ । यो हिमाल प्राविधिक रूपमा आरोहण गर्न चुनौतीपूर्ण र कठिन मानिन्छ । यसले अनुभवी पर्वतारोहीहरूलाई मात्रै आकर्षित गर्छ । यसको चुचुरोबाट अन्नपूर्ण, मनास्लु र लाङ्टाङका हिमालहरूको विशाल मनमोहक दृश्य देख्न सकिन्छ ।

**हिमलुङ हिमाल (Himlung Himal)**

हिमलुङ हिमाल बेस क्याम्पबाट हिमलुङ हिमाल आरोहणको क्रम शुरु हुन्छ । हिमलुङ बेस क्याम्प मनाङ जिल्लाको फू गाउँ नजिकै ४,८५० मिटर उचाइमा रहेको छ जुन उक्त हिमाल आरोहणको मुख्य आधार हो । हिमलुङ हिमालको उचाइ ७,१२६ मिटर (२३,३८० फिट) रहेको छ । यो हिमाल आरोहणका लागि वसन्त (अप्रिल-मे) र शरद (अक्टोबर-नोभेम्बर) मौसम उपयुक्त मानिन्छ । हिमलुङ आरोहणले अन्नपूर्ण, मनास्लु र धौलागिरि हिमश्रृंखलाको शानदार र अद्भुत दृश्यहरूले पर्वतारोहीहरूलाई मोहित पार्छन् । हिमलुङ हिमाल मनाङको उत्तरी भागमा नेपाल-तिब्बत सीमाना

नजिकै अवस्थित छ । यसको भौगोलिक बनोट जटिल छ, जसमा हिउँले ढाकिएका ठाडा भीरहरू र हिमनदीहरू रहेका छन् । हिमालको हावापानी वर्षभरि नै अत्यधिक चिसो र बर्फीलो हुन्छ । तापक्रम सधैँ शून्यभन्दा तल रहन्छ । हिमलुङ हिमाललाई आरोहणका लागि प्राविधिक रूपमा तुलनात्मक रूपमा सजिलो मानिन्छ । यसको चुचुरोमा पुग्न सामान्यतया दुईदेखि तीन हप्ताको समय लाग्छ । यसको आरोहण गर्दा अन्नपूर्ण र मनास्लु हिमशृङ्खलाका अद्‌भुत र नजिकबाट देखिने दृश्यहरूले पर्वतारोहीहरूलाई मोहित पार्छन् ।

**पिसाङ पिक (Pisang Peak)**

पिसाङ पिक मनाङ उपत्यकाको तल्लो भागमा पर्ने पिसाङ गाउँको नजिकै अवस्थित छ । यो पिक ठाडो र चट्टानी भू-बनोटको रहेको छ । समुन्द्र सतहबाट यसको उचाइ ६,०९१ मिटर (१९,९८३ फिट) रहेको छ भने यहाँको हावापानी चिसो हुन्छ । यो पिक ट्रेकिङ र पर्वतारोहण दुवैका लागि लोकप्रिय रहेको पाइन्छ । यसलाई पर्वतारोहणको प्राविधिक सीप सिक्नका लागि पनि प्रयोग गर्ने गरिएको छ । यसको चुचुरोबाट अन्नपूर्ण II, IV, गङ्गापूर्ण र मनास्लुजस्ता हिमालहरूको मनमोहक दृश्य देख्न सकिन्छ ।

### ३.४.४ भन्ज्याङ तथा पासहरू

नेपालको उत्तरी छिमेकी देशसँग सिमाना जोडिएको जिल्लामा उच्च हिमाली भेगमा पर्ने यस गाउँपालिकामा सालीवुङ पास (मुस्ताङको ताङ्गे जाने), पाङ्गे पास (नार जाने), ल्हडो पास (पाङ्गे जाने), छ्यूपु पास (छोकर्ण ताल र गुरुसाङफुक झरना जाने), याम्रीय पास (जीम्वु खर्क जाने), सासार पास (गुरुसाङफुक जाने) आदि उच्च स्थानमा रहेका प्रमुख पासहरू हुन् । वडा नं. एकमा काङला पास, तेरिला पास, पाङ्ग्रे पास, नाम्गे पास रहेका छन् भने वडा नं. २ लगायतका पदयात्रका लागि प्रसिद्ध पासहरू रहेका छन् ।

**काङला पास (Kang La Pass)**

काङला पास नार गाउँबाट मनाङ उपत्यकाको थोरुङला पाससँग जोडिने एक महत्त्वपूर्ण र चुनौतीपूर्ण पदमार्ग हो । यो पासमा ठाडा भीर, हिमनदी र चट्टानहरूले भरिएको छ । यसको उचाइ ५,३२० मिटर (१७,४५४ फिट) छ । यहाँको हावापानी अत्यधिक चिसो, सुख्खा र हावाहुरी चल्ने किसिमको हुन्छ । हिउँले प्रायः ढाकिएको हुने हुँदा यसलाई पार गर्न विशेष तयारी र सुरक्षा अपनाउनुपर्छ । विगतमा यो

पास नारफू उपत्यकाका बासिन्दाहरूले मनाङ उपत्यकासँग जोडिन प्रयोग गर्ने एउटा पुरानो व्यापारिक मार्ग थियो । यो पास पार गर्न पदयात्रीहरूले उच्च शारीरिक क्षमता र साहसिक भावना राख्नुपर्छ । यो यात्राले अन्नपूर्ण, मनास्लु, हिमलुङजस्ता हिमालहरूको अनुपम दृश्य प्रदान गर्छ ।

**तेरिला पास (Teri La Pass)**

तेरिला पास माथिल्लो मुस्ताङ र मनाङको नार्पा भूमि क्षेत्रलाई जोड्ने एउटा अत्यन्तै दुर्गम र कमै प्रयोग हुने पदमार्ग हो । यसको भू-बनोट कठिन र उजाड प्रकृतिको रहेको छ । यसको उचाइ ५,५९० मिटर (१८,३४० फिट) छ । यहाँको हावापानी अति नै चिसो र सुख्खा हुन्छ । यस पासको यात्रा गर्ने क्रममा बाटोमा धेरै हिमनदी र हिउँको ढिस्का पार गर्नुपर्ने हुन्छ । यो पदमार्ग साहसिक पदयात्रीहरूका लागि मात्रै उपयुक्त मानिन्छ । यस बाटोमा कुनै पनि बस्ती वा सुविधाहरू नभएकाले सबै आवश्यक सामग्रीहरू बोकेरै जानुपर्ने हुन्छ । यो पास विगतमा माथिल्लो मुस्ताङ र मनाङका बासिन्दाहरूबीच व्यापारिक सम्बन्ध स्थापित गर्न प्रयोग हुने पुरानो मार्ग थियो । नार्पा भूमि गाउँपालिकाको महत्त्वकांक्षी योजना नार्पा भूमि गा.पा. १ नार, मनाङदेखि लो घेर दामोदरकुण्ड गा.पा. मुस्ताङसम्मको पदमार्ग ( तेरिला पास - ५५९० मि.), लो-घेकर दामोदरकुण्ड गा.पा. मुस्ताङसँग आवश्यक समन्वय गरी पर्यटकीय पदमार्ग प्रचार-प्रसार कार्यमा यस नार्पा भूमि गा.पा.का जनप्रतिनिधि, कर्मचारी र बुद्धिजीवीहरू समेत भई नार गाउँदेखि ४ दिनको पैदल यात्रा गरी प्रचार प्रसारको काम अघि बढाईएको छ ।

### ३.४.५ गुफाहरू

गाउँपालिकामा स्थानीय भाषामा गुफा/ओडारलाई 'ऊ' भनिन्छ । यस गाउँपालिका क्षेत्रमा रहेका प्रमुख गुफाहरू (ऊ) मा क्यालाम ऊ, छिम्भ्रा ऊ, ल्हङु ऊ, निम्वु ऊ, घाम्वजे ऊ, रापचाङ्वा ऊ, भ्राजु ऊ, साँदुखेद ऊ, पाल्दे ऊ, कारातेपे ऊ, सोस्रीतिङ ऊ, डोरू ऊ, ल्हङु ऊ, भ्राकोइ ऊ, पाङ्गे ऊ र ढङ्स्योम्वु ऊ आदि हुन् । यस प्रकारका गुफाहरूमा प्राचीन समयमा मानिसहरूको बसोवासको प्रमाणहरू समेत भेटिने गरेका छन् । यो विषय अध्ययन अनुसन्धानको विषय बन्ने गरेको तथा भविष्यमा समेत अध्ययनको विषय हुने देखिन्छ ।

यस गाउँपालिकामा विभिन्न ऐतिहासिक गुफाहरू रहेका छन् । जसमध्ये गाउँपालिकाको वडा नं. १ मा टासीफुङ गुफा, भ्रालाकाङ (भ्राल्हाकाङ) गुफा, निङफुरुङ (निङफुक) गुफा, कोचो गुफा आदि मुख्य

रहेका छन् त्यसैगरी वडा नं. ४ मा केसाङ गुफा, पेकोङ गुफा, स्होखोङ गुफा, कुङ गुफा, पाँदर उ गुफा, ल्हा ब्रिबा उ गुफा, भेम्चे गुफा, धिङ धिङ गुफा, क्याङ गुफा, फुर्कुङ गुफा मुख्य रहेका छन् ।

### ३.४.६ खानीहरू

यस गाउँपालिकाको वडा नं. १ मा निङवु डाँडामा ढुंगाखानी, सेदेखोला, होखाला, सते खोला, रज्वु खोलामा वालुवाखानी, निम्युमा सेतो माटोको खानी, मिउनाङ छुक्चे र छ्योता खोलामा कालोमाटोको खानी, उल्ले खोलामा रातोमाटोको खानी रहेको पाइन्छ भने ले खोला र ढो खोलामा स्थानीय भाषामा झ्यापेन खान भनिने चुनढुङ्गाको खानी समेत रहेको छ । त्यसैगरी गाउँपालिकाको वडा नं. २ मा लाखाङ क्येडाँडामा ढुङ्गा खानी, मेव्री खोलामा वालुवा खानी, मेव्री र न्हाच्याङमा कालोमाटोको खानी रहेको पाइन्छ साथै वडा नं. ३ मा सुङचको र म्रेङगुङ खोलामा ढुङ्गा खानी, च्यापा खोला र खोजे खोलामा वालुवा खानी, म्रेङ घ्यूङमा सेतो र कालोमाटोको खानी आदि रहेको पाइन्छ ।

### ३.४.७ पुरातात्विक सम्पत्तिहरू

यस गाउँपालिकामा रहेका पुरातात्विक सम्पत्तिहरूमा वडा नं. ३ मा रहेको छोइ धिम गुम्बा, वडा नं. १ मा रहेको ह्युङ्कार बस्ती, वडा नं. ३ मा रहेको झुनाम बस्ती, नार गाउँ, मेता गाउँ, च्याँखु गाउँ, च्यप रेन, च्यप मेन, छ्युचे गुम्बा, चाम जोङ, क्याङ बस्ती/गाउँ, भोल्हे बस्ती, कुङ बस्ती, पाङग्री बस्ती, वाकल गाउँ, अन्य पुराना भग्नावशेषहरू, समेत रहेका छन् । त्यसै गरी वडा नं. ५ मा रहेका फू गाउँ, झोङ बस्ती, उबी डोइरु, घोम्रेन, राना बस्ती, उप्धा बस्ती, होम घाङ बस्ती आदि मुख्य रहेका छन् ।

### ३.४.८ धार्मिक स्थलहरू

यस गाउँपालिकामा रहेका करिव ६०० वर्ष पुरानो सात्ते गुम्बा, वि.सं. २००६ सालमा निर्मित सतेक गुम्बा (वडा नं. १), करिव ५५० वर्ष पुरानो साम्डुछ्योलिङ पुरानो गुम्बा, २०७५ सालमा निर्माण भएको साम्डुछ्योलिङ वल्लो नयाँ गुम्बा, करिव ५५० वर्ष पुरानो नार्पामा रहेको नारो छ्योलिङ गुम्बा, करिव १०० वर्ष पुरानो कर्मा पाल्देन छ्योलिङ गुम्बा, करिव ५५० वर्ष पुरानो गुरु छ्योलिङ (रेनतेन) गुम्बा, करिव ५५० वर्ष पुरानो घोघो छ्योर्तेन गुम्बा, करिव ५५० वर्ष पुरानो प्रोघोङ छ्योर्तेन गुम्बा, करिव ५५० वर्ष पुरानो मानीलाखाङ गुम्बा, करिव ५५० वर्ष पुरानो भोन गुम्बा, करिव ८०० वर्ष पुरानो वी (रेनछेन) गुम्बा, करिव ५५० वर्ष पुरानो फुङचोकछाङ गुम्बा, बि.सं. २०७७ सालमा निर्मित

गुरुपार्क गुम्बा, वडा नं. ३ मा २०७७ सालमा निर्मित बुद्ध पार्क गुम्बा, वडा नं ४ मा कुङ गुम्बा, वडा नं. २ मा रहेको क्याङ गुम्बा र प्याङ्बु गुम्बा वडा नं. ५ मा करिव ६०० वर्ष पुरानो टासीलाखाङ गुम्बा लगायत प्रमुख धार्मिक स्थलहरू हुन् । यहाँका गुम्बा, माने, छोर्तेन, मेन्ताङ, गुफा, पवित्र झरना, पवित्र शिलाढुंगा, पवित्र तालहरू धार्मिक स्थलहरू हुन् । वडा नं. ३, च्याँखुमा बुद्धपार्क रहेको छ । यो ठाउँ पर्यटकहरूले समय विताउने रमणिय स्थलको रुपमा रहेको छ ।

**माने:** फू गाउँको सिरानमा गाउँका बुढापाका महिला तथा पुरुषले हरेक दिन विहान प्रार्थना गर्ने ढुंगामाटोले बनेको माने रहेको छ । त्यसैगरी गाउँका सबै व्यक्तिले सँधै गएर पूजा गर्ने २०८२ सालमा निर्माण गरिएको ओम माने पेमेको मुख्य देवता स्तुपा चेरेसिक समेत यहाँ रहेको छ ।

**वेसेर छेलिङ्ग गुम्बा:** ओङसाङताङ जातीले विक्रम सम्वत् ३०० देखि ४०० को विचमा निर्माण गरेको विश्वास गरिने वेसेर छेलिङ्ग गुम्बामा ति जातीको परिवारले पूजा गर्ने गर्दछन् । पहिलेको जिजुवाले आफ्ना ३ वटा छोरा मध्ये कान्छो छोरालाई यो गुम्बा दिएको जनविश्वास रहेको छ भने बाँकी २ वटा छोराहरूलाई अरु २ वटा गुम्बा वनाउन लगाएको किंवदन्ती रहेको छ ।

**ख्यूङ्चो पाल्की गुम्बा:** वडा नं. ५ मा रहेको ख्यूङचो पाल्की गुम्बा करिव ३०० वर्ष अगाडि वनेको जनविश्वास रहेको छ । क्षेत्रफल करिव १ रोपनी क्षेत्रफमा फैलिएको यो गुम्बाको वि.सं. २०७२ साल बैसाख १२ गते गएको विनासकारी भूकम्पले संरचना भत्किएको थियो भने हाल सोको पूनःनिर्माण भइरहेको छ । यसको उत्तरमा पुर्खा जातीको करिव १०० परिवार बसोवास गर्ने गरेका छन् भने, भुकम्प पछि कतिपय ढुङ्गा माटोका घरहरू भग्नावशेषको रुपमा रहेका छन् । आरसिसि स्ट्रक्चरमा निर्माण भईरहेको गुम्बा हाल २ तल्ला पूरा भएको छ भने गुम्बाको बिच भागमा बुद्धको मूर्ति रहेको छ । लामाद्धारा दैनिक नित्यकर्म गरिने यस गुम्बामा मुख्य पूजा हरेक ३/३ महिनामा र कार्तिक महिनामा ठुलो पूजा गर्ने गरिन्छ । उक्त पूजा गर्दा यहाँ बसोवास गर्ने तीन जातीहरू ओङसाङताङ, लातेन, ङोज्योतेन र ती जातीले छनोट गरेको संस्था घेङ्बु लेन्जेनले गर्ने गर्दछ । बुद्ध गुरु रेम्पोचेको आसन बनाई पुजा गर्दा बायाँ तर्फ देवताको मूर्ति, विचमा बुद्धको मूर्ति र दाया तर्फ घ्याल्वो (राजाको मूर्ति) राख्ने प्रचलन रही आएको छ ।

**टासिलाखाङ गुम्बा (Tasi Lakang Gumba):** टासिलाखाङ गुम्बा नार गाउँ नजिकैको एउटा डाँडामा अवस्थित रहेको छ । ऐतिहासिक र धार्मिक महत्त्व युक्त यस गुम्बाको निर्माण परम्परागत हिमाली

शैलीमा ढुङ्गा र माटोको प्रयोग गरी गरिएको छ । यो गुम्बाको निर्माण भएको समयमा उर्गेन लेन्छुप ग्याछो तीर्थयात्रामा जाँदा तिव्वतमा पाचौं कर्मापा (वंशज/Linage) रहेकोमा अहिले त्यहाँ १७ औं कर्मापा (वंशज/Linage) रहेका छन् । यसबाट यो गुम्बाको निर्माण करिव १५०० वर्ष अघि भएको हो भन्ने स्प्रष्ट हुन्छ । वडा नं. ५ मा रहेको यो गुम्बा विश्वमा रहेका प्रमुख १०६ वटा गुम्बा हरेकोमा यो गुम्बालाई सबैभन्दा कान्छो गुम्बाको रुपमा रहेको र यसको दर्शन नगरेसम्म अरु गुम्बाको दर्शन गरेको पनि पुरा नहुने किंवदन्ती रहेको पाइन्छ । समुन्द्र सतहबाट यो गुम्बाको उचाइ करिब ४,३०० मिटर (१४,१०० फिट) रहेको छ । यस ठाउँको हावापानी प्रायः चिसो र सुख्खा हुन्छ । यो गुम्बा यस क्षेत्रको सबैभन्दा पुरानो गुम्बामध्ये एक हो । यसले नार-फू उपत्यकाको बौद्ध धर्मको गहिरो इतिहासलाई झल्काउँछ । यहाँका भित्ते चित्रहरू, मूर्तिकला र धार्मिक पाण्डुलिपिहरूले यसको महत्त्वलाई अझ बढाउँछन् ।

**बुद्ध पार्क च्याँखु गाउँ (Buddha Park Chyankhu Gaun)**: नार्पा भूमि गाउँपालिकामा रहेको च्याँखु गाउँ मनाङ जिल्ला कै माथिल्लो भेगमा अवस्थित रहेको छ । यो पार्क च्याँखु गाउँको नजिकै एक रमणीय डाँडामा बनाइएको छ । यसको उचाइ समुन्द्र सतहबाट करिब ३,९०० मिटर (१२,७९५ फिट) रहेको छ । यस ठाउँको हावापानी चिसो र सुख्खा हुन्छ । यो पार्कमा बुद्धका विशाल मूर्तिहरू र धार्मिक प्रतीकहरू राखिएका छन्, जसले यहाँ आउने आगन्तुकहरूलाई शान्ति र आध्यात्मिक भावना प्रदान गर्ने गरेको पाइन्छ । आध्यात्मिक शान्ति पाउन सकिने तथा वरपरका हिमालहरूको सुन्दर दृश्य र शान्त वातावरणमा रमाउन सकिने हुँदा, हालका दिनमा यो पार्क पर्यटकहरूको लागि एक लोकप्रिय स्थल बन्दै गएको पाइन्छ ।

## ३.५ जातजाति, संस्कृति रहन सहन तथा चाडपर्वहरू

**नार्पा भूमि गाउँपालिकाका मुख्य जातजातीहरू**: यस गाउँपालिकामा रहेको धेरै जनसङ्ख्या भएको मुख्य जाती नार्पा जाती हो । यहाँ रहेका अन्य जातहरूमा लामा, गुरुङ, घले, तामाङ आदि पर्दछन् । नार्पा जातिको प्रमुख बसोबास रहेको यस क्षेत्रमा बोलिने प्रमुख भाषा नार्पा भाषा हो भने सम्बोता लिपी (तिर्वतियन लिपी) यहाँको प्रमुख लिपी हो ।

**धर्म**: यस गाउँपालिकाको वडा नं १ देखि ५ सम्मका वासिन्दाहरूको मुख्य धर्म बौद्ध रहेको छ । बौद्ध धर्म ग्रन्थ अनुसार परम्परा मान्ने र सोही अनुसार चाड, पर्व तथा संस्कृतिहरू मान्नेको पाइन्छ ।

**संस्कारः** जन्मको समयमा लामाद्वारा साइत हेराएर नवजात शिशुको जन्म भएको तेश्रो दिनमा बच्चाको नामाकरण गरी घरको शुद्ध शान्ति गर्ने गरिन्छ । परिवारका कुनैपनि सदस्यको मृत्युको समयमा तिब्बतियन पात्रो अनुसार मृतकको मृत्यु संस्कार गर्ने गरिन्छ। यहाँका नागरिकहरू माभ्क जन्म, छेवर वा कपाल काट्ने, विवाह, मृत्यु आदि प्रचलित संस्कारहरू हुन् । यहाँका मानिसहरूले बौद्ध धर्म मान्दछन् भने ल्होसार यहाँको प्रमुख चाड हो ।

**जन्म संस्कारः** बच्चा जन्मेको ३, ५ र ७ दिनमा बच्चाको नामाकरण गरी घरमा सुत्केरी चोख्याई शुद्ध पारिन्छ । यहाँको नवजात शिशुको नामाकरण गर्दा लामाद्वारा बच्चाको नामाकरण गरिन्छ र घरमा लामा पढाई घरको शुद्धाँई गर्ने गरिन्छ ।

**कपाल काट्ने (ज्वार, चुडाकर्म)ः** लामाद्वारा साइत जुराई लामाद्वारा नै छोरा वा छोरीको उमेर ७ वर्ष र ९ वर्षको बीचमा कपाल काटिन्छ ।

**विवाहः** नार्पा जातीमा विवाह गर्ने विभिन्न प्रकार वा तरिका रहेको पाइन्छ। जस्तैः मागी विवाह, प्रेम विवाह, चोरी विवाह, भागी विवाह, अदालती विवाह आदि। यसमध्ये मुख्य रुपमा मागी विवाह नै यहा प्रचलनमा रहको पाइन्छ ।  यस विवाहमा केटा वा केटीको उमेर २० वर्ष पुगेपछि केटाकेटी पक्षका दुवै राजी खुसी भएमा केटा पक्षले केटी पक्षका काका, ठुलो बुबा, मामा आदिलाइ पुङ (रक्सी) लिएर पठाइन्छ। केटी पक्षले पुङ स्वीकार गरेपछि त्यसको केही दिन पछि केटा पक्षले ससूरा, केटी र सासु आमालाई छुटाछुटै दक्षिणा र अन्य उपहार पठाइन्छ। यो पठाउनुको मुख्य उद्देश्य केटीले विवाह गरी आउदा दाइजो पनि त्यहि अनुसार ल्याओस् भन्ने रहेको हुन्छ। त्यसपछि केटा पक्षले केटीलाई आफ्नो घरमा ल्याई भोज भतेर गरी केटीलाई नयाँ कपडा, गहना (मुगा), बाला, सिकी, फुण्डल लगाई दिई सबैले रमाइलो गरी खाना वा भोज, भतेर गरिन्छ । केटा पक्षले यसरी भोज सकेको केही दिनपछि कटी पक्षले केटा पक्षका आफन्त जनहरूलाई बोलाई आफ्नो क्षमता अनुसारको दाइजो दिई, भोज खान दिएर बिदा गरी विवाह कार्यक्रम सम्पन्न गरिन्छ ।

**मृत्युसंस्कारः** नार्पा गा.पा.को सबै बस्ती वा टोलमा कुनै पनि पुरुष वा महिलाको मृत्यु भएमा लामाद्वारा साइत जुराई, ३ दिनदेखि ५ दिन भित्रमा दाहा संस्कार गरिन्छ। दाहा संस्कार नगरुञ्जेलसम्म सबैलाई घरमै राखेर खाना खुवाउनु पर्दछ। दाहा संस्कारको दिन लामाद्वारा विधिपूर्वक कार्यगरी बाजा बजाएर दाहा संस्कार गर्ने ठाउँमा लगिन्छ र शवलाई जलाइन्छ। त्यसपछि हरेक ७/७ दिनमा पूजा गरी ४९

दिनमा ठूलो पूजा गरी मृत आत्मलाई पितृमा रुपान्तर गरिन्छ साथै हरेक वर्ष उसको मृत्युको तिथिमा सम्झना स्वरूप बत्ती बाल्ने र पूजा गर्ने गरिन्छ ।

**याचे पर्वः** समुदायमा खेती भित्र्याई सकेपछि हरेक तीन वर्षमा लामाद्वारा साईत जुराएर कूल पुजा जस्तै प्रकारले गरिने पूजालाई **याचे** पूजा भनिन्छ । घरमा अन्नको सहकाल हुन्छ तथा सुख शान्ति हुन्छ भन्ने जनविश्वासका साथ खेती घरमा भित्र्याई सकेपछि लामाद्वारा साइत जुराई याचे पर्व मनाउने गरिन्छ । प्रत्येक तीन वर्षमा बाली घरमा थन्काइसके पछि असोज महिनाको अन्तिम वा कार्तिक महिनाको शुरुमा लामाले साइत जुराएर सबैजना मिलेर खुशीयाली आदान प्रदान गरी भोज वा प्रसाद खाइ याचे पर्व मनाउने गरिन्छ । यो पर्व मनाउनुको मुख्य उद्देश्य घरमा सहकाल आओस र सबैलाई सुख शान्ति होस् भन्ने हो ।

**धेर्जी पर्वः** लामाद्वारा साइत जुराएर हरेक वर्ष श्रावण महिनामा मनाउने यो पर्वमा घोडा दौडाउने, तीर हान्ने जस्ता खेलहरू समेत खेल्ने गरिन्छ ।

**तीर हान्ने पर्वः** यहाँका मानिसहरूले चिनियाँ पात्रो अनुसार श्रावण महिनामा यूवा यूवतीहरू सामेल भएर धूमधामसँग तीर हान्ने पर्व मनाउँदछन् । यस पर्वमा पुरुषहरूले बाजी राखेर ३ दिनसम्म बुलमा तीर हान्ने खेल खेलिन्छ । जसले बुलमा तीर लगाउँछ उसले बाजी जित्दछ ।
**मानेपूजाः** तिब्बतियन पात्रो अनुसार हरेक महिनाको औंसीको दिन लामाद्वारा मानेपूजा गर्ने गरिन्छ । तिब्बतियन पात्रो अनुसार पितृको स्वर्गमा बास होस् भन्ने जनविश्वास राखि हरेक महिनाको औसीको दिन मानेपूजा गरिन्छ ।

**ध्यारसी पूजाः** नयाँ बाली लगाउनु भन्दा पहिले पानी परोस, खेतीबाली राम्रोहोस, जंगली जनावरले दुःख नदियोस भनेर लामाद्वारा साइत जुराएर घ्यारसी पूजा गरिन्छ ।

**घ्याप्सी पूजाः** लामाद्वारा साइत जुराएर गरिने यो पूजा खेती लगाउनु पूर्व गर्ने गरिन्छ भने यो पूजा समापन भए पश्चात मात्र स्थानीयहरूले खेती लगाउने गरिन्छ ।

**काङ्ची पूजाः** लामाद्वारा साइत हेरेर कार्तिक महिनामा खेती घरमा भित्र्याई सके पछि, खराब ग्रह दशाहरू हटाउने तथा ग्रहदशा काटिने विश्वासले, घरको वर्ष दिनको ग्रहहरू फालिने जनविश्वासका साथ हरेक वर्ष यो पर्व मनाउने गरिन्छ ।

**फोपे दुनछ्याङः** लामाद्वारा साइत जुराएर श्रावण महिनामा मनाउने यो पर्वमा स्थानीयहरूले आ-आफ्नो जाती अनुसार, आफ्नै विधी पद्धती अनुसार, आ-आफ्नो रितिरिवाज र परम्परा अनुसार यो पर्व मनाउने गर्दछन् । आफ्नो

**ग्याल्पो ल्होसारः** ग्याल्पो ल्होसार तिब्बतियन पात्रो अनुसार पहिलो महिनाको पहिलो दिन यस क्षेत्रमा मनाउने गरिन्छ । यस दिन बिहानै परिवारका सबै जना सदस्य शुद्ध भएर आफ्नो भेसभुषामा सजिएर बुद्ध भगवानलाई धेर्का चढाई वत्ती बाली घरको ज्येष्ठ सदस्यबाट सबैले आर्सिवाद ग्रहण गरी प्रसाद स्वरुप चिया, दुध, ढेसोल (रक्सी/छ्याङ) खाने गर्दछन् । यस पर्वमा सबै जना मिलेर मनोरञ्जन गर्ने गर्दछन् । त्यस पछि आफ्ना विश्वास लागेका गुरुहरू तथा आफ्ना मान्यजनहरूसँग भेटघाट गरी दर्शन गर्ने गरिन्छ । यो पर्वको अवसरमा तिब्बतियन क्यालेन्डर अनुसारको तीन गतेको दिनमा, ल्होसारको तीन दिन पछि, घरमा र गुम्बाहरूमा नयाँ झन्डा लगाउने गरिन्छ ।

**छ्योपी ल्होसारः** यो ल्होसार लामाहरूले मनाउने गर्दछन् । सबैमा सुख शान्ति मिल्ने जनविस्वासका साथ लामाहरूले गुम्बामा बुद्ध, गुरु रिम्पो चे र देवीको पूजा आराधना गरी यो पर्व मनाउने गर्दछन् ।

**नार्पा गाउँका मुख्य चार खलकहरूः** नार्पा गाउँमा रहेका नार्पा फोपे, रेनदेन फोपे, एपा फोपे र मेनतेन फोपे यहाँका प्रमुख चार खलकहरू हुन । नार्पा जातीको प्रमुख बसोबास रहेको यस क्षेत्रमा बोलिने प्रमुख भाषा नार्पा भाषा हो भने सम्बोता लिपी (तिब्बतियन लिपी) यहाँको प्रमुख लिपी हो ।

**खानपानः** यहाँका मानिसहरूले खानाको रुपमा करू (उवा) को पिठोबाट सातु र ढिँडो खाने गर्दछन् भने घ्यू चिया र उवा भुटेर खाजा खाने गरिन्छ, त्यसैगरी यहाँको मुख्य स्थानीय खानामा सिस्नु, साग, आलु, दाल, भात, मासु, अण्डा, दहि, दुध, मही, रोटी, तिब्बतियन रोटी, फापरको रोटी, ढिँडो आदि प्रमुख रहेका छन् ।

**भेसभुषाः** यहाँका पुरुषले लगाउने मुख्य पोशाकमा नार्पा सांस्कृतिक पोशाक, छिरिङतिङ्गाको (टोपी), कोन (बख्खु), हुन्जु, फुकी/की(पटुका), कोनम नाङग्ये (सुरुवाल), घ्यो/नाक्तो(दोचा), भिरु (मुगामाला) आदि प्रमुख हुन् । त्यसैगरी महिलाले लगाउने मुख्य पोशाकमा छिरिङकिङ्गो, हुन्जु, बोरे कमा (पच्छेउरा), कोन (बख्खु), केटे, फुकी मेन्दो (फुल वाला पटुकी) स्याङ्सेन घ्यो (महिलाले लगाउने दोचा)

आदि हुन् । महिलाले लगाउने गहनाहरूमा मुगा/भिरु, सिखोर, घोउ, थुल्चा/धेनसेर (कुण्डल), सिक्री (ङ्यादा), औंठी (च्यो), मुही कुल्दु (चाँदीको वाला) आदि प्रमुख रहेका छन् ।

**लोकवाजाः** यस क्षेत्रमा प्रचलनमा रहेका प्रमुख लोकबाजाहरूमा प्रेङनिङ (ढोलक), भुसल (झ्याम्टा), ठेम्नेङ (एक प्रकारको ढोलक), मादल, खैंजडी अदि प्रमुख रहेका छन् ।

**स्थानीय गीतः** यस क्षेत्रमा गाइने प्रमुख स्थानीय भाकाहरूमा ठोम्लु (नाच्दै गाउँदै गर्ने), छ्याङलु ( रमाइलो गर्दा गाउने गीत), ठल्लु (बसेर ग़ाउने गीत), ताककिल्य घ्यो (घोडे जात्राको दिनमा गाइने गीत), प्रमुख रहेका छन् ।

**स्थानीय नाचः** यस क्षेत्रका प्रमुख नाचहरूमा ढम्लू नाच, स्पु नाच, माने नाच, बोक्या नाच, भाकघ्याम नाच आदि प्रमुख रुपमा नाच्ने गरिन्छ ।

**प्राचीन भाडा कुँडाः** यस क्षेत्रमा प्राचीन समयमा खान पकाउनको लागि माटोका भाँडा प्रयोग गरिन्थ्यो भने खानको लागि काठको थाल, कचौरा प्रयोग गरिन्थ्यो । त्यसपछि तामाका भाँडा, काँस, सिल्वर, स्टीलका भाँडा हुँदै हालका दिनमा मुख्य रुपमा काँसका भाँडा प्रयोगको प्रचलन विकास हुन थालेको पाइन्छ ।

**परम्परागत सीप, कलाः** यहाँका महिलाहरूले गलैंचा बुन्ने, राडी पाखि बुन्ने आदि व्यावसायहरू गर्ने गर्दछन् । यस्ता उद्योग तथा व्यावसायहरू दर्ता गरेर सञ्चालन भएका छैनन् भने गाउँका केही महिलाहरूले आफ्नै घरमा तान राखी गलैंचा, राडी, ऊनको कपडा आदि बुन्ने गरेका छन् ।

**कृषि औजारः** यस क्षेत्रमा कृषि बाली लगाउँदा, खेतीपाती लगाउँदा प्रयोग गरिने कृषि औजारहरूमा हलो (धोर), जुवा (नेसिङ), हस्सि (थोडचे), फाली (फाल), नारा (नारढु), जोतारा (क्यासिङ), कत्ता, लिल्को (ग्यामसिङ), फाउदो (माल्तो), कोदालो (तोचोङ), काठको दाँते (धोरसिङ), कुटो (कोल्लो) आदि मुख्य हुन् ।

**कृषि उत्पादनः** यस क्षेत्रमा कोरु (उवा), आलु, तोरी, केराउ लगायतका कृषिबालिहरू पाईन्छन् भने रायो साग, वन्दा, काउली, स्थानीय भाषामा लेपुङ भनिने मुला (रातो, सेतो, गान्टे), गाजर, धनियाँ, स्थानीय भाषामा नेल्पुङ भनिने चाइनिज साग, ब्रोकाउली र सलाद साग लगायतका तरकारीजन्य

उत्पादनहरू समेत पाईने गर्दछन् । कोरु(उवा), जौं(घ्रो), तोरी(नानाम), आलु, मुला(भोल, लेवु) गाण्टे मुला (मोलु, लेबु) आदि प्रमुख कृषि बालीहरू र काउली, बन्दा, रायो साग, चाइनिज साग, गाजर, गोलभेडा, वन लसुन, भूँई लसुन, कुरिला, च्याउ, सेरस्यु (च्याउ) आदि तरकारीहरू यस क्षेत्रमा उत्पादन हुने गर्दछन् । यस क्षेत्रमा खेत जोत्ने कार्यको लागि याक तथा मानव स्रोत साधन र कृषि औजारहरूको नै प्रयोग गर्ने गरिन्छ ।

**अन्न राख्ने भाँडाहरू:** घरायसी प्रयोगका लागी अन्न राख्ने भाँडाहरूमा ढक्से (स्हो), मधुस (मङगु), डालो (ढाल), उनको वोरा (काल्पे यापे), काठको मानो (पियाङ), नाङलो (नाल), निगालोको चताने ( घ्यो), थुन्चे (थुम्सी), डोको (छाङ), नाम्लो (ढा), बन्चरो (सिङछेपी ता), हसिँया ⁄ आँसी (घोर), खुकुरी (धोचे), चक्कु (कार्ती), खुर्पा (खुर्पा), तुलो (कोचे) आदि प्रमुख रहेका छन् ।

**रक्सी बनाउँदा प्रयोग गरीने भाँडाः** यस क्षेत्रमा रक्सी बनाउँदा प्रयोग गरीने भाँडाहरूमा माटोको घैंटो, फोसी (आसाङ्), रक्सी जम्मा हुने माटोको भाँडा (रुप), तामाको बाटा (भाँडा), माटोको प्वाल भएको भाँडा (घाड) आदि प्रमुख रहेका छन् ।

**बुद्धको पूजा गर्नको लागि आवश्यक समाग्रीः** बुद्धको पूजा गर्नको लागि आवश्यक समाग्रीहरूमा दियो (छेमकुङ), पानी चडाउने भाँडो (दुन्छर), घण्टी (ढिल्पु), डम्वरु (डम्वुर), झ्याम्टा (मुसल र सिलनेङ), ध्याङ्ग्रो (ङा) आदि प्रमुख रहेका छन् ।

## ३.६ गाउँपालिकामा रहेका सामाजिक संस्था

वि.सं.२०३१ सालमा स्थापना भएको कक्षा १ देखि ८ सम्म अध्ययन अध्यापन हुने श्री **नार आधारभुत विद्यालय विद्यालय**को स्थापना भएको, अनमीको दरवन्दी रहेको **नारखोला स्वास्थ्य चौकी**को स्थापना भएको, सबै प्रकारका खेलकुद क्षेत्रमा काम गर्ने साथै स्थानीय स्तरमा आउन सक्ने विपत्तिको समयमा उद्धारको काम गर्ने गरी **रियल नार्प युवा क्लब**को स्थापना भएको छ, जसलाई गाउँपालिका तथा ACAP र अन्य विभिन्न संघ संस्थाले आर्थिक सहयोग गर्ने गरेका छन् ।

यस क्षेत्रका १३ जनाको सहभागितामा **आमा समुह** गठन गरिएको छ । यस समूहले गाउँको सरसफाइ, आगन्तुकहरूलाई स्वागत तथा विदाई जस्ता कार्यक्रम सञ्चालन गर्ने गर्दछ । समूहले महिला हिंसा

सम्बन्धित सचेतना तथा रोकथामका लागि आवश्यक काम गर्नुका साथै पुरुषहरूलाई जाँडरक्सी खान र जुवातास खेल्न नदिनका लागि विभिन्न अभियानहरू सञ्चालन गर्ने गरेको छ ।

साविकको वडा नं. १, २ र ३ मा रहेका नार र मेता गाउँमा **नारखोला लघु जलविद्युत् आयोजना** स्थापना भएको छ भने सबै वडामा वडा कार्यालयको स्थापना भएको छ त्यसका अतिरिक्त यहाँ स्थापना भएको **सते गुम्बा**मा लामाद्वारा भिक्षुहरूलाई नेपाली, अंग्रेजी, गणित, तथा नेपाल सरकारद्वारा स्वीकृत पाठ्यक्रमका साथै तिब्बतियन भाषाको समेत अध्यापन गर्ने गरिन्छ । यहाँ Thedyarte Foundation ले सञ्चालन गरेको नारसते गुम्बा र स्वास्थ चौकी समेत रहेको छ ।

### ३.७ होटल व्यावसाय

यस गाउँपालिकामा पर्यटन व्यावसाय सञ्चालनका लागि वडा नं. १ मा ९ वटा होटल रहेका छन् भने वडा नं. २ मा ६ वटा होटल र वडा नं. ३ मा ७ वटा होटलहरू रहेका छन् । वडा नं. ४ मा ८ वटा होटल रहेका छन् । वडा नं. पाँचमा ७ वटा होटलहरू रहेका छन् ।

यहाँ खेती गर्ने मौसम नभएको तथा स्थानीय स्तरमा कृषि उत्पादन नहुने हुँदा स्थानीय नागरिकलाई आवश्यक पर्ने खाद्यान्न तथा पर्यटक लगायतलाई खाना खुवाउनका लागि समेत अन्य क्षेत्रबाट खाद्यान्न लगायत अत्यावश्यक वस्तु तथा सामग्री आयत गर्नुपर्ने हुनाले पर्यटकलाई प्रदान गरिने सेवा सुविधा भने, ढुवानी खर्च समेत जोडेर मुल्य निर्धारण गर्नुपर्ने हुँदा मौद्रिक हिसाबमा भने महँगो पर्न जाने हुन्छ । सामान तलबाट नै आयात गर्नु पर्ने भएको हुँदा सो मा लाग्ने ढुवानी समेतलाई जोड्दा होटलमा सेवा प्राप्त गर्नका लागि पर्यटकले गर्नु पर्ने खर्च उच्च हुने गर्दछ ।

### ३.८ पर्यटन व्यावसाय र विकास

यस क्षेत्रमा वार्षिक रुपमा अनुमानित २०० जति आन्तरिक तथा २५०० जति बाह्य पर्यटकको आवागमन हुने अनुमान गरिएको छ । गाउँपालिकाको वडा नं. ३ क्षेत्रमा मात्र वर्षमा ३०० जनादेखि ५०० जनासम्मा स्वदेशी र २०० जनासम्मा विदेशी पर्यटकहरू भ्रमणका लागि आउने गरेका छन् भने वर्षको चैत्र महिनादेखि कार्तिक महिनासम्म बढी पर्यटकहरू आउने गरेका छन् ।

यस गाउँपालिका क्षेत्रमा जर्मनी, फ्रान्स, संयुक्त राष्ट्र अमेरिका लगायतका देशहरूबाट २५० देखि ३०० जना जति विदेशी पर्यटकहरू आउने गरेका छन् भने तिनिहरूको औसत बसाई २ देखि ३ दिन रहेको छ । यहाँ आउने पर्यटकहरूका लागि प्रवेश शुल्क बढी भएको कारण पर्यटकहरू कम आउने गरेकोले सोको पुनरावलोकल गर्ने सम्बन्धमा समेत छलफलहरू भएका छन् । बाटो निर्माण, भविष्यको योजनामा हिमाली क्षेत्रमा बेस क्याम्पमा खानेपानी, बस्ने ठाउँ, पर्यटक पदयात्राको निर्माण, आवास घर, शौचालय, प्याराग्लाईडीङ, रक क्लाईम्बीङ, उद्धार टोलीको व्यवस्था गर्ने लक्ष्य रहेको ।

यस क्षेत्रमा बसोबास गने मुख्य जातीहरूमा नार्पा जाती हुन भने मुख्य थरमा ओङसाङदान, लातेन, ङज्योतेन आदि हुन् । यहाँका मानिसहरू घोडेजात्रा र ल्होसार पर्व प्रमुख रुपमा मनाउने गर्दछन् भने धनुषवाण हान्ने यहाँको प्रमुख खेल हो । यहाँका मानिसले स्याब्रु नाच, भ्रोक्पो नाच नाच्ने गर्दछन् । यहाँ हुने धार्मिक अनुष्ठान तथा पूजाआजामा लामालाई पढाउने गरिन्छ ।

यहाँको प्रमुख भेषभुषामा बख्खु (कोन), छिरिङतिङगा (टोपी), दोचा (सोम्वा) आदि हुन् भने महिलाले रिङ, व्रासलेट, सुनको वाला, सिकि आदि लगाउने गर्दछन् । यस क्षेत्रका मानिसहरूको प्रमुख पेशा व्यापार, होटल व्यवसाय, नोकरी, वैदेशिक रोजगारी, ज्याला मजदुरी आदि हन् । गाउँपालिकाको पहलमा पदयात्राका बाटोहरू निर्माण, पुल निर्माण भएका छन् भने, ACAP ले सूचना पाटीको व्यवस्था गरेको छ । त्यसैगरी पालिकाद्धारा भ्यू-पोईन्टको निर्माण गरिएको छ ।

यस क्षेत्रको विकासका लागि ACAP-Annapurna Conservation Area Project- (ACAP) ३ करोड जति लगानी सहयोग गरेको छ । जसको उचित व्यवस्थापन गरी कार्य सम्पादन गर्न सकेमा यस ठाउँको प्राकृतिक, सामाजिक तथा आर्थिक वातावरणमा सहयोग पुग्न सक्छ । यस क्षेत्रमा हिमाल, हिमनदी, हिमताल तथा तालहरू, बन्जी जम्पिङ, प्याराग्लाईडिङ पहाड तथा खोँचहरूको अवलोकन, प्राचीन गुम्बाहरू रहेकाले धार्मिक पर्यटनको ठूलो सम्भावना रहेको छ भने जडिबुटि, जीवजन्तु, पंक्षी तथा चराचुरुङ्गी सम्बन्धी पर्यटनको र हिम चितुवा, **लिओपार्ड पर्यटन**को सम्भावना रहेको छ। त्यसैगरी सांस्कृतिक पर्यटनको पनि वृहत्  सम्भावना यस क्षेत्रमा रहेको छ ।

यस पालिकाको ३००० मिटरदेखि ३३०० मिटरसम्म कोणधारी प्रकारका वनस्पतिहरू जस्तै गोब्रेसल्लो, काँडे, सल्लो जातका वनस्पतिहरू पाइन्छन् भने ३३०० मीटरदेखि  ५००० मीटरसम्म अलपाईन

खालका धुपी तथा वुट्यान खालका वनस्पति पाइन्छ त्यसैगरी ५००० मीटर भन्दा माथि, लेउ जातका वनस्पतिहरू पाइन्छन् ।

यस क्षेत्रका प्रमुख आकर्षणहरूमा गुम्बा, माने, छोर्तेन, पहाड, सस्कृति आदि रहेका छन् । यहाँ पर्यटकहरूको बसाईका लागि होटल लजको व्यवस्था रहेको छ भने सामान्य उपचारको लागि स्वास्थ्य चौकिको व्यवस्था, अति आवश्यक कार्यहरू सञ्चालनका लागि हेलीप्याडको स्थापना समेत भएको छ । यस क्षेत्रको भ्रमणमा आउने पर्यटकहरूलाई पहिले दर्ता गर्न लगाई भ्रमणको स्वीकृती प्रदान गर्ने गरिएको छ ।

पर्यटकहरूलाई आवश्यक पर्ने बाटोघाटो, ठाउँहरूको पहिचान गराउने गरिएका साथै पर्यटकहरूलाई कुनै आपत विपद् आइपरेमा तत्कालै उद्दार गर्ने र संरक्षण गर्ने गरिएको छ। फरक चालचलन स्थानीय जनजिवन अनुसारको संस्कृति परम्परा, चालचलन, चाडपर्व, जात्रा, ललितकला, फाइन आर्ट (Fine Art), मूर्ति कला, कास्ट कला, बास्तु कला, हस्त कला, वेष भुषा, गरगहना, खानपान, संस्कार, पास्नि, छेवर (कपाल काट्ने) जन्म, विवाह, मृत्यु जीवन प्रतिको दृष्टिकोण आस्था आदि यहाँका प्रमुख आकर्षणहरू हुन् । सम्पन्न नार्पा भूमि, प्रसन्न नार्पा जाती भन्ने नारा रहेको यस क्षेत्रको फूगाउँ, नारगाउँ, नेपालको सबैभन्दा दोश्रो अग्लो स्थानमा रहेको गाउँ हो ।

### ३.९ पर्यटक पदमार्गहरू (Foot trail)

यस गाउँपालिका क्षेत्रमा पदमार्गको प्रचुर सम्भावना रहेको छ। यहाँ उत्तर पश्चिममा रहेको सारेबुङ पास हुँदै दामोदर कुण्डसम्म समेत पुग्न सकिन्छ। त्यसैगरी यहाँ फू गाउँ हिमालय ट्रेल समेत रहेको छ। त्यहाँ पुग्नको लागि विभिन्न बाटोहरू विकल्पका रुपमा रहेका छन् ।

- पहिलो विकल्पको रुपमा, फू प्रोनो पास, लोङ्मो पास हुँदै नार गाउँसम्म पुगी त्यतैबाट काङ्ला पास जान सकिने,
- दोश्रो विकल्पको रुपमा लोङ्मो पास, तेरिला पास हुँदै ल्होधेकर-दामोदर कुन्ड गाउँपालिकामा रहेको ताङ्गे गाउँसम्म हिमालयन ट्रेल गर्नको लागि जान सकिने,
- तेश्रो विकल्पको रुपमा हाल नियमित प्रयोगमा रहेको, नारफू ट्रेल र थार्के पास हुँदै जाने आउने गरिएको,

- चौथो विकल्पको रुपमा लाङ्गो पास हुँदै फेरी क्याङ मै निस्केर नियमित नारफू ट्रेल/ट्रेकमा समावेश हुने ट्रेल,
- पाँचौ विकल्पमा नियमित नारफू ट्रेल हुँदै काङला पास हुँदै नावल, ङि स्याङ जान सकिने,
- छैठौं विकल्पमा नार गाउँ हुँदै तेरिलाबाट ताङ्गे हुँदै दामोदर कुण्ड जान सकिने,
- सातौं विकल्पमा कोटु नाम्गो खर्क पास हुँदै भेला मिकिङ नियमित नारफू ट्रेलमा समावेश हुने,
- आठौं विकल्पमा वैकल्पिक पर्यटन पदमार्ग १० किलोमिटर लामो रहेको,
- नवौं विकल्पमा च्यानदेखि नान्जान हिमाल ट्रेल रहेको र
- अन्तिम विकल्पको रुपमा एक्सपिडिसन समिट वेस क्याम्प ट्रेल आदि हुन् ।

**नार्पा ट्रेल (भौगालिक अवस्थीती):**

नेपालको छिमेकी मित्रराष्ट्र चीनसँगको अन्तरराष्ट्रिय नाका जाडिएको यस पालिकामा टासीलाखाङ गुम्बा, फू गाउँ पुरानो गुम्बा, प्राचीन गाउँ, हिमलुङ वेस क्याम्प, अन्य हिमालको वेस क्याम्पका अतिरिक्त भृकुटी, लघुला, रत्नचुली, फू, नामजुङ, घ्याजुपाङ लगायतका हिमालहरू रहेका छन् । यहाँ रहेको गुरुसाङगो भनिने प्रविज झरनामा नवोल्ने बच्चाहरूलाई लगेर नुहाइदिएमा बोल्न थाल्छ भन्ने किंबदन्ति रहको छ । यहाँ पवित्र तिर्थस्थल छिपुक्षेत्र समेत रहेको छ । त्यस्तै समुन्द्र सतहबाट ५७०० मिटरको उचाईमा क्याङ छिमी नाका रहेको छ । गोरखा जिल्लाको अन्तिम गाउँ साम्देकसँग सिमाना जोडिएको सामदोक समेत यहाँ रहेको छ ।

१) यहाँको नारफू पर्यटन पदमार्ग मनाङ जिल्लाको कोतोबाट सुरु भई छोचे, मेता, च्याँखु, फूसम्म जाने एउटा पदमार्ग छ भने मेताबाट नारगाउँसम्म जाने अर्को पदमार्ग समेत रहेको छ ।

२) फू गाउँबाट सारेबुङ पास (North west) हुँदै दामोदर कुण्ड (मुस्ताङ) जाने mountain trail जसलाई extreme trail पनि भनिन्छ ।

३) फू पासबाट ल्होङो पास हुँदै नार गाउँ निस्केर काङला पास जाने पदमार्ग ।

४) फू गाउँबाट ल्होङो पास गरेपछि तेरिला पासमा समावेस भई-ताङ्गे पास हुँदै दामोदर कुण्ड (मुस्ताङ) जाने पदमार्ग ।

५) क्याङ गाउँबाट नेम्जुङ हिमाल जाने पदमार्ग ।

६) फू गाउँबाट क्याङ हुँदै नार जाने नारफू पदमार्ग ।

७) नार गाउँबाट तेरीला पास; ताङ्गे गाउँ दामोदर कुण्ड (मुस्ताङ) जाने पदमार्ग ।

८) कोतो-नाम्गो खर्क मेता हुँदै नियमित नारफू पदमार्गमा समावेश हुने गरी जान सकिने (प्रस्तावित पदमार्ग)।

९) क्याङ छिमी (५७०० मी) नाका जाने पदमार्ग । फू गाउँदेखि क्याङछिमी नाका जाने पदमार्ग ।

१०)फू गाउँबाट गोरखाको साम्दोक हुँदै कोरेन नाका जाने पदमार्ग ।

तालिका ५: नारफू क्षेत्रमा ट्रेकिङको लागि पर्यटक आवागमनको अवस्था


| बार्षिक रुपमा नारफू क्षेत्रमा ट्रेकिङ आउने पर्यटक | | | |
|---|---|---|---|
| वर्ष | नारफू क्षेत्र | नेपाल जम्मा | प्रतिशत |
| २०१३ | ८६२ | १२९३७ | ६.७ |
| २०१४ | ७७६ | १५०६५ | ५.२ |
| २०१५ | ७७० | ९६७९ | ८.० |
| २०१६ | ९०३ | २३५६९ | ३.८ |
| २०१७ | १११५ | २९९९३ | ३.७ |
| २०१८ | १२९१ | २८८७६ | ४.५ |
| २०१९ | १०६६ | २४०७९ | ४.४ |
| २०२० | १७ | ६९२ | २.५ |
| २०२१ | २५९ | २३२६ | ११.१ |
| २०२२ | ११९४ | १५७८१ | ७.६ |
| २०२३ | ५१२ | ६८५४ | ७.५ |
| २०२४ | १९२५ | २८८९४ | ६.७ |

| महिना (२४) | नारफू क्षेत्र | नेपाल जम्मा | % |
|---|---|---|---|
| जनवरी | ६ | १०० | ६ |
| फरवरी | १७ | ३७२ | ४.६ |
| मार्च | १६३ | ३२८९ | ५ |
| अप्रिल | २८४ | ४६८१ | ६.१ |
| मइ | १२५ | १७०६ | ७.३ |
| जुन | २४ | ६२० | ४ |
| जुलाइ | २९ | ४८८ | ५.९ |
| अगस्ट | ७४ | १३१७ | ५.६ |
| सेप्टेम्बर | १७६ | ३४९८ | ५ |
| अक्टोबर | ७९० | ८९९५ | ८.८ |
| नोभेम्बर | २२० | ३५३९ | ६.२ |
| डिसेम्बर | १७ | २८९ | ५.९ |
| जम्मा | १९२५ | २८८९४ | ६.७ |

*(नेपाल पर्यटन वोर्ड, नेपाल पर्यटन तथ्याङ्क, २०२४, अध्यागमन विभाग नेपाल)*

### ३.१० नार्पा भूमि गाउँपालिकाको प्रशासनिक विभाजन

प्रशासनिक नक्साले गाउँपालिकाको प्रशासनिक विभाजनको अवस्थितिलाई झल्काउँछ । गाउँपालिकालाई पाँच वटा वडामा विभाजन गरिएकोलाई नक्सामा प्रस्तुत गरिएको छ ।




नार्पा भूमि गाउँपालिकाको केन्द्र रहेको च्याँखु वजारमा नार्पा भूमि गाउँपालिकाको कार्यालय, नेपाल बैङ्क लिमिटेडको शाखा कार्यालय र प्रहरी चौकीको स्थापना भएको छ । विकासको दृष्टिकोणबाट पछाडी परेको दुर्गम हिमाली भागमा रहेको गाउँपालिकामा पछिल्ला दिनमा विकासनिर्माणका कार्यहरूको मात्रा बढ्नाले सुधार हुँदै गरेको पाउन सकिन्छ । यस गाउँपालिकाका प्रमुख बस्तीहरूमा

वडा नं. एकमा नारगाउँ, वडा नं. दुईमा मेतागाउँ, वडा नं. तीनमा च्याँखुगाउँ, वडा नं. चारमा क्याङ गाउँर वडा नं. पाँचमा फू गाउँरहेका छन् ।

### ३.१०.१ वडागत परिचयः वडा नं. १

प्राचीन समयमा एक जना चिनियाँ शिकारीले नाउरलाई धनुष वाण हान्दा उक्त वाणले नाउर घाइते भई भाग्दै त्यस ठाउँमा आएको थियो । यसरी घाइते नाउर आएर त्यहाँ मृत्यु भएकोले त्यस ठाउँको नाम शुरुमा नाउर भनिन्थ्यो पछि अपभ्रंस हुँदै नार हुन गएको जनविश्वास रहेको छ ।

यो वडामा साबिकको नार गाउँ विकास समितिका २, ३ र ४ नं वडा पर्दछन् । विक्रम संवत् २०७८ को जनगणना अनुसार यस वडाको परिवार सङ्ख्या २५ र कूल जनसङ्ख्या ७३ रहेकोमा पुरुष जनसङ्ख्या २९ र महिला जनसङ्ख्या ४४ रहेको छ। यो वडा १३.४२ वर्ग कि.मी क्षेत्रफलमा फैलिएको छ । यहाँका प्रमुख पर्यटकिय गन्तव्यहरूमा सत्ते गुम्बा, तेरिला हिमाल, आमा साङमो हिमाल, नार गाँउ (नेपालको सबै भन्दा अग्लो स्थानमा रहेको गाँउः मानव वस्ती), काङला पास (नार्पा भूमि गा.पा. १, नार-मनाङ डिस्याङ गा.पा. जोडने पास ५३२० मि.), तेरिला पास (नार्पा भूमि गा.पा. १, नार - उपल्लो मुस्ताङ जोड्ने पास, ५५५० मि.), लोजि पास, साम्डुप छेलिङ गुम्बा, खलक गुम्बाहरू याछे गल्ली, गाहो छोर्तेन तथा क्षेत्र, बुद्ध पार्क आदि रहेका छन् ।

### अवस्थिति/फैलावट

पाँच वटा वडामा विभाजन गरिएको गाउँपालिकाका भौगोलिक फैलावटका आधारमा विश्व मानचित्रमा हेर्दा नार्पा भूमि गाउँपालिका, वडा नं. १ को अवस्थिति २८ डिग्री ३८ मिनेट ५५ दशमलव ११६ सेकेन्ड उत्तरी अक्षांशदेखि २८ डिग्री ४१ मिनेट २९ दशमलव ३३७ सेकेन्ड उत्तरी अक्षांशसम्म र देशान्तरको हिसाबले ८४ डिग्री ७ मिनेट ४२ दशमलव ०९३ सेकेन्ड पूर्वी देशान्तरदेखि ८४ डिग्री १२ मिनेट ३५ दशमलव ९०० सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ। यसको वडाको कूल क्षेत्रफल १३.४५ वर्गकिलोमिटर रहेको छ । गाँउपालिकाको यो वडा क्षेत्र समुन्द्र सतहदेखि ३९०१ मिटर उचाईदेखि ५८७६ मिटर उचाईसम्म फैलिएको छ। यस वडाको प्रशासनिक केन्द्र नार गाउँमा रहेको छ ।

### सिमाना

पूर्वः फू गाउँसँग जोडिएको पाङ्खी डाँडादेखि तल ताङ्रेचे झोलुङ्गे पुलदेखि धेमेन डाँडासम्म ।

पस्चिमः सातेपारीको पाङ्ला भीरदेखि माथि ङिसाङको ध्यारू, डावल गाउँदेखि काङ्लापाससम्म ।

उत्तरः टंकी मनाङ र मुस्ताङ जिल्लाको छुक्साङ, सुर्खाङ गाउँहरूको सिमानासम्म ।


दक्षिणः साते गुम्बाको तल महेन्द्रपुलबाट नारखोलासम्म ।

**नार गाउँ (Nar Gaun)**

नार गाउँ नार्पा भूमि गाउँपालिकाको वडा नं. १ मा अवस्थित छ । यो गाउँ करिब ४,२०० मिटर (१३,७८० फिट) को उचाइमा नार खोलाको किनारमा एउटा समथर भूभागमा फैलिएको छ । नार गाउँ मनाङ जिल्लाको नार्पा भूमि गाउँपालिकामा पर्ने एउटा प्राचीन बस्ती हो । यो ठाउँ माथिल्लो मनाङको पूर्वोत्तर दिशामा अवस्थित छ । यहाँ गुरुङ र लामा जातिको बसोबास रहेको छ । उनीहरूको मुख्य पेशा खेतीपाती र पशुपालन हो । नार गाउँ नेपालकै अग्लो स्थानमा रहेको मानव वस्तीमा पर्दछ । यो गाउँ पर्यटकीय आकर्षणको उत्कृष्ट गन्तव्य हो । नार गाउँलाई स्थानीय भाषामा छिप्रीङ भनिन्छ । यो बस्तीको पुरातात्विक महत्त्व समेत रहेको छ । यो गाउँ करिव २४०० वर्ष पुरानो रहेको भन्ने मान्यता प्रचलनमा रहको छ । यहाँ वसोवास गर्ने मुख्य चार जातिहरूमा ऐपा, मेनतेन, रेर्डतेन र न्हार्पा रहेका छन् । जसलाई गोत्रीय वा वंशीय खलक पनि भनिन्छ । वौद्ध धर्म मान्ने उनिहरूको आ-आफ्नै तरिकाले कुलपूजा गर्ने प्रचलन रहेको छ ।

चारैतिर अग्ला पहाड र हिमशिखरहरूले घेरिएको यो गाउँ भूगर्भीय रूपमा बलियो चट्टानी आधारमा अडिएको छ । यहाँको हावापानी एकदमै चिसो र सुख्खा हुन्छ । जाडो महिना (नोभेम्बरदेखि मार्च) मा तापक्रम माइनस २० डिग्री सेल्सियसभन्दा तल झर्न सक्छ र गाउँ पूर्ण रूपमा हिउँले ढाकिन्छ । यस समयमा गाउँलेहरू तल्लो भेगतर्फ झर्छन् । गर्मीमा (जुनदेखि सेप्टेम्बर) भने तापक्रम केही बढे पनि अधिकतम १५ डिग्री सेल्सियसभन्दा माथि पुगेको पाँदैन । तर हालका वर्षहरूमा जलवायु परिवर्तनका कारण भने तापक्रम क्रमशः बढ्न थालेको देखिन्छ । वर्षा निकै कम हुने भएकाले यहाँको वातावरण सुख्खा र सफा रहन्छ । नार गाउँ तिब्बती बौद्ध संस्कृति र जीवनशैलीको जीवन्त नमुना हो । यहाँका बासिन्दाहरू वर्षौंदेखि आफ्नो मौलिक परम्परा र भाषालाई जोगाउँदै आएका छन् । गाउँमा थुप्रै पुराना गुम्बाहरू छन् जसले धार्मिक शिक्षा र ध्यान केन्द्रको रूपमा काम गर्छन् । यी गुम्बाहरूको भित्ते चित्रकला र मूर्तिकला अत्यन्तै मनमोहक छन् । यो गाउँ काङला पास पार गर्ने पदयात्रीहरूका लागि

एक महत्त्वपूर्ण आधार शिविर (Base Camp) हो । यहीँबाट उनीहरूले आफूलाई थप उचाइको यात्राका लागि तयार गर्छन् ।




### ३.१०.२ वडागत परिचयः वडा नं. २

यो ठाउँमा चिनियाँ नयाँ वर्ष श्रावण महिनाको पहिलो हप्तामा तीर हान्ने ठाउँ भएकाले त्यसलाई नार्पा भाषामा (तीरलाई) मेथा भनिन्छ । यसको अपभ्रंस हुंदै मेता नाम रहन गएको जनविश्वास रहेको छ । यस वडामा शान्ति सुरक्षा कायम गर्नका लागि २०७२ सालमा प्रहरी सहायक निरिक्षक सहित ७ जनाको दरवन्दी रहेको प्रहरी चौकी मेता स्थापना भएको छ । यसको कार्यक्षेत्र वडा नं. १ र वडा नं. २ रहेको । यस क्षेत्रमा यार्चा टिप्न आउने समयमा कहिले काँही छिटफुट शान्ति सुरक्षा सम्बन्धी समस्याहरू हुने गरेका छन् ।

यो वडामा साबिकको नार गाउँ विकास समितिका १, ५ र ६ नं वडा पर्दछन् । विक्रम संवत् २०७८ को जनगणना अनुसार यस वडाको परिवार सङ्ख्या ३७ र कूल जनसङ्ख्या १०१ रहेकोमा पुरुष जनसङ्ख्या ४३ र महिला जनसङ्ख्या ५८ रहेको छ। यो वडा १७८.६ वर्ग कि.मी क्षेत्रफलमा फैलिएको छ। यहाँका प्रमुख पर्यटकिय गन्तव्यहरूमा महेन्द्र पुल, नाम्म्या खर्क पास र काङ्गरू हिमाल बेस क्याम्प आदि रहेका छन् ।

### अवस्थिति/फैलावट

भौगोलिक फैलावटका आधारमा विश्व मानचित्रमा हेर्दा नार्पा भूमि गाउँपालिका, वडा नं. २ को अवस्थिति २८ डिग्री ३४ मिनेट १ दशमलव ६९० सेकेन्ड उत्तरी अक्षांशदेखि २८ डिग्री ४६ मिनेट २३ दशमलव ४७१ सेकेन्ड उत्तरी अक्षांशसम्म र देशान्तरको हिसाबले ८४ डिग्री ११ मिनेट १५ दशमलव ३८२ सेकेन्ड पूर्वी देशान्तरदेखि ८४ डिग्री २५ मिनेट ३१ दशमलव ५५६ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ । यसको वडाको कूल क्षेत्रफल १७८.९१ वर्गकिलोमिटर रहेको छ । गाँउपालिकाको यो वडा क्षेत्र समुन्द्र सतहदेखि २८१२ मिटर उचाईदेखि ७०९४ मिटर उचाईसम्म फैलिएको छ। यस वडाको प्रशासनिक केन्द्र मेता गाउँमा रहेको छ।

### सिमाना

पूर्व : काङ्गारू हिमश्रृङ्खलादेखि नाम्म्या खर्कको पूर्वी भागसम्म ।

पश्चिमः पाङ्लामीरदेखि नार खोलाको तिरैतिर, चामे गा.पा.को सिमानासम्म ।

उत्तरः नारखोलाको महेन्द्र पुलदेखि सकारगाडहुँदै खोल्पो खोलाको सिधै माथि काङ्गारु हिमालसम्म ।


दक्षिणः नाम्म्याखर्कको दक्षिणी भेगदेखि नासो गापा र चामे गा.पा.को सिमानासम्म ।

### मेता गाउँ (Meta Gaun)

मेता गाउँ नार्पा भूमि गाउँपालिकाको वडा नं. २ मा अवस्थित छ। स्थानीय भाषामा मेता (मेःता) को अर्थ तलको ठाउँ भन्ने हुन्छ। नार गाउँबाट तल हेर्दा यो ठाउँ समथर देखिन्छ। मेता गाउँ नार र फू उपत्यकाको प्रवेशद्वारमा अवस्थित रहेको छ। यो गाउँ समुन्द्र सतहबाट ३,५०० मिटर (लगभग ११,४८० फिट) को उचाइमा एउटा सुन्दर पठार (Plateau) मा रहेको छ। यहाँबाट चारैतिरका पहाड र हिमालका दृश्यहरू देखिन्छन्। यही गाउँबाट नार र फू गाउँ जानका लागि बाटा छुट्टिन्छन्। समथर बस्ती भएकाले मेतामा केही वर्ष पहिलासम्म नार गाउँबाट आएर खेती गरिन्थ्यो। मेता गाउँ नार र

फू गाउँबाट बगेर आएका दुई खोलाको सिरानमा रहेको छ । मेता गाउँ हिम्लुङ हिमालको प्रवेश द्वार पनि हो ।

यस ठाउँको हावापानी अन्य उच्च हिमाली क्षेत्रको तुलनामा केही कम चिसो भए पनि जाडोमा हिउँ पर्छ र निकै चिसो हुने गर्दछ भने गर्मीमा मौसममा सुख्खा र रमाइलो हुने गर्दछ । मेता गाउँ नार-फू उपत्यकाको ट्रेकिङ मार्गको महत्त्वपूर्ण प्रवेशद्वार (Gateway) हो । ट्रेकिङ गर्नेको लागि आउने पर्यटकहरू प्रायः यहाँ एक रात बिताएर माथिल्लो भेगतर्फको यात्रा सुरु गर्छन् । मेता गाउँको वरिपरि रमणीय घाँसे मैदानहरू रहेको हुँदा प्राकृतिक सौन्दर्यले यो ठाउँ भरिपूर्ण रहेको छ । यो ठाउँ याक, चौँरी र भेडाहरूका लागि चरनको लागि उपयुक्त रहेको छ । यहाँ एउटा सानो तर पुरानो बौद्ध गुम्बा छ, जसले यस क्षेत्रको धार्मिक महत्त्वलाई समेत झल्काउँछ ।



### ३.१०.३ वडागत परिचयः वडा नं. ३

चिनिया वा स्थानीय भाषामा "च्यां" भन्नाले घाँस र "खुं" भनेको फराकिलो वाटा भन्ने अर्थ हुन्छ। यो ठाउँमा फराकिलो घाँसे भूमि भएकाले यहाँ गाइवस्तु पाल्न उपयुक्त हुने भएकाले गर्दा नारका प्राय सबैले यस ठाउँमा हिउदमा आफ्ना गाइवस्तु चराएर राख्ने गर्दछन्। त्यसै कारण यस ठाउँको नाम च्याँखु रहन गएको जनविश्वास रहेको छ। यो वडामा साबिकको नार गाउँ विकास समिति ७, ८ र ९ नं वडा पर्दछन्। विक्रम संवत् २०७८ को जनगणना अनुसार यस वडाको परिवार सङ्ख्या २८ र कूल जनसङ्ख्या ८४ रहेकोमा पुरुष जनसङ्ख्या ३७ र महिला जनसङ्ख्या ४७ रहेको छ। यो वडा २९४.५९ वर्ग कि.मी क्षेत्रफलमा फैलिएको छ। यहाँका प्रमुख पर्यटकिय गन्तव्यहरूमा काङगा गुरु हिमाल, च्याँखु हिमाल, खम्पा संरचना तथा बंकर, झुनम बस्ती तथा भोजपत्र जंगल, बुद्द पार्क, च्याँखु सामुदायिक गुम्बा आदि रहेका छन्।

### अवस्थिति/फैलावट

भौगोलिक फैलावटका आधारमा विश्व मानचित्रमा हेर्दा नार्पा भूमि गाउँपालिका, वडा नं. ३ को अवस्थिति २८ डिग्री ४० मिनेट ३६ दशमलव ४२४ सेकेन्ड उत्तरी अक्षांशदेखि २८ डिग्री ५३ मिनेट १९ दशमलव २०७ सेकेन्ड उत्तरी अक्षांशसम्म र देशान्तरको हिसाबले ८४ डिग्री १ मिनेट २६ दशमलव २६८ सेकेन्ड पूर्वी देशान्तरदेखि ८४ डिग्री १५ मिनेट ६ दशमलव १९६ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ। यसको वडाको कूल क्षेत्रफल २९५.१७ वर्गकिलोमिटर रहेको छ। गाँउपालिकाको यो वडा क्षेत्र समुन्द्र सतहदेखि ३५७० मिटर उचाईदेखि ६६४९ मिटर उचाईसम्म फैलिएको छ। यस वडाको प्रशासनिक केन्द्र च्याँखु गाउँमा रहेको छ।

### सिमाना

पूर्वः नाम्जोङ/च्याँखु हिमश्रृंखलादेखी काङ्गारू हिमालसम्म।


पश्चिमः धमेन डाँडाबाट ताङ्रेचे हुँदै फूसँग जोडिएको खेचा चरन क्षेत्रसम्म।

उत्तरः मुसी खोलादेखि तल ब्रोमा वारि नार खोलासम्म।

दक्षिणः नार खोलाको महेन्द्र पुलदेखि सकारगाङ हुँदै खोल्चो खोलाको सिधै माथि काङ्गारु हिमालको वारिसम्म।

### च्याँखु गाउँ (**Chyankhu Gaun**)

नार्पा भूमि गाउँपालिकाको वडा नं. ३ मा रहेको छ च्याँखु गाउँ । मनाङ जिल्लाको माथिल्लो भेगमा रहेको च्याँखु गाउँ समुन्द्र सतहबाट करिब ३,९०० मिटर (लगभग १२,७९५ फिट) उचाईमा अवस्थित छ । हाल च्याँखु गाउँमा नार्पा भूमि गाउँपालिकाको केन्द्र रहेको छ । गाउँपालिकाको केन्द्रको रुपमा यस ठाउलाई कायम गरिएपछि यस गाउँमा गाउँकार्यपालिकाको कार्यालय, नेपाल बैङ्क र प्रहरी चौकी समेत स्थापना भएका छन् । करिब ९० वर्षअघि तिब्बतलाई चीनले कब्जा गर्न खोज्दा विद्रोह गरेका खम्पाहरू पराजित भएपछि तिब्बतबाट भागेर आई नेपालका विभिन्न ठाउँमा क्याम्प बनाएर बसेका थिए । तत्कालीन समयमा तिब्बती खम्पाहरूले मनाङको च्याँखुमा पनि स्थानीयहरूको जमिन कब्जा गरेर बसेका थिए । हाल उक्त क्याम्पको भग्नावशेष समेत यस ठाउँमा रहेको छ । यसको भू-बनोट समथर र खेतीयोग्य जमिन भएको ठाउँमा छ । यहाँको हावापानी चिसो र सुख्खा हुन्छ । जाडोमा यो क्षेत्र पनि हिउँले ढाकिएको हुन्छ । च्याँखु गाउँमा विशेषगरी आलु, गहुँ र जौको खेती गरिन्छ । यहाँको मुख्य आम्दानीको स्रोत पशुपालन पनि हो । च्याँखु गाउँमा रहेको बुद्ध पार्क यस ठाउँको मुख्य आकर्षण हो । पार्कमा राखिएका बुद्धका मूर्तिहरू र धार्मिक प्रतीकहरूले पर्यटकहरूलाई शान्ति र आध्यात्मिक अनुभव प्रदान गर्छ । अन्नपूर्ण ट्रेकको नजिक रहेको यो गाउँ अन्नपूर्ण सर्किट ट्रेकिङको बाटोमा पर्ने भएकाले यहाँ धेरै पदयात्रीहरूको आगमन हुने गरेको छ ।



### ३.१०.४ वडागत परिचयः वडा नं. ४

यो ठाउँ भौगोलिक अवस्थितिमा समतल चुच्चो परेको देखिन्छ । चिनियाँ वा स्थानीय भाषामा समतल चुच्चो परेको ठाउँलाई क्याङ भनिने भएकाले यसैको आधारमा यसलाई क्याङ (Kyang) भनिएको जनविश्वास रहेको छ । यो वडा हालसम्म पनि सडक संजालले जोडिएको छैन । यस वडामा झोलुङ्गे पुलहरू २ वटा, ट्रस्ट पुलहरू दुई वटा, काठको पुलहरू दुई वटा, वडा कार्यालय भवन एउटा, पुरानो गुफाहरू दुई वटा, पुरानो गुम्बाहरू दुई वटा, क्याङ खानेपानी आयोजना ४० धारा, वाकल खानेपानी आयोजना २५ धारा, पुरानो ताल (छो), क्याङ स्वास्थ्य चौकी रहेका छन् । यो वडामा साबिकको फू गाउँ विकास समिति १, २, ४, ७ र ८ नं वडा पर्दछन् । विक्रम संवत् २०७८ को जनगणना अनुसार यस वडाको परिवार सङ्ख्या २८ र कूल जनसङ्ख्या ८८ रहेकोमा पुरुष जनसङ्ख्या ३९ र महिला जनसङ्ख्या ४९ रहेको छ । यो वडा १९४.८८ वर्ग कि.मी क्षेत्रफलमा फैलिएको छ । यहाँका प्रमुख पर्यटकिय गन्तव्यहरूमा नेम्फु हिमाल, नेम्फु हिमाल, ग्याचु गाङ हिमाल, हिमलुङ हिमाल, ग्याचु गाङ हिमाल, क्याङ हिमाल, पाँरे जिम्बु खर्क, नेम्फु डो याक गोठ, क्याङ २४०० वर्षे गुफा, पेकोङ गुम्बा तथा केल्साङ गुफा, क्याङ आदि रहेका छन् ।

**अवस्थिति/फैलावट**


भौगोलिक फैलावटका आधारमा विश्व मानचित्रमा हेर्दा नार्पा भूमि गाउँपालिका, वडा नं. ४ को अवस्थिति २८ डिग्री ४२ मिनेट ५३ दशमलव ३६९ सेकेन्ड उत्तरी अक्षांशदेखि २८ डिग्री ५२ मिनेट २१ दशमलव ३५० सेकेन्ड उत्तरी अक्षांशसम्म र देशान्तरको हिसाबले ८४ डिग्री १३ मिनेट ५ दशमलव ९५८ सेकेन्ड पूर्वी देशान्तरदेखि ८४ डिग्री २६ मिनेट ५४ दशमलव ७३९ सेकेन्ड पूर्वी देशान्तरसम्म  फैलिएको छ । यसको वडाको कूल क्षेत्रफल १९५.२० वर्गकिलोमिटर रहेको छ । गाँउपालिकाको यो वडा क्षेत्र समुन्द्र सतहदेखि ३७७८ मिटर उचाईदेखि ७०६३ मिटर उचाईसम्म फैलिएको छ । यस वडाको प्रशासनिक केन्द्र क्याङ गाउँमा रहेको छ ।

**सिमाना** पूर्वः क्याङ र नाम्दु हिमश्रृंखला हुँदै हिमलुङ हिम-श्रृंखला र गोरखा जिल्लाको सिमानासम्म । पश्चिमः फू खोलाको गेट हुँदै प्याङपु पुलसम्म, त्यसपछि प्याङपुको भीरका कुना-कुना हुँदै तर फेरी बंगाल बस्ती आईपुग्दा फू खोलाकै बगाल नदीको वारि वारि हुँदै माथि पैरे खोला र बस्तीसम्म । उत्तरः हिमलुङ हिमालदेखि चीन नाकासम्म ।

दक्षिणः क्याङ हिमालदेखि मुग्री खोला, ब्रोमा फू खोलासम्म ।

**क्याङ गाउँ (Kyang Gaun)**

नार्पा भूमि गाउँपालिका वडा नं ४ स्थित क्याङ गाउँमा तिब्बती विद्रोही खम्पाको सेटलमेण्टको भग्नावशेष समेत रहेको छ । क्याङ गाउँ पनि नार्पा भूमि गाउँपालिकामा पर्ने एउटा सानो बस्ती हो । यो गाउँ नार खोलाको किनारमा अवस्थित छ र यसको भू-बनोट पहाडी र चट्टानी प्रकारको रहेको छ । समुन्द्र सतहबाट यो गाउँको उचाइ करिब ३,९०० मिटर (लगभग १२,७९५ फिट) रहेको छ । यहाँको हावापानी च्याँखु गाउँको जस्तै चिसो र सुख्खा प्रकृतिको हुन्छ । क्याङ गाउँ गाउँपालिकाको एउटा प्राचीन पुरानो बस्ती हो, जहाँ परम्परागत जीवनशैलीको झलक पाइन्छ । यहाँका घरहरू ढुङ्गा र माटोले बनेका हुन्छन् । यहाँको वातावरण याकका लागि उपयुक्त हुने भएकोले यस गाउँका बासिन्दाहरूको मुख्य पेशा याकपालन र पशुपालन रहेको छ । नार-फू उपत्यकाको यात्रामा पर्ने यो गाउँ नार-फू ट्रेकिङ मार्गको मुख्य विश्रामस्थलको रुपमा रहेको छ । हालै यस क्षेत्रमा फेला परेको पुरानो गुफा क्याङ गुफामा फेला परेको मानव अस्थिपञ्जरको अनुसन्धान नेपालको पुरातत्व विभाग र अमेरिकन संस्था Ancient origin बाट life test गर्दा यो गुफा करिव २४०० वर्ष पुरानो हो भन्ने निश्कर्ष निकालिएको छ ।



### ३.१०.५ वडागत परिचयः वडा नं. ५

नार्पा भाषामा भाँडा राख्ने ऱ्याकलाई फू भनिन्छ । यसको आधारमा मनाङ जिल्लाको उच्च ठाउँमा भएकोले यसको नाम फू रहन गएको हो । यो वडामा साबिकको फू गाउँ विकास समितिका ३, ५, ६ र ९ नं वडा पर्दछन् । विक्रम संवत् २०७८ को जनगणना अनुसार यस वडाको परिवार सङ्ख्या १७ र कूल जनसङ्ख्या ५० रहेकोमा पुरुष जनसङ्ख्या २१ र महिला जनसङ्ख्या २९ रहेको छ । यो वडा १५६.०४ वर्ग कि.मी क्षेत्रफलमा फैलिएको छ । यहाँका प्रमुख पर्यटकिय गन्तव्यहरूमा टासीलाखाङ गुम्बा, गुरु साङमो तिर्थस्थल, छो-कर्ण ताल, रत्नचुली हिमाल, पोकर गाङ हिमाल, चाकु हिमाल, गोमजोङ गाँउ तथा सम्पदा (पुरानो फू गाँउ), ताङरेन गुम्बा, प्याङपु क्षेत्र तथा भग्नावशेष, सारिबुङ पास (६१०० मि. उपल्लो मुस्ताङः फू ५ नार्पा भूमि गाउँपालिका) लोङो पास (फूदेखि नारगाँउ), छिफु धार्मिक स्थल, उबि पुरानो बस्ती, ङोरु पुरानो बस्ती, क्याङ छिमि नाका (मनाङ जिल्लाको एक मात्र तिब्बत जोड्ने नाका), चिरिफ्रि पार्क आदि रहेका छन् ।

#### अवस्थिति/फैलावट

भौगोलिक फैलावटका आधारमा विश्व मानचित्रमा नार्पा भूमि गाउँपालिका, वडा नं. ५ को अवस्थिति २८ डिग्री ४५ मिनेट ६ दशमलव ४२८ सेकेन्ड उत्तरी अक्षांशदेखि २८ डिग्री ५४ मिनेट ० दशमलव २१४ सेकेन्ड उत्तरी अक्षांशसम्म र देशान्तरको हिसाबले ८४ डिग्री ९ मिनेट १९ दशमलव ६७५ सेकेन्ड पूर्वी देशान्तरदेखि ८४ डिग्री १९ मिनेट २६ दशमलव ९५७ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ । यसको वडाको कूल क्षेत्रफल १५६.३२ वर्गकिलोमिटर रहेको छ । गाँउपालिकाको यो वडा क्षेत्र समुन्द्र सतहदेखि ४००१ मिटर उचाईदेखि ६७९१ मिटर उचाईसम्म फैलिएको छ । यस वडाको प्रशासनिक केन्द्र फू गाउँमा रहेको छ ।

#### सिमाना

पूर्वः फू खोलाको पारी खेचा/क्याङदेखि प्याङपु पुल हुँदै होमाथाङ समथर भूमिसहित फेरी बगाल बस्तीदेखि फू खोलाकै बगाल खोलादेखि पारी पारी हुँदै माथि पारे खोला र बस्तीसम्म ।

पश्चिम : नारको सिमाना पाखी डाँडादेखि तल फू खोला पारी खेचा चरन क्षेत्रसम्म ।

उत्तरः चीनको नाका र मुस्ताङ जिल्लाको सुर्खाङ गाउँको सिमानासम्म ।


दक्षिणः क्याङको ब्रोमा पारीको खेचा चरन क्षेत्रदेखि माथि पाङ्खी डाँडा छुनेसम्म ।

फू गाउँ (**Phu Gaun**)

नार्पा भूमि गाउँपालिकाको वडा नं. ५ मा रहेको फू गाउँ समुद्री सतहदेखि ४०५० मिटर उचाईमा अवस्थित रहेको छ। फू गाउँको अर्थ सबै भन्दा माथि वा सम्मानजनक स्थानमा रहेको भन्ने हुन्छ। फू गाउँको प्राचिन नाम गोमाजोङा हो। यो गाउँ करिव २४०० वर्ष अगाडि विकास भएको भन्ने मान्यता रहेको पाइन्छ। जुन कुरा क्याङमा रहेको गुफामा भेटिएको मानव कंकाल(अस्थिपञ्जर) को अनुसन्धानबाट स्प्रष्ट भएको छ। यो अस्पिञ्जरको अनुसन्धान नेपालको पुरातत्व विभाग र अमेरिकन संस्था Ancient origin बाट life test गर्दा यो निश्कर्ष निकालिएको छ। यहाँ वसोवास गर्ने मुख्य तीन गोत्रीय खलकहरूमा वाङसाङतेन, लादातेन र ङोचातेन हुन्। उनीहरूको मुख्य धर्म वौद्ध हो भने जसमा आधारित भएर नै आ-आफ्नो कुलपूजा गर्ने प्रचलन रहेको छ। खेती लगाउन र भित्र्याउने समयमा लामालाई साईत जुराएर गर्ने गरिन्छ। उनीहरूले मान्ने मुख्य भगवान गुरू रिन्पोछे हुन्। रिन्पोछेका मुख्य पवित्र तीर्थस्थलहरूमा वौद्ध गुम्बाहरू, पवित्र झरना, पवित्र गुफा, पवित्र कुण्ड (छो), तातोपानी, ड्रुप छु, ऊ (गुफा) आदि हुन्। जसलाई स्थायी देवताको रुपमा मान्ने गर्दछन् भने देवी, देवता, कुल देवतालाई भने अस्थायी देवताको रुपमा मान्ने प्रचलन रहेको पाइन्छ। यहाँ प्राचीन बोन धर्मका चालचलन, रितीरिवाजहरू केही अवशेषको रुपमा हाल पनि केही मात्रामा भेटिन्छ। फू गाउँको मुख्य पुरानो बस्ती करिव २४०० वर्ष अगाडि करिव ४ रोपनी क्षेत्रमा चार तल्लाको घर बनाई करिव ४०० परिवार जति वसोवास गरेका थिए। जसको प्रवेशद्वार एउटै थियो। यो घरमा शीरमा भगवान, वीचका पहिलो, दोस्रो, तेस्रो तल्लामा मानिस वसोवास गर्ने र भुँइ तल्लामा राखनधरन गर्ने गरेका थिए। हाल यो घरको भग्नावशेष मात्र रहेको छ।

यस गाउँमा गुरुङ र लामा जातिको बसोबास समेत रहेको छ। धेरैजसो रोजगारी र अध्ययनका लागि बाहिरिएपछि गाउँ रित्तिँदै गएको छ। उनीहरूको मुख्य पेसा खेतीपाती र पशुपालन हो। यो गाउँ एउटा सुन्दर उपत्यकामा रहेको छ। अग्ला हिमालहरूले घेरिएको र खोलाले सिञ्चित यो गाउँको भू-बनोट अनुपम छ। यहाँको हावापानी पनि नार गाउँको जस्तै चिसो र सुख्खा हुन्छ। जाडोमा यो गाउँ पनि हिउँले ढाकिन्छ। तापक्रमको उतारचढाव उच्च हिमाली क्षेत्रमा हुने भए पनि यहाँको मौसम सफा र स्वच्छ रहन्छ। फू गाउँको मुख्य आकर्षण यसको शान्त वातावरण र प्राचीन बनावट हो। यहाँको जीवनशैली निकै सरल र प्रकृतिसँग जोडिएको छ। यहाँको मुख्य पेशा पशुपालन हो।

गाउँलेहरू याक, चौँरी र भेडा पालेर जीवनयापन गर्छन् । याकको दूध, मासु र ऊन यहाँको आर्थिक मेरुदण्ड हो । फू गाउँमा केही पुराना र ऐतिहासिक गुम्बाहरू छन् जसले यहाँको धार्मिक इतिहासलाई झल्काउँछन् ।





## ३.११ गाउँपालिकाको पर्यटन विकासका सम्भावनाहरू

Rock Climbing, बन्जी जम्पिङ, स्केटिङ, प्याराग्लाईडिङ, हिमाल आरोहण, ढुङ्गामा आकर्षक बुद्धको मूर्ति निर्माण गरी पर्यटन प्रवर्द्धन गर्न सकिने, नारफू जातीको विभिन्न पक्षलाई समेटी संस्कृतिको प्रचार प्रसार गर्ने हेतुले वृत्तचित्र निर्माण गर्न सकिने, नारफू जातीको जातीय संग्रहालय निर्माण गर्ने, सम्भावनाको विश्लेषण गरी ठाउँ-ठाउँमा पर्यटकीय पार्कको निर्माण गर्न सकिने, स्थानीय वस्तुको पहिचान गरी प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न सकिने, स्थानीय छुर्पी, घ्यू, सुकुटी, भेडाको घ्यू, आदि उत्पादनको प्रवर्द्धन र वजारीकरण गर्न सकिने, स्थानीय जडिबुटीको पहिचान गरी संरक्षण गर्दै प्रवर्द्धन

र वजारीकरण गर्ने, स्थानीय घरपालुवा पशुपंक्षीको संरक्षण तथा प्रवर्द्धन गर्नको लागि विशेष कार्यक्रम सञ्चालन गर्न सकिने सम्भावनाहरू यहाँ रहेका छन् ।

यहाँको वडा नं. ३ को ताक्ला पासको भीरहरू, वडा नं. २ मा रहेका मेता पारीको भीरहरू र वडा नं. ४ र ५ मा रहेका क्याङ र खेचाको भीरमा Rock Climbing को सम्भावना रहेको छ भने यहाँको वडा नं. ३ मा रहेको भोजपत्र जंगल अवलोकनको सम्भावना समेत रहेको छ । यस पालिकाको विभिन्न स्थानमा रहेका प्राचीन पुरातात्विक संरचना तथा भग्नावशेषको संरक्षण तथा जिर्णेदार गर्न सकेमा प्रचुर मात्रमा पर्यटनको सम्भावना रहेको देखिन्छ । यस क्षेत्रमा हिँउ परिरहने हुँदा साहसिक खेलको रुपमा स्केटिङको समेत प्रचुर सम्भावना रहको छ ।




**साहसिक पर्यटन विकासको सम्भावना:**

यस गाउँपालिका अन्तर्गत हिमाल आरोहण, अवलोकन, अध्ययन, अनुसन्धान, हिमनदी हिमतालहरूको अवलोकन, भ्रमण, अध्ययन, अनुसन्धान, पहाड तथा चट्टानको आरोहण, अवलोकन, अध्ययन तथा

अनुसन्धान, गल्छी तथा खोचको अवलोकन, अध्ययन तथा अनुसन्धान, बन्जी जम्पिङ, प्याराग्लाडिङ स्केटिङ आदिका लागि साहसिक पर्यटन विकासको सम्भावना रहेको छ ।

**धार्मिक पर्यटन विकासको सम्भावना**

यस गाँउपालिकाको सबै वडाहरूमा गुम्बा, माने, छोर्तेन, मेन्ताङ, बुद्ध पार्क, गुरु रेम्पोचेको सालिक तथा पार्कहरू भएकोले त्यी कुराहरूको अवलोकन, अध्ययन अनुसन्धान गर्न धार्मिक पर्यटनको विकासको सम्भावना रहेको छ ।

**पुरातात्विक पर्यटनको विकासको सम्भावना**

यहाँ पुराना बस्ती, गुफा, गुम्बाहरूका भग्नावशेषहरू रहेकाले ती कुराहरूको अवलोकन, अध्ययन, अनुसन्धान गर्न पुरातात्विक पर्यटनको विकासको सम्भावना रहेको छ ।

**सांस्कृतिक पर्यटनको विकासको सम्भावना**

यस गाउँपालिकाको विभिन्न वडाहरूमा बसोबास गर्ने जातजातिहरूको आ-आफ्नो जात अनुसारको चाडपर्व, जात्रा, धर्म, भेषभुषा, गहना, रहन सहन, चालचलन, रीतिरिवाज मनाउने, जन्म, न्वारान, कपाल काट्ने, विवाह, मृत्यु जस्ता संस्कृतिक परम्पराहरू रहेका छन् भने आफ्नै लोकभाकामा गितहरू गाउने र नाच गान गर्ने गर्दछन् । यहाँका मानिसहरूले प्रयोग गर्ने भाडा वर्तन, औजारहरू फरक प्रकारका रहेकोले त्यसको अवलोकन, अध्ययन, अनुसन्धान गर्न साथै साँस्कृतिक संग्राहलय, डकुमेन्ट्री चित्र बनाई सांस्कृतिक पर्यटनको विकास गर्न सकिने सकिने सम्भावना रहेको छ ।

**जडिबुटी सम्बन्धी पर्यटन विकासको सम्भावना**

यस गाउँपालिका भित्र विभिन्न प्रकारक जडिबुटीहरू जस्तै यार्चागुम्ब, पाँचऔले, कटुकी, निरमसी, वनलसुन, च्याउ जस्ता बहुमूल्य जडिबुटीहरू पाइने भएकोले तिनीहरूको संरक्षण, संकलन, अवलोकन, अध्ययन, अनुसन्धान गर्न जडिबुटी सम्बन्धी पर्यटनको विकास गर्ने सकिने सम्भावना रहेको छ ।

**वनस्पती र बन्यजन्तु संरक्षण सम्बन्धी सम्भावना**

यस क्षेत्रमा रहेका वनस्पति, लोपोन्मुख वन्यजन्तुहरू, पंक्षी तथा चराहरूको संरक्षण गर्न सके त्यस सम्बन्धी पर्यटन विकासको सम्भावना रहेको छ । यस गाउँपालिका भित्र विभिन्न प्रकारका प्राकृतिक वनस्पतिहरूका साथै हिमचितुवा, कस्तुरी मृग, नाउर आदि जंगली जनवारहरू र गीद्ध, चील, बाज,

काग, ढुकुर जस्ता पंक्षी तथा चराहरू रहेकाले सोको उचित संरक्षण गर्न सके त्यस सम्बन्धी अध्ययन, अनुसन्धानका लागि पर्यटनको विकास गर्न सकिने सम्भावना रहेको छ। त्यसैगरी यहाँ पाईने चौंरीको दुधबाट घ्यू तथा चीज उत्पादनको लागि उद्योग सञ्चालनको सम्भावना, याक, भेडा बाखा, च्यांग्राको सुकुटी बनाई बिक्री गर्ने सकिने सम्भावना समेत यस क्षेत्रमा रहेको छ।

**उद्योग सञ्चालन सम्बन्धी सम्भावना**

यस क्षेत्रमा पाईने भेडाबाखा तथा च्यांग्राबाट प्रसस्त मात्रमा उत्पादन हुने उनको प्रयोग गरी गलैंचा, राढीपाखी, छेरा, लिउन, कपडा जस्ता वस्तुहरूको उत्पादन गर्न र त्यस सम्बन्धी उद्योगको सञ्चालन गर्न सकिने सम्भावना रहेको साथै यस क्षेत्रमा रहेका विभिन्न प्रकारका खानीहरूको पहिचान गरी त्यस सम्बन्धी उद्योगहरूको सञ्चालन गर्न सकिने सम्भावना रहेको, त्यसैगरी यस क्षेत्रमा उत्पादन हुने विशेष जातको कृषि बाली करू (उवा) को बढी भन्दा बढी उत्पादन गरी त्यसलाई प्याकेजिङ गरी बिक्री तथा बजारीकरण गर्न सकिने सम्भावना रहेको छ।

### ३.१२ नार्पा भुमि गाउँपालिकामा पर्यटन विकासमा देखिएका समस्याः

यस क्षेत्रमा सुरक्षित पर्यटक मार्गहरू नहुनु, सञ्चारको अभाव हुनु, सबै ठाउँमा पर्यटन सूचना केन्द्र तथा वोर्ड उपलब्ध नहुनु, विभिन्न ठाउँमा पर्यटन क्याम्पहरू नहुनु, पर्यटकहरूको आवत जावतका बारेको पर्याप्त सूचना रेकर्ड नहुनु, गुणस्तरीय स्वास्थ्य चौकी तथा अस्पताल नहुनु, पर्यटकहरू दुर्घटना हुँदा उद्धार तथा उपचार टोलीको व्यवस्था नहुनु, हिमालहरूको बेस क्याम्पमा खानेपानी, शौचालय तथा वस्ने घरको व्यवस्था नहुनु, वन्यजन्तु, पंक्षी, चरा, वनस्पति तथा जडिबुटीको नाम सहितको सूचना बोर्ड नहुनु, स्थानीय स्तरमा उपलब्ध रहेका होटलमा मुल्यमा एक रूपता नहुनु, स्थानीय नागरिकमा पर्यटकहरूको लागि अतिथी संस्कार सम्बन्धी ज्ञानको कमी हुनु, होटल व्यवसायहरूसँग सरकारले लिने रोयल्टी बढी हुनु तर पर्यटक बस्ने दिन भने कम हुनु, याक, चौरी, भेडा, च्याङ्ग्राको चरन क्षेत्रमा आधुनिक प्रविधि सहितको गोठ, पर्याप्त पानी, भेटनरी प्राविधिकको अभाव हुनु, समय समयमा आउने हिम पहिरो, सुक्खा पहिरो, नदीको कहान, हावाहुरी जस्ता प्राकृतिक प्रकोपका कारण जनजिवनमा असर पर्नु लगायतका यस क्षेत्रको पर्यटन विकासका लागि देखिएका समस्याहरू हुन्।

हिमाल आरोहण, आधार शिविर, हिमनदी, फोहोर मैला व्यवस्थापन, सरसफाई, उद्धार, सुरक्षा आदिको बारेमा योजनाहरू बनाएर सहज कार्यान्वयन गर्नुपर्ने देखिन्छ। यस क्षेत्रमा विद्यमान प्राकृतिक

जोखिमहरूमा हिमपहिरो, पहिरो, बाढी, आगलागी, भुकम्प, रोग व्याधि, महामारी आदि प्रमुख रुपमा रहेका छन् । प्राकृतिक जोखिमका अलावा यहाँका मानिसहरूलाई दम, बाथ जस्ता नसर्ने दीर्घ रोग तथा रुघा खोकी, झाडापखाला ज्वरो, मौसमी ज्वरो जस्ता सरुवा रोगहरू लाग्ने गरेको पाईन्छ ।

### ३.१३ नार्पा भूमि गाउँपालिकामा पर्यटन विकासका चुनौतीः

यस क्षेत्रमा विकट धरातलीय स्वरुप हुनु, सडक यातायात नहुनु, प्रतिकुल मौसम हुनु, विकासका पूर्वाधार निर्माण गर्ने धेरै रकम लाग्नु, जनसङ्ख्या कम भएको कारणले गर्दा सरकारले पूर्वाधार विकासमा त्यति ध्यान नदिनु, स्थानीय स्तरमा दक्ष जनशक्ति नहुनु आदि यस क्षेत्रको पर्यटन विकासको लागि देखिएका चुनौतीहरू हुन् । त्यसैगरी उत्पन्न हुने फोहोर मैलाको उचित व्यवस्थापन हुन नसक्नु, बेस क्याम्पमा बस्ने पर्यटकका लागि पऱ्याप्त खानेपानी, आवास, शौचालय आदिको व्यवस्था हुन नसक्नु, यहाँका बस्तीहरूमा सुख्खा पहिरोको खतरा, टुरिष्ट क्याम्पको व्यवस्था नहुनु, उद्धार टोलिको व्यवस्था नहुनु चुनौतीपूर्ण रहेको छ । त्यसैगरी यहाँ हुने प्याराग्लाईडिङ, रक क्लाईम्बिङ, माउण्टेन क्लाईम्बिङ, आदिको वृत्तचित्र निर्माण तथा प्रवर्द्धनका लागि बजेटको न्यूनता हुनु, सञ्चार तथा यातायातको सुविधा नहुनु, पानी, बत्ति बिजुली तथा ईन्टरनेटको सुविधाको न्यूनता हुनुका साथै यहाँ सञ्चालनमा रहेका होटलहरूमा व्यावसायिक तालिमको अभाव हुनु आदि यस क्षेत्रको पर्यटन विकासका लागि मुख्य चुनौतीको रुपमा रहेको देखिन्छ ।

### ३.१४ नार्पा भूमि गाउँपालिकाको पर्यटन विकासका लागि सुझावः

यस क्षेत्रका हिमाल, हिम नदिको सरसफाई र फोहोर मैलाको व्यवस्थापन गर्नु पर्ने, पर्यटकको उद्दार र सुरक्षाको लागि उद्धार टोली बनाउनु पर्ने, पर्यटन उद्दारको लागि उद्दार कार्यदलको व्यवस्थापन गर्नु पर्ने र सुरक्षाको लागि पर्याप्त सुरक्षाकर्मीको व्यवस्थापन गर्नु पर्ने, ठाँउ-ठाउँमा हेलीप्याडको व्यवस्था गर्नु पर्ने, स्वास्थ्य क्षेत्रलाई प्रभावकारी बनाउनु पर्ने, सञ्चार क्षेत्रको राम्रोसँग विकास गर्नु पर्ने, पैदल मार्गलाई सुधार गर्नु पर्ने, सडकको दायाँ-बाँया वा तल-माथि हुनेगरी समानान्तर ढङ्गले १० मी. तल-माथि पर्यटन मार्ग निर्माण गर्नु पर्ने आदि यहाँको पर्यटन विकासको लागि सुझाव रहेका छन् ।

# अध्याय चार

## पर्यटन विकास योजना तथा कार्यक्रमहरू

### ४.१ पर्यटन विकास गुरुयोजनाको लक्ष्य, उद्देश्य तथा रणनीति

पर्यटन विकास गुरुयोजना भन्नाले गाउँपालिकाको भौगोलिक अवस्थिति, प्राकृतिक सम्पदा तथा सुन्दरता, सामाजिक, साँस्कृतिक, धार्मिक, ऐतिहासिक पुरातात्विक आदि पक्षहरूको पर्याप्तता तथा उपयुक्तताको आधारमा दिगो रूपमा सञ्चालन गर्न सकिने पर्यटकीय गतिविधिलाई लक्षित गरी तयार/सिफारिश गरिएको योजना हो । पर्यटन विकास गुरुयोजनाले पर्यटन क्षेत्रको आफ्नो लक्ष्य र उद्देश्य प्राप्तिका लागि आवश्यक रणनीति पनि तय गरेको हुन्छ । यसका लागि स्थानीय जनसहभागिता र उत्पादनलाई प्रमुख आधार बनाइएको छ किनभने आयातित वस्तु र सेवा तथा प्रविधिका साथै लगानीकर्ता समेत बाहिरबाट ल्याउँदा पर्यटनबाट हुने फाईदा पनि बाहिरिने हुन्छ । त्यसमा पनि गाउँपालिकाको भू-वनोट र अवस्थितिलाई हेर्दा स्थानीय हावापानी बुझ्ेकाहरू माटोसँग प्रत्यक्ष जोडिएकाहरू मात्र उक्त हावापानीमा जीवन निर्वाह गर्न सक्ने हुनाले स्थानीयलाई नै प्राथमकिता दिने ढङ्गको स्थानीय उत्पादनमा आधारित भई, स्थानीय व्यक्तिहरूबाटै गाउँपालिकामा पर्यटकीय गतिविधि सञ्चालन गरिनु पर्दछ भन्ने मान्यताका आधारमा यो योजना तयार गरिएको छ ।

**योजनाको सोच**

**"हिमाली, साहसिक पर्यटनको सान, नार्पा भूमिको पहिचान"**

**योजनाको लक्ष्य**

यस पर्यटन गुरुयोजनाले गाउँपालिकाको पर्यटन विकासका लागि निम्न लक्ष्य तय गरेको छ :

- पर्यटन क्षेत्रको विकास मार्फत स्थानीय बासिन्दाहरूको रोजगारी र आय आर्जनमा वृद्धि गरी उनीहरूको वातावरणीय, आर्थिक, सामाजिक, साँस्कृतिक र शैक्षिक पक्षहरूको सन्तुलित र दिगो विकास गर्ने ।

- नयाँ पर्यटकीय गन्तव्यको पहिचानका साथै विविध पर्यटकीय गतिविधिहरू वृद्धि गरी गाउँपालिकालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटनको अध्ययन, अनुसन्धान तथा घुमफिरका लागि नमुना गाउँपालिकाको रुपमा विकास गर्ने ।


**योजनाका उद्देश्यहरू**

पर्यटन विकास गुरुयोजनाले यस गाउँपालिकाको पर्यटन अन्तर्गत धार्मिक, सांस्कृतिक, सामाजिक तथा आर्थिक एवं अन्य सम्बन्धीत क्षेत्रको व्यवस्थापन र विकासमा सहयोग पुऱ्याउने उद्देश्य लिएको छ । गाउँपालिकाको समग्र विकासलाई समेत ध्यानमा राखि यो गुरुयोजनाको निर्माण गरिएको छ जसका निम्न उद्देश्यहरू रहेका छन् :

- गाउँपालिकाको समग्र पर्यटन विकासका लागि व्यवस्थित कार्ययोजना निर्माण गरी कार्यान्वयनमा सहजता ल्याउने ।
- व्यवस्थित भौतिक तथा पर्यटकीय संरचना निर्माणमा जोड दिई जैविक विविधताको संरक्षण र दिगो विकासको मार्ग प्रशस्त गर्ने ।
- यस गाउँपालिका भित्रका धार्मिक तथा पर्यटकीय स्थलहरू तथा सम्भावित स्थलहरू समेतको पहिचान गरी, ती क्षेत्रहरूको प्रचारप्रसार, मर्मत सम्भार, निर्माण तथा अन्य पर्यटकीय पूर्वाधारहरूको समेत विकास गर्ने ।
- स्थानीय सरकार, स्थानीय सरोकारवालाहरू, प्रदेश तथा सङ्घीय सरकार लगायत सार्वजनिक र निजी साझेदारीको माध्यमद्वारा पर्यटनमा लगानी-मैत्री वातावरण तयार गर्ने ।
- पर्यटन सम्बद्ध आर्थिक, वातावरणीय, सामाजिक, साँस्कृतिक एवं व्यवस्थापकीय पक्षहरूको व्यवस्थापनमा सहयोग गर्ने ।
- पर्यटकीय सम्भाव्यताका क्षेत्रहरूको पहिचान गरी स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने तथा आय आर्जनका उपायहरूको खोजी गर्ने ।
- स्थानीय कला, संस्कृति, भाषा, परम्परा र रीतिरिवाजहरूको संरक्षण, प्रवर्द्धन र विकासका साथै तिनीहरूको प्रचारप्रसार गरी स्थानीय बासिन्दाहरूको आय आर्जनमा टेवा पुऱ्याउने ।

### ४.२ मार्गदर्शक सिद्धान्तहरू

गाउँपालिकामा रहेका प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरूको संरक्षण तथा प्रवर्द्धन गर्दै दिगो पर्यटन विकास मार्फत स्थानीय जनसमुदायहरूको जीवनस्तरमा सुधार ल्याउन पर्यटन विकासको समग्र प्रक्रिया निम्नानुसारका बृहत् सिद्धान्तहरूबाट निर्देशित भएको छ ।




### १. एकीकृत पर्यटन विकास तथा प्रवर्द्धन (Integrated Tourism Development and Promotion)

गाउँपालिकाको पर्यटन विकासका लागि रणनैतिक पर्यटन विकास योजना (Strategic Tourism Plan) को दृष्टिकोण अवलम्बन गरिने छ । जिल्लामा आएका पर्यटकहरूलाई नार्पा भूमिमा आकर्षित गर्न सकिने ठूलो सम्भावना रहेको छ । पर्यटकको आगमन सङ्ख्या मात्रै बढेर पर्यटन व्यवसाय फस्टाउन सक्दैन सँगसँगै पर्यटकहरूको बसाइ लम्ब्याउन जरुरी छ र त्यसका लागि आवश्यक पर्यटकीय पूर्वाधार निर्माण, नयाँ पर्यटकीय गतिविधि र गन्तव्यहरूको पहिचान तथा प्रवर्द्धन, गाउँपालिकाभर रहेका विभिन्न प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरूको संरक्षण तथा प्रवर्द्धन गर्दै एकीकृत पर्यटन विकासको अवधारणा अवलम्बन गर्नु पर्दछ । नार्पा भूमि घुम्न आउने पर्यटकहरूलाई आसपासका पर्यटकीय क्षेत्रमा घुमाउन सकिएमा मात्र पर्यटकको बसाइ लम्बाउन सकिने र यसले यस क्षेत्रको अर्थतन्त्रलाई थप चलायमान गराउन सक्छ । यसका लागि नार्पा भूमि क्षेत्रलाई केन्द्रमा राखेर यस गाउँपालिकाको पर्यटन विकासका कामहरू गरिनुपर्ने हुन्छ । त्यसै गरी स्थानीय समुदायको प्रत्यक्ष सहभागिता विना पर्यटन विकासका उद्देश्यहरू हासिल गर्न नसकिने हुँदा पर्यटन विकास तथा प्रवर्द्धन योजनाको सुरुवाती चरणदेखि कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनसम्मका सबै प्रक्रियाहरूमा स्थानीयहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नु आवश्यक छ । साथै बसाइ लम्ब्याउन पर्यटन

प्याकेजको विकास गरी त्यसको प्रचार प्रसार गर्न सकिन्छ । सो का लागि यस गाउँपालिकामा प्रवेश गरेपछि गर्न सकिने गतिविधिहरूको पूर्ण विवरण सहितको जानकारी पर्यटनको पहुँचमा पुग्ने गरी व्यापक प्रचार प्रसार गर्न सकिन्छ ।

**२. सहकार्य तथा सहभागिता (Partnership and Participation)**

योजना निर्माण, निर्णय लिने तथा कार्यान्वयन तहसम्म स्थानीय बासिन्दाहरूको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्नुका साथै व्यवस्थापन तथा समग्र पर्यटकीय क्रियाकलापहरू तथा गुणस्तरीय सेवा प्रवाहमा स्थानीय बासिन्दाहरूलाई जिम्मेवार गराइने छ । त्यसै गरी पर्यटनसँग सरोकार राख्ने लाइन एजेन्सीहरू, सरकारी तथा गैरसरकारी संस्थाहरू, स्थानीय पर्यटन विकास समिति लगायत सबै सरोकावालाहरूसँगको सहकार्यलाई उच्च महत्त्व दिई समग्र गाउँपालिकालाई एक पर्यटकीय गन्तव्यको रुपमा विकास गरिने छ ।

**३. जनजीविका (Livelihoods)**

स्थानीय बासिन्दाहरूको जीवनस्तरमा योगदान पु-याउने खालको क्षमता विकास कार्यक्रमहरूलाई प्राथमिकता दिई योजना तर्जुमा गरिनु पर्दछ । यसरी योजना निर्माण गर्दा गरिबी तथा सामाजिक विभेद र अन्यायका कारणहरू पहिचान गरी न्युनीकरणका उपायहरू अवलम्बन गरिने छ । त्यसैगरी मुख्यगरी पिछडीएका, न्युन आयस्तर भएका तथा जोखिमयुक्त समुदायहरूलाई पर्यटन विकासको केन्द्रमा राखी उनीहरूको जीवनस्तर सुधारलाई मूल मुद्दा बनाई योजना तर्जुमा गरिने छ । छोटकरीमा भन्नुपर्दा दिगो पर्यटन विकासका लागि स्थानीय जनसमुदायको प्रत्यक्ष सहभागिता प्रमुख आधार हो ।

**४. दिगोपना (Sustainability)**

दिगो पर्यटन विकास पर्यटन गुरुयोजनाको मूल मार्गनिर्देशक सिद्धान्त हो । तसर्थ दिगो पर्यटन विकासको लागि भविष्यमा बाह्य सहयोग विना स्थानीय बासिन्दाहरूको क्षमताले व्यवस्थापन गर्न सक्ने क्रियाकलापहरू मात्र गुरुयोजनामा समावेश गरिनुपर्छ । नेपालमा पर्यटनको मूल उद्देश्य दिगो पर्यटनको विकास मार्फत ग्रामीण क्षेत्रका बासिन्दाको जीवनस्तर उकास्ने रहेकाले पर्यटन विकासका लागि स्थानीय बासिन्दाहरूलाई आर्थिक तथा अन्य किसिमका लगानी गर्न प्रोत्साहन गर्नुपर्छ । यस प्रयासको मूल उद्देश्य भनेको पर्यटन विकासका हरेक क्रियाकलापहरूमा स्थानीय समुदायले अपनत्व

महशुस गरुन भन्ने हो । जब पर्यटन स्थानीय बासिन्दाको जनजिविका र स्थानीय अर्थतन्त्रको मूल आधार बन्दछ यो दिगो समेत हुन्छ ।

### ४.३ योजनाका रणनीतिहरू

कुनैपनि योजना वा कार्यक्रमको सफल कार्यान्वयन गर्न के कस्ता उपाय अर्थात रणनीति अपनाईने हो भन्ने कुरा एकदमै महत्त्वपूर्ण हुन्छ । गाउँपालिका पर्यटन गुरुयोजनामा सिफारिस गरिएका कार्यक्रमहरूको सफल कार्यान्वयनको लागि गाउँपालिकाको भौगोलिक एवं प्राकृतिक अवस्था, सामाजिक, साँस्कृतिक एवं धार्मिक परिवेश तथा छलफल र अन्तरक्रियामा सहभागीहरूबाट प्राप्त सुझाव समेतलाई विचार गरी गुरुयोजना कार्यान्वयनका लागी निम्नानुसारका रणनीतीहरू तयार गरिएको छ ।

- पर्यटन विकासका लागि सम्भाव्य गाउँ तथा स्थानहरूमा व्यापक रुपमा सचेतना तालिम सञ्चालन गरी पर्यटन र यसको सञ्चालन तथा आयआर्जनका पक्षहरूको जानकारी गराई व्यापक रुपमा जन उत्सुकता र जनसहभागिता सिर्जना गर्ने ।
- हिमाली तथा साहसिक पर्यटनलाई गाउँपालिकाको आर्थिक एवं रोजगारीको एउटा सबल र स-शक्त माध्यमका रुपमा स्थापित गर्ने ।
- गरिबी न्युनिकरणमा ग्रामीण पर्यटन भन्ने सरकारको नीति अनुरुप विभिन्न पेशा, प्रविधि, सँस्कृति एवं उत्पादनलाई केन्द्रविन्दुमा राखी न्युन आय आर्जन भएका समुदायलाई सहयोग मिल्ने खालका कार्यक्रम सञ्चालन गर्ने ।
- पर्या-पर्यटनलाई उच्च प्राथमिकता दिई पदमार्ग, रक क्लाएइम्बिङ, साहसिक पर्यटन, हिमाल आरोहण, दृश्याअवलोकन, स्थानीय प्राकृतिक उत्पादन तथा अर्गानिक फार्मिङ प्रणालीलाई जोड दिने ।
- पर्यटनलाई स्थानीय साधन, स्रोत र प्रविधिमा आधारित गराई स्थानीय स्तरमै स्वनिर्भर बनाउने ।
- गाउँपालिकामा पर्यटनका क्षेत्रमा कार्यरत संघ, संस्था तथा सरोकारवाला निकायहरू बिच साझा सञ्जाल स्थापना गरी सूचना आदान प्रदान गर्ने तथा सम्भाव्य पर्यटकीय सम्पदा, आकर्षण र गन्तव्यहरूको क्षेत्रगत प्रोफाईल तयार गर्ने ।

- बजारीकरणलाई प्रभावकारी बनाउनका लागि प्रचार प्रसार सामग्रीहरू जस्तै होर्डिङ बोर्ड, ब्रोसर, पोष्टर, पम्पलेट, स्टिकर, सि.डि., युट्युब भिडियो, ब्लगहरू, फेसबुक, वेव साईट जस्ता कागज तथा डिजिटल सामग्रीहरू तयार गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रचार प्रसार गर्ने ।
- पर्यटन सम्बद्ध जनशक्ति विकासमा जोड दिई तालिम, सेमिनार, कार्यशाला, गोष्ठीका साथै शैक्षिक संस्थाहरूका पाठ्यक्रममा गाउँपालिकाको पर्यटन सम्बन्धी जानकारी पनि समाविष्ट गराउने ।
- गुरुयोजनामा सिफारिस गरिएका पर्यटकीय गतिविधिहरू सञ्चालन वा कार्यक्रम कार्यान्वयन, प्रचार प्रसार र अनुगमन तथा मुल्याङ्कन गर्न कार्यपालिकामा विषयगत समिति अन्तर्गत सरोकारवाला संघ, संस्था, तथा स्थानीय व्यक्तिहरू समेतको सहभागितामा एउटा अनुगमन समिति गठन गर्ने ।
- छिमेकी गाउँपालिका तथा नगरपालिकासँग सहकार्य गरी गन्तव्य स्थलको विकास गरी प्रचार प्रसार गर्ने ।
- गाउँपालिका भित्रका पर्यटकीय स्थलहरूको प्रचारप्रसार गरी धेरैभन्दा धेरै आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गर्ने ।
- गाउँपालिकामा पर्यटन प्रवर्द्धन र विकास गर्नका लागि गाउँपालिकाले अन्य सरकारी, निजी, संघ संस्था र सामुदायिक क्षेत्रसँग सहकार्य गर्ने ।
- पर्यटकीय स्थलहरूमा सबै प्रकारका पूर्वाधारहरूको एकीकृत र समन्वयात्मक विकास गर्नका लागि यथेष्ट लगानीको प्रबन्ध गर्ने ।
- स्थानीय सीप, कला, कौशल, सँस्कृति, परम्परा, रीतिरिवाज आदिको प्रवर्द्धन, विकास तथा प्रचारप्रसार गरी स्थानीय बासिन्दाहरूको आय आर्जनमा टेवा पुऱ्याउने ।
- यस क्षेत्रमा भित्रिने पयर्टकहरूको रुची र चाहनाको बारेमा समय समयमा नमुना सर्वेक्षण अध्ययन अनुसन्धान गर्ने ।
- यस क्षेत्रमा भित्रिने पर्यटकहरूको उमेर समूह, उनिहरूको रुची, आवश्यक पर्ने पुर्वाधार र सुविधाका बारेमा नमुना सर्वेक्षण गर्ने ।

- यस क्षेत्रमा भित्रिने पर्यटकहरूको वर्गीकरण गर्ने जसअनुसार उनीहरूको खर्च गर्ने क्षमता र पर्यटक सेवा र सुविधाको आकांक्षाहरूको नमुना सर्वेक्षण गर्ने ।
- यस क्षेत्रमा प्रवेश गर्ने पर्यटकहरूको यस पूर्वको प्रस्थान विन्दुहरूको अध्ययन गर्ने, यस क्षेत्रमा भित्रिने पर्यटकहरूको मुख्य पेशा वा व्यवसायको र रुचीको बारेमा नमुना सर्वेक्षण गर्ने ।
- प्रस्थान विन्दुहरूमा यस क्षेत्रको प्रचार प्रसारका लागि प्रचार प्रसार सामग्री र सूचना केन्द्र स्थापना गर्न छिमेकी गाउँपालिका वा नगरपालिकासँग सहकार्य गर्ने ।

### ४.४ अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तथा कार्यक्रमहरू

कुनै पनि योजनाको सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरू परिपूर्ती गर्नका लागि विस्तृत कार्ययोजना बनाई अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाहरू लागु गर्नु अत्यावश्यक हुन्छ । तबमात्र लक्षित उद्देश्यहरू हासिल भई अपेक्षित प्रतिफल प्राप्त गर्न सकिन्छ । नार्पा भूमि गाउँपालिकाको पर्यटन विकासमार्फत समग्र विकासका लागि निम्न योजनाहरू प्रस्तुत गरिएको छ ।

#### ४.४.१ अल्पकालीन योजना

गाउँपालिकाले पर्यटन गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउँदै गर्दा एक वर्ष भित्र सम्पन्न गर्नु पर्ने कार्यक्रमहरू सिफारिस गरिएको छ ।

- प्रस्तुत पर्यटन विकास गुरुयोजनालाई गाउँसभाबाट अनुमोदन गराई वार्षिक रूपमा कार्यान्वयनका लागि निर्णय गराउने ।
- गुरुयोजनाले सिफारिस गरे अनुसार पर्यटकीय गतिविधिहरू सञ्चालन वा कार्यक्रम कार्यान्वयन, अनुगमन, मुल्याङ्कन र प्रचारप्रसार गर्न गाउँपालिका पर्यटन विकास समिति गठन गर्ने र सोही समिति अन्तर्गत रहने गरी एउटा अनुगमन समिति गठन गर्ने ।
- सिफारिस गरिएका कार्यक्रमहरू कार्यान्वयनका लागि स्थानीयस्तरमा व्यवस्थापन तथा वडा पर्यटन समिति गठन गरी वडा सभाबाट कार्यक्रमहरू पास गराई गाउँपालिकामा पठाउने प्रक्रिया सुरु गराउने ।
- पर्यटनसँग सम्बन्धित चालु कार्यक्रम र गुरु योजनामा सिफारिस गरिएका कार्यक्रमहरू कार्यान्वयनका लागि गाउँपालिकाले नियमित रूपमा कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था

गर्ने र सम्बन्धित वडाहरूलाई पनि आफ्नो बजेटको केही अंश पर्यटन कार्यक्रमलाई छुट्याउन निर्देशन दिने ।

- गुरुयोजना तथा विस्तृत सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गर्न सिफारिस गरिएका कार्यक्रमहरू स्थानीय स्तरको सहभागितामा गाउँपालिकास्तरबाट कार्यदल गठन गरी सर्वेक्षण गराई प्रतिवेदन तयार गर्ने ।

### ४.४.२ मध्यकालीन योजना

नारा “हिमाली, साहसिक पर्यटनको सान, नार्पा भूमिको पहिचान” भन्ने दीर्घकालीन सोच राखी गाउँपालिकाको पर्यटन क्षेत्रको समग्र उन्नयनका लागि यस गुरुयोजनाले मध्यकालीन योजना अन्तर्गत ५ वर्ष भित्र प्रारम्भ गरी सम्पन्न गर्नु पर्ने कार्यक्रमहरूलाई समेटेको छ । गाउँपालिकामा पर्यटन विकासका लागि पहिचान भएका/गरिएका सम्भाव्य क्षेत्रहरूको सिलसिलेवार कार्यान्वयनका लागि जिम्मेवार निकाय तथा सम्भव भएसम्म सोको लागि आवश्यक पर्ने बजेट समेतको अनुमान गरी प्रस्तुत गरिएको छ । स्थानीय स्तरमा पर्यटनबाट केही न केही सकारात्मक प्रभाव पारी पर्यटन हाम्रो लागि र हाम्रो कार्यक्रम हो, यसको कार्यान्वयन र व्यवस्थापन हामीले नै गर्नु पर्दछ भन्ने प्रतिबद्धता सहित स्थानीय व्यक्तिहरूलाई सक्रिय बनाउनु यस योजना अर्थात कार्यक्रमको मूल पक्ष रहेको छ मध्यावधि योजना अर्थात् आगामी ५ वर्ष भित्र कार्यान्वयनमा ल्याई सक्नु पर्ने प्रस्तावित कार्यक्रमहरू निरन्तर रूपमा सञ्चालन भइरहने दीर्घकालीन प्रकृतिका कार्यक्रम नै हुन् र तिनीहरूको सफल र प्रभावकारी कार्यान्वयनका लागि नियमित रूपमा विस्तार एवं सुधारका कार्यक्रमहरू सञ्चालन भई नै रहने हुन्छन् । यी कार्यक्रमहरूलाई आगामी ५ वर्ष भित्र कार्यान्वयन गर्नु पर्ने भन्नुको तात्पर्य यस अवधिभित्र यी कार्यक्रमहरूको कार्यान्वयन प्रक्रिया प्रारम्भ गर्नु हो ।

### ४.४.३ दीर्घकालीन योजना

नारा “हिमाली, साहसिक पर्यटनको सान, नार्पा भूमिको पहिचान” भन्ने दीर्घकालीन लक्ष्य हासिल गर्न अल्पकालीन र मध्यकालीन योजना अर्थात् कार्यक्रमहरू दीर्घकालीन योजना कै प्रस्थान बिन्दु हुन् र यिनीहरू निरन्तररूपमा कार्यान्वयन भइरहन्छन् । गाउँपालिकाको पर्यटन विकास गुरुयोजनाको दीर्घकालीन सोच अर्थात् लक्ष्य भनेको गुरुयोजनाले औंल्याएका गाउँपालिकामा उपलब्ध पर्यटकीय महत्त्व र आकर्षणका सम्पदाहरू लाई क्रमिक रूपमा कार्यान्वयनमा ल्याई गाउँपालिकालाई नेपालकै

एउटा नमुना पर्यटकीय क्षेत्रको रूपमा स्थापित गरी आर्थिक रूपले एउटा समृद्धशाली स्थानीय तह बनाउनु हो । दीर्घकालीन योजना अनुसार क्रमिक रूपमा कार्यान्वयन गर्नका लागि सिफारिस गरिएका कार्यक्रमहरू निम्नअनुसार रहेका छन् ।

- हिमाली क्षेत्रमा रहेको संस्कृति, पर्यावरणको संरक्षण र प्रवर्द्धन गर्ने ।
- लोपोन्मुख कला र सँस्कृतिको संरक्षण गरी नार्पा जातीको बाहुल्यता रहेको यस क्षेत्रलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गरी होमस्टे पर्यटन सञ्चालन गर्ने ।
- साहसिक पर्यटनको हवको रुपमा विकास गर्ने ।
- नयाँ सम्भावित पदमार्गको पहिचान समेत गरी उच्च हिमाली पदमार्ग पर्यटनको केन्द्रको रुपमा विकास गर्ने ।
- कला र सँस्कृतिको संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धनका लागि साँस्कृतिक संग्रहालय निर्माण गर्ने ।
- विभिन्न सम्भाव्य स्थानमा दृश्यावलोकन केन्द्र निर्माण गर्ने ।
- गाउँपालिकामा निजी क्षेत्र परिचालन गरी होटल तथा रिसोर्ट सञ्चालन गर्ने र साथमा अन्य गतिविधि पनि सञ्चालन गर्ने । होटल सञ्चालकलाई अतिथि सत्कार तालिम सञ्चालन गर्ने ।
- सम्पूर्ण महत्त्वपूर्ण पर्यटकीय क्षेत्रहरूमा डि.पि.आर तयार पार्ने र सोही अनुरूप तिनीहरूको एकीकृत विकास निर्माण गर्ने ।
- सम्भावना भएको क्षेत्रमा उच्च हिमाली क्षेत्रको साइकल ट्रेल निर्माण गरी साइक्लिंग पर्यटन प्रोत्साहन गर्ने ।
- पुराना पदमार्ग व्यवस्थित गरी नविन पदमार्ग निर्माण गरी ट्रेकिङ र हाइकिंगका प्याकेजहरू सञ्चालनमा ल्याउने ।
- सडकको समानान्तर तल र माथि पदमार्गको निर्माण गर्ने अवधारणा विकास गरी कार्यान्वयनमा ल्याउने ।

### ४.५ विषयगत कार्य योजनाहरू

पर्यटन गुरुयोजनामा सिफारिस गरिएका र समावेस गरिएका अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन कार्ययोजनाहरू यसै अध्यायको अघिल्लो उप-अध्याय ४.४ मा विस्तृतरुपमा प्रस्तुत गरिएको छ । यस कार्ययोजनामा सञ्चालन गरिनु पर्ने गतिविधिहरू, जिम्मेवार निकायहरू, अनुमानित

लागत तथा प्राथमिकताहरू निर्धारण गरिएको छ । गुरुयोजनाको उद्देश्य अनुरुप कार्ययोजनालाई विषयगत क्षेत्रमा विभाजन गरिएको छ ।

### ४.५.१ पर्यटन विकास कार्ययोजना

पर्यटन विकासका लागि निम्न कार्यक्रमहरूलाई प्राथमिकतामा राखी लागु गरिने छ ।

१. विभिन्न धार्मिक पर्यटकहरूलाई पालिकाको अन्य धार्मिक स्थलको पनि भ्रमण गराउने व्यवस्था मिलाई त्यसको प्रचार प्रसार गर्न धार्मिक सर्किटको योजना निर्माण गरिने छ ।

२. सबै साँस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरूको संरक्षण तथा प्रवर्द्धन गरिने छ ।

३. होम स्टेहरू सञ्चालन गरी यहाँको सँस्कृति अध्ययन अवलोकन गर्न चाहने स्वदेशी तथा विदेशी विद्यार्थी र अनुसन्धानकर्ताहरूका लागि सहज बनाइनेछ ।

४. गाउँपालिकामा रहेका खोलामा फिसिंङको सम्भाब्यता अध्ययन गरी सञ्चालन गरिने छ ।

५. गाउँपालिकाको विभिन्न स्थानसम्म पुग्ने साइकल ट्रेल तथा पदमार्ग निर्माण गरी यी क्षेत्रहरूको प्रचार प्रसार गरिने छ ।

६. एकीकृत पर्यटन विकासको अवधारणा अनुरुप एकीकृत भ्रमण प्याकेजहरू निर्माण गरी प्रचार प्रसार गरिने छ ।

### ४.५.२ मानव संसाधन क्षमता विकास कार्ययोजना

नार्पा भूमि गाउँपालिकामा पर्यटन विकास गर्नुको मूल लक्ष्य स्थानीय रोजगारी सिर्जना र स्थानीय बासिन्दाको आर्थिकस्तरमा सुधार हो । तसर्थ समग्र पर्यटन विकासका लागि मानव संसाधन तथा क्षमता विकासलाई केन्द्रमा राखी निम्नानुसारका कार्यहरू गरिने छ ।

१. पर्यटक सत्कार, व्यवस्थापनका लागि होटल व्यवसायीहरू तथा सम्बन्धित स्थानीय समुदायको चेतना अभिवृद्धिका लागि समुदाय र विद्यालयहरूमा तालिमहरू सञ्चालन गरिने छ ।

२. उच्च हिमाली क्षेत्रमा आउनसक्ने पर्यटकको सम्भावना विश्लेषण गरी, रक क्लाईम्बिङ, टुरिस्ट गाईट, ट्रेकिङ गाइड जस्ता तालिम कार्यकमहरू सञ्चालन गरिने छ ।

३. होमस्टे कार्यक्रमका लागि छानिएका समुदायहरूलाई होमस्टे सञ्चालन सम्बन्धी तालिम र अवलोकन भ्रमण गराइनेछ र ठोस फोहोर व्यवस्थापन गुरु योजना निर्माण गरी फोहोर व्यवस्थापनमा कदम चालिनेछ ।

४. पर्यटकहरूलाई भ्रमण सहजीकरणका लागि गाउँपालिका भित्रका युवायुवतीहरूलाई पर्यटक पथप्रदर्शन सम्बन्धि तालिम दिइनेछ ।
५. होटल र लज व्यवस्थापनका लागि यसका संचालकहरूलाई तालिम दिइनेछ ।
६. सँस्कृति संरक्षण र प्रदर्शनीका लागि स्थानीय क्लब, महिला समूह र समुदायलाई तालिम दिइनेछ ।
७. फोहोरमैला व्यवस्थापनका लागि समुदायमा तालिम सञ्चालन गरिने छ ।

### ४.५.३ पर्यटन पूर्वाधार विकास कार्ययोजना

पर्यटन पूर्वाधार विकासका लागि गरिने कार्यक्रमहरू यस प्रकार छन् ।

१. सबै पर्यटकीय क्षेत्रसम्म पुग्न सहज पदमार्गको स्तरोन्नति र विकास गरिने छ ।
२. गाउँपालिका भित्रसम्म जोड्ने सडक मार्गको विकास र सडकहरूको स्तरोन्नति गरिने छ ।
३. कार्यक्रममा उल्लेख विभिन्न पदमार्ग तथा साइकल ट्रेल निर्माण तथा व्यवस्थित गरिने छ ।
४. नीजि क्षेत्रको सक्रियतामा पार्क तथा पिकनिक स्थल निर्माण गरिने छ ।
५. पदमार्गको स्तरोन्नती र गाउँपालिकालाई जोड्ने सडक मार्गको विकासमा जोड दिइनेछ ।

### ४.५.४ पर्यटन रोजगारी तथा सीप विकास कार्ययोजना

१. पर्यटन रोजगारी तथा सीप विकासका लागि निम्न कार्यहरू गरिने छ ।
२. होटल, लज, रिसोर्ट, होमस्टे सञ्चालन गरी रोजगारीको अवसर सिर्जना गरिने छ ।
३. स्थानीय बासिन्दाहरूलाई पर्यटक पथ प्रदर्शक, भरिया, जस्ता क्षेत्रमा रोजगारीको अवसर सिर्जना गरिने छ ।
४. स्थानीय उत्पादनहरूको वृद्धि गरिने छ र तिनीहरूको बजार प्रवर्द्धनको व्यवस्था गरिने छ ।
५. स्थानीय उपजहरू उत्पादन वृद्धिबाट स्थानीय बासिन्दाहरूको आय आर्जनमा टेवा पुग्न गई कृषि, पशुपालन जस्ता व्यवसायहरूलाई अधिकतम फाइदा पुग्नेछ ।
६. हस्तकला तथा चीनो उत्पादन र बिक्रीबाट घरेलु उद्योग सञ्चालन गर्न सकिनेछ ।

### ४.५.५ पर्यटन प्रवर्द्धन र बजारीकरण विकास कार्ययोजना

पर्यटनबाट अधिकतम लाभ लिन नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पर्यटकीय उत्पादनहरूको व्यापक रुपमा प्रचार प्रसार गर्नु पर्दछ। तसर्थ पर्यटन बजारीकरणको लागि निम्न कार्यहरू गरिने छ । पर्यटकीय स्थलहरू बारेका पुस्तिका, नक्सा, वृत्तचित्र पोष्टर तथा पर्चा निर्माण गरी प्रचारप्रसार गरिने छ ।

१. गाउँपालिका वेबसाइटमा यस क्षेत्रका पर्यटकीय गन्तव्य र उत्पादनहरूको विवरण राखी प्रचारप्रसार गरिने छ ।
२. यस क्षेत्रका समुदाय, सँस्कृति र सम्पदाहरूको अनुसन्धानमुलक पुस्तक प्रकाशन गरिने छ ।
३. पर्यटन बजारीकरणका लागि युट्युब, भ्लग, फेसबुक, एफएम, रेडियो र टेलिभिजन मार्फत प्रचारप्रसार गरिने छ ।
४. पर्यटनसँग सम्बन्धित सङ्घीय सरकार, प्रादेशिक सरकार, नेपाल पर्यटन बोर्ड, विभिन्न संघ संस्था, नेपाल एशोसियसन अफ टुर एजेन्सिज्, र अन्य संघ संस्थाहरूसँग समन्वय गरी पर्यटन बजार प्रवर्द्धन गरिने छ ।

### ४.५.६ पर्यटकीय तथा वातावरण सचेतना कार्यक्रम

पर्यटनका कारण प्राकृतिक स्रोत साधनहरू र साँस्कृतिक तथा ऐतिहासिक सम्पदाहरूमा पर्न सक्ने नकारात्मक प्रभाव न्युनीकरणका लागि आवश्यक कार्ययोजना तर्जुमा गरी कडाईका साथ कार्यान्वयन गर्नुपर्छ। फोहोरमैला बिसर्जन, वनजंगल विनाश, जनसङ्ख्या वृद्धि, साँस्कृतिक तथा ऐतिहासिक धरोहर माथिको बढ्दो दवाब जस्ता समस्याले गर्दा पर्यटनबाट समुचित लाभ लिन कठिन हुन्छ । तसर्थ उपलब्ध स्रोत साधनहरूको संरक्षण गर्दै स्थानीय बासिन्दाहरूको आवश्यकता परिपूर्ति गर्न पर्यटन तथा वातावरण सचेतना कार्यक्रम (Tourism and Environment Awareness Program M TEAP) अवलम्बन गरिने छ ।

१. परम्परागत ज्ञान तथा सीपहरू संकलित दस्ताबेज तयार गर्ने ।
२. पर्यटन, सँस्कृति तथा वातावरण सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।
३. पर्यटकीय स्रोतहरू र तिनको संरक्षण गर्नु पर्ने आवश्यकता बुझाउने बोर्डहरू राख्ने ।
४. परम्परागत सीप तथा ज्ञानको महत्त्वको विषयमा स्थानीय समुदायहरूलाई सचेत गराउने ।

५. वडा स्तरमा पर्यटन विकास समिति गठन गर्ने ।

### ४.५.७ नविन पर्यटन उत्पादन विकास तथा पर्यटकीय क्रियाकलाप विविधिकरण कार्ययोजना

पर्यटन विकासबाट हुने आर्थिक फाइदाहरूलाई बृहत् समुदायमा पुर्‍याउनका लागि सीमित क्षेत्रहरूमा मात्र अत्यन्त छोटो (१-२ दिन) पर्यटकीय बसाई अवधि मुख्य रणनैतिक मुद्दा हो । तसर्थ परम्परागत अभ्यासहरूमा आधारित नविन पर्यटन उत्पादन विकास तथा पर्यटकीय क्रियाकलाप विविधीकरण पर्यटन विकासका लागि अत्यन्त आवश्यक छ । जसका लागि यसप्रकारका कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

१. नविन पर्यटकीय उत्पादनहरूका लागि सम्भाव्यता अध्ययन गर्ने ।
२. सम्भावित पर्यटन उद्यमहरू पहिचान गर्ने, दुवै पर्यटन उत्पादन र सेवा र अन्य सहायक उत्पादन तथा सेवाहरूको थालनी गर्ने ।
३. स्थानीय उत्पादन तथा सेवाहरू अधिकतम उपयोगका लागि पर्यटन उद्यमशिलता तथा क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने ।
४. होम स्टे सञ्चालनका लागि पिछडीएका तथा महिला समुदायहरूलाई निश्चित रकम उपलब्ध गराउने ।
५. नव उद्यमीहरूलाई पर्यटन उत्पादन विकास, प्याकेजिंग, प्रोसेसिंग तथा बजारीकरण ( Development, packaging, pricing and marketing) सम्बन्धी तालिम प्रदान गर्ने ।
६. स्थानीयवासीहरूलाई उच्च मूल्यका कृषि उत्पादनतर्फ अग्रसर बनाई आफ्नो उत्पादनलाई ब्रान्डीङ गर्न तालिम दिने ।

### ४.५.८ जैविक विविधता तथा भू-परिदृष्य संरक्षण तथा व्यवस्थापन कार्ययोजना

प्राकृतिक वातावरण, जैविक विविधता र भू- परिदृश्य नार्पा भूमि पर्यटन विकासको मुख्य आधार हो । यस्ता प्राकृतिक स्रोतसाधन माथि अधिक दोहन तथा संरक्षणमा हेल्चेक्रयाइ गरियो भने यस क्षेत्रको पर्यटन विकासका सम्भावनाहरू अपेक्षित रुपमा विस्तार हुन नसक्नुका साथै यस्ता क्रियाकलापले हालको पर्यटकीय उत्पादन गुणस्तर खस्कन जान्छ र समग्र पर्यटन क्षेत्र नै खुम्चन जान्छ । तसर्थ नार्पा भूमिमा दिगो पर्यटन विकासका लागि खोला नाला, ताल, सिमसार क्षेत्र, जलस्रोत, भू-परिदृश्य

आदिको संरक्षण तथा व्यवस्थापनका लागि निम्न पर्यटन तथा वातावरण सचेतना कार्यक्रमहरू सञ्चालन गर्नुका साथै तल उल्लेखित कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१. राष्ट्रिय, धार्मिक तथा सामुदायिक वन संरक्षण गरिने छ ।
२. सार्वजनिक खुल्ला क्षेत्रहरू, जलाधर क्षेत्र तथा सार्वजनिक सम्पतिहरूको संरक्षण गरिने छ ।
३. सुधारिएको चुलो, बायो ब्रिकेट, बैकल्पिक उर्जा प्रयोग, उर्जा प्रयोग हुने भाडाहरूको प्रयोगलाई प्रोत्साहन गर्न निश्चित रकम सहुलियत दिइनेछ ।
४. वैज्ञानिक भू-उपयोग योजना निर्माण गरी लागु गरिने छ ।
५. पर्यापर्यटन विकास तथा प्रवर्द्धनका लागि स्थानीय समितिको क्षमता अभिवृद्धि गरिने छ ।
६. भ्रमण संचालक, पर्यटन व्यवसायी तथा स्थानीय समुदायहरूले पालना गर्नु पर्ने वातावरणीय आचारसंहिता निर्माण गरी कार्यान्वयन भए नभएको अनुगमन गरिने छ ।
७. पालिकालाइ पर्या-पर्यटन गन्तव्यको रुपमा विकास गरिने छ ।

### ४.५.९ संस्थागत विकास कार्ययोजना

दिगो र सक्रिय स्थानीय संस्थाले मात्र दिगो पर्यटन विकासको आधार खडा गरी पर्यटनका उपलब्धिहरूलाई जनस्तरमा पुर्‍याउन सक्दछ । यही वास्तविकतालाई मध्यनजर गर्दै गाउँपालिका पर्यटन विकासका लागि निम्नानुसार कार्यहरू गरिने छ ।

१. नार्पा भूमि गाउँपालिका पर्यटन विकास समिति गठन गर्ने,
२. अन्तर स्थानीय तह पर्यटन सहजीकरण समिति गठन गर्ने
३. वडास्तरमा पर्यटन विकास समितिहरू गठन गर्ने ।
४. सबै पर्यटन विकास समितिहरूको क्षमता अभिवृद्धि गर्ने ।
५. पर्या-पर्यटनको लागि सामुदायिक वन उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि गर्ने ।
६. होमस्टे पर्यटन विकास समिति गठन गर्ने ।
७. कम्तीमा वर्षको २ पटक पर्यटन सम्बद्ध सरोकारवालासँग अन्तरकृया तथा गोष्ठि कार्यक्रम सञ्चालन गर्ने ।

### ४.६ पर्यटन विकास गुरुयोजनामा प्रस्तावित गाउँपालिका स्तरीय योजनाहरू

| क्र.सं. | प्रस्तावित कार्यक्रम | अनुमानित लागत (लाख) | कार्यान्वयन अवधि | | | | | योजनाको प्रकृति | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | | | | |
| १ | पदमार्गको पहिचान तथा विस्तार र संरक्षण | १०० | २० | २० | २० | २० | २० | दीर्घकालीन | गा.पा., प्रदेश | | १ |
| २ | होमस्टे सञ्चालन सम्बन्धी पालिका तथा वडा स्तरीय समिति गठन | ७५ | १५ | १५ | १५ | १५ | १५ | दीर्घकालीन | गा.पा. | | १ |
| ३ | पुराना डिजाइनका (परम्परागत मौलिक) घर र अन्य पूर्वाधार निर्माणमा सहुलियत प्रदान | २५ | ५ | ५ | ५ | ५ | ५ | दीर्घकालीन | केन्द्र, प्रदेश | | ३ |
| ४ | होम स्टे दर्ता प्रक्रिया सहज बनाइ दर्तामा सहुलियत प्रदान | १० | २ | २ | २ | २ | २ | मध्यकालीन | गा.पा. प्रदेश | | २ |
| ५ | संचालित र सम्भावित पदमार्गमा स्थान पहिचान गर्ने | १५ | ३ | ३ | ३ | ३ | ३ | मध्यकालीन | प्रदेश, गा.पा. | | २ |
| ६ | होम स्टे सञ्चालनका लागि अध्ययन | २५ | ५ | ५ | ५ | ५ | ५ | अल्पकालीन | गा.पा. | | २ |
| ७ | गाउँपालिकामा होम स्टे सञ्चालनका लागि न्युनतम आवश्यक मापदण्ड निर्माण गरी कार्यान्वयन | १० | २ | २ | २ | २ | २ | अल्पकालीन | गा.पा. | | १ |
| ८ | होम स्टे सञ्चालन सम्बन्धी स्थानीय नीति निर्माण गरी कार्यान्वयन | ५ | १ | १ | १ | १ | १ | अल्पकालीन | गा.पा., केन्द्र | | ३ |
| ९ | गुफा सौन्दर्यकरणका लागि आर्थिक सहुलियत प्रदान | ५० | १० | १० | १० | १० | १० | मध्यकालीन | केन्द्र, प्रदेश | | ३ |
| १० | कुहिने र नकुहिने फोहोरलाई छुट्टा छुट्टै व्यवस्थापन गर्न जनचेतना अभियान | २५ | ५ | ५ | ५ | ५ | ५ | अल्पकालीन | केन्द्र, प्रदेश | | १ |
| ११ | विभिन्न स्थानमा पर्यटकहरूलाई बस्न प्रतिक्षालय निर्माण | ५० | १० | १० | १० | १० | १० | मध्यकालीन | केन्द्र, प्रदेश | | २ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | प्राकृतिक सम्पदाहरूको प्रचार प्रसार ( प्रिन्ट मिडिया, एफ. एम. रेडियो, टिभी आदि मार्फत) | २५ | ५ | ५ | ५ | ५ | ५ | अल्पकालीन | केन्द्र, प्रदेश | | ३ |
| १३ | स्थानीय, होटल व्यवसायी तथा अन्य नीजि क्षेत्रसँग समन्वय गरी होटल निर्माणमा सहजीकरण | ७५ | १५ | १५ | १५ | १५ | १५ | मध्यकालीन | केन्द्र, प्रदेश | | ३ |
| १४ | पर्यटकीय स्थल नजिक प्राथमिक स्वास्थ्य उपचार केन्द्र निर्माण तथा व्यवस्थापन | ५० | १० | १० | १० | १० | १० | अल्पकालीन | गा.पा. | | १ |
| १५ | लोडो पास हुँदै फेरी क्याङमै निस्की निभमित नारफू ट्र्यालमा समावेश हुने | ५० | १० | १० | १० | १० | १० | दीर्घकालीन | गा.पा. | | १ |
| १६ | नियमित नारफू ट्र्याल नार गाउँदेखि तेरिला पास हुँदै ताङगे गाउँ | ५० | १० | १० | १० | १० | १० | दीर्घकालीन | गा.पा.र प्रदेश | | २ |
| १७ | नाम्गेर्खक पास हुँदै मेता निस्की नियमित नारफू ट्र्यालमा समावेश हुने | ५० | १० | १० | १० | १० | १० | दीर्घकालीन | गा.पा., प्रदेश, केन्द्र | | ३ |
| १८ | वैकल्पिक पर्यटन पदयात्रा (मूल सडक को १० मिटर र तलमाथि बैकल्पिक) पदमार्ग बनाउने | १०० | २० | २० | २० | २० | २० | दीर्घकालीन | गा.पा., प्रदेश, केन्द्र | | ३ |
| | जम्मा अनुमानित लगानी रकम | ७९० | १५८ | १५८ | १५८ | १५८ | १५८ | दीर्घकालीन | गा.पा., प्रदेश, केन्द्र | | ३ |

४.७ पर्यटन विकास गुरुयोजनामा प्रस्तावित वडागत योजनाहरू

| क्र. सं. | प्रस्तावित वडागत कार्यक्रम | अनुमानित लागत (लाख) | कार्यान्वयन अवधि | | | | | योजनाको प्रकृति | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | | | | |
| | वडा नं. १ | | | | | | | | | | |
| १ | गुरुपार्क जाने बाटोमा सिडी तथा रेलिङ बनाउने | ३० | ६ | ६ | ६ | ६ | ६ | दीर्घकालीन | गा.पा., प्रदेश | | १ |
| २ | नारमा झम्वु खर्कमा गुठि सुधार खानेपानी बनाउने | ५० | १० | १० | १० | १० | १० | दीर्घकालीन | गा.पा. | | १ |
| ३ | नारदेखि तेरिला पाससम्म foot trial बनाउने | २०० | ४० | ४० | ४० | ४० | ४० | दीर्घकालीन | केन्द्र, प्रदेश | | ३ |
| ४ | काङ्ला फेदीमा क्याम्प साइड | ५० | १० | १० | १० | १० | १० | मध्यकालीन | गा.पा. प्रदेश | | २ |
| ५ | महेन्द्र पुलदेखि काङला पाससम्मको बाटो निर्माण | १५० | ३० | ३० | ३० | ३० | ३० | मध्यकालीन | प्रदेश, गा.पा. | | २ |
| ६ | नार भ्यू पोइन्ट जाने वाटो निर्माण | ७० | १४ | १४ | १४ | १४ | १४ | अल्पकालीन | गा.पा. | | २ |
| ७ | विद्युत् कुलो निर्माण तथा मर्मत | ६० | १२ | १२ | १२ | १२ | १२ | अल्पकालीन | गा.पा. | | १ |
| ८ | हुक्चे खर्कमा क्याम्प राख्ने | १०० | २० | २० | २० | २० | २० | अल्पकालीन | गा.पा., केन्द्र | | ३ |
| ९ | नार गाउमा सांस्कृतिक संग्राहलय बनाउने | २५० | ५० | ५० | ५० | ५० | ५० | मध्यकालीन | केन्द्र, प्रदेश | | ३ |
| १० | कोन्जोम तालमा बाटो निर्माण | ५० | १० | १० | १० | १० | १० | अल्पकालीन | केन्द्र, प्रदेश | | १ |
| ११ | चामजोङ पुल निर्माण | ३५ | ७ | ७ | ७ | ७ | ७ | मध्यकालीन | केन्द्र, प्रदेश | | २ |
| १२ | सामुदायिक भवन निर्माण | १५० | ३० | ३० | ३० | ३० | ३० | अल्पकालीन | केन्द्र, प्रदेश | | ३ |
| १३ | सिँचाई कुलो निर्माण | २०० | ४० | ४० | ४० | ४० | ४० | मध्यकालीन | केन्द्र, प्रदेश | | ३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा नं. २ | | | | | | | | | |
| १४ | कङगारु वेश क्याम्प जाने बाटो निर्माण | २० | ४ | ४ | ४ | ४ | ४ | अल्पकालीन | गा.पा. | | १ |
| १५ | नाम्गे पास जाने बाटो निर्माण र मर्मत | १० | २ | २ | २ | २ | २ | दीर्घकालीन | गा.पा. | | १ |
| १६ | मेतामा पर्यटन पार्क बनाउने | १०० | २० | २० | २० | २० | २० | दीर्घकालीन | गा.पा.र प्रदेश | | २ |
| १७ | मेतामा गुम्बा निर्माण गर्ने | ३०० | ६० | ६० | ६० | ६० | ६० | दीर्घकालीन | गा.पा., प्रदेश, केन्द्र | | ३ |
| १८ | मेतामा प्रवेश द्वार बनाउने | २० | ४ | ४ | ४ | ४ | ४ | अल्पकालीन | गा.पा. | | १ |
| १९ | तातोपानी खोलामा रहेको तातोपानी कुवाको संरक्षण | २० | ४ | ४ | ४ | ४ | ४ | अल्पकालीन | गा.पा. | | १ |
| २० | पर्यटन क्याम्प कोतो बाट एक्लो धारामा | ५० | १० | १० | १० | १० | १० | मध्यकालीन | गा.पा. | | १ |
| २१ | नाम्गे पासमा क्याम्प बनाउने (खानापानी, शौचालय) | ६० | १२ | १२ | १२ | १२ | १२ | दीर्घकालीन | गा.पा. | | २ |
| २२ | कूवरदेखि पारभौमसम्म बाटो निर्माण | ३०० | ६० | ६० | ६० | ६० | ६० | दीर्घकालीन | केन्द्र, प्रदेश | | २ |
| | वडा नं. ३ | | | | | | | | | |
| २३ | महेन्द्रपुलदेखि च्याखुसम्मको बाटो | १५० | ३० | ३० | ३० | ३० | ३० | दीर्घकालीन | गा.पा.र प्रदेश | | २ |
| २४ | च्याखु भ्यू पोइन्ट जाने बाटो निर्माण | १०० | २० | २० | २० | २० | २० | दीर्घकालीन | गा.पा.र प्रदेश | | २ |
| २५ | मेतामा रहेको पहिरो पन्छाउने | ५ | १ | १ | १ | १ | १ | मध्यकालीन | गा.पा. | | १ |
| २६ | घाङगल निकास (गाउँपालिका क्षेत्रमा) | १५० | ३० | ३० | ३० | ३० | ३० | दीर्घकालीन | केन्द्र, प्रदेश | | १ |
| २७ | सिँचाई कुलो निर्माण | २५० | ५० | ५० | ५० | ५० | ५० | दीर्घकालीन | गा.पा., प्रदेश, केन्द्र | | २ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २८ | एकीकृत बस्ती विकास | २५० | ५० | ५० | ५० | ५० | ५० | दीर्घकालीन | गा.पा., प्रदेश, केन्द्र | | ३ |
| २९ | विद्युत् सेवा जडान र विस्तार | ३५० | ७० | ७० | ७० | ७० | ७० | दीर्घकालीन | गा.पा., प्रदेश, केन्द्र | | १ |
| ३० | खम्पा घर संरक्षण | १५० | ३० | ३० | ३० | ३० | ३० | मध्यकालीन | गा.पा., प्रदेश, केन्द्र | | २ |
| ३१ | म्यूजियममा घर रङरोगन र सुधार | ५० | १० | १० | १० | १० | १० | अल्पकालीन | गा.पा., प्रदेश, केन्द्र | | २ |
| ३२ | च्याँखु गुम्बा निर्माण | १५० | ३० | ३० | ३० | ३० | ३० | दीर्घकालीन | गा.पा., प्रदेश, केन्द्र | | ३ |
| ३३ | च्याँखु खानेपानी निर्माण | १५० | ३० | ३० | ३० | ३० | ३० | दीर्घकालीन | गा.पा., प्रदेश, केन्द्र | | १ |
| ३४ | वडा नं ३ को सिमानामा प्रवेश गेट निर्माण तथा पदयात्रीको लागि सूचना संकेत, वोर्डहरू व्यवस्थापन | ६० | १२ | १२ | १२ | १२ | १२ | मध्यकालीन | गा.पा., प्रदेश, केन्द्र | | १ |
| | **वडा नं. ४** | | | | | | | | | | |
| ३५ | सुचना बोर्ड राख्ने हिम्लुङसम्म, हिम्लुङदेखि काङला पाससम्म | २० | ४ | ४ | ४ | ४ | ४ | अल्पकालीन | गा.पा., प्रदेश | | १ |
| ३६ | फू को प्राचीन गाउँलाई संरक्षण गर्ने | १०००० | २००० | २००० | २००० | २००० | २००० | दीर्घकालीन | केन्द्र | | ३ |
| ३७ | बाटो र खानेपानी | ५०० | १०० | १०० | १०० | १०० | १०० | दीर्घकालीन | गा.पा., प्रदेश | | २ |
| ३८ | केसाङ गुफा | १५० | ३० | ३० | ३० | ३० | ३० | दीर्घकालीन | गा.पा., प्रदेश | | २ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३९ | माहते, क्याङमा भत्केको घरमा कलर लगाउने झोङ बस्तीमा पनि | ८ | १.६ | १.६ | १.६ | १.६ | १.६ | अल्पकालीन | गा.पा. | | १ |
| ४० | फू को मुख्य गेटलाई संरक्षण गर्ने | १० | २ | २ | २ | २ | २ | अल्पकालीन | गा.पा. | | १ |
| ४१ | रत्नचुलीसम्म जाने बाटो, शौचालय तथा खानेपानी तथा पर्यटक आवास गृह निर्माण गर्ने | २०० | ४० | ४० | ४० | ४० | ४० | मध्यकालीन | गा.पा., प्रदेश, केन्द्र | | १ |
| ४२ | च्याँखुदेखि हिमलुङसम्म पर्यटक पदमार्ग निर्माण | ६०० | १२० | १२० | १२० | १२० | १२० | मध्यकालीन | गा.पा., प्रदेश, केन्द्र | | १ |
| | **वडा नं. ५** | | | | | | | | | | |
| ४३ | फूदेखि ध्यपु, छोकर्ण तालसम्मको बाटो निर्माण | ५०० | १०० | १०० | १०० | १०० | १०० | मध्यकालीन | प्रदेश केन्द्र | | १ |
| ४४ | फूदेखि छोकर्ण तालसम्म बाटो, शौचालय , डस्टविन,पानी धारा निर्माण तथा धर्मशाला निर्माण | १०० | २० | २० | २० | २० | २० | अल्पकालीन | प्रदेश | | १ |
| ४५ | फू गाउमा सरसफाइ गर्ने तथा डस्टविन राख्ने | १० | २ | २ | २ | २ | २ | अल्पकालीन | गा.पा. | | २ |
| ४६ | फू गाउदेखि टासीलाखाङ गुम्बासम्म सिडी र रेलिङ बनाउने | २०० | ४० | ४० | ४० | ४० | ४० | मध्यकालीन | गै.स.सर केन्द्र | | १ |
| ४७ | फूदेखि भ्यू टावरसम्म जाने बाटो निर्माण तथा सुचना बोर्ड राख्ने | १० | २ | २ | २ | २ | २ | अल्पकालीन | गा.पा. | | २ |
| ४८ | छोकर्ण खोलामा ट्रस ब्रिज हाल्ने | ९० | १८ | १८ | १८ | १८ | १८ | मध्यकालीन | प्रदेश | | २ |
| ४९ | सासर खोलामा ट्रस ब्रिज | ९० | १८ | १८ | १८ | १८ | १८ | मध्यकालीन | प्रदेश | | २ |
| ५० | पाङ्गे पास जाने बाटो निर्माण | २५० | ५० | ५० | ५० | ५० | ५० | दीर्घकालीन | गा.पा., | प्रदेश, केन्द्र | २ |
| ५१ | लोङ्गुमा ट्रस्ट पुल निर्माण | १०० | २० | २० | २० | २० | २० | मध्यकालीन | गा.पा., | प्रदेश, केन्द्र | २ |
| | **जम्मा वडागत योजनाको अनुमानित लागत** | **१६९२८** | **३३८५.६** | **३३८५.६** | **३३८५.६** | **३३८५.६** | **३३८५.६** | | | | |

**४.७ नार्पा भूमिमा पर्यटन विकासमा प्राथमिकता दिनुपर्ने कार्यक्रमहरू**

नार्पा भूमिमा एकीकृत पर्यटनको दिगो विकासका लागि प्राथमिकता दिनुपर्ने प्रमुख कार्यक्रमहरू यस प्रकार छन् ।

१. पर्यटन सूचना केन्द्रको स्थापना गर्ने,

२. साँस्कृतिक संग्रहालय निर्माण गर्ने,

३. नयाँ सम्भावित पदमार्ग पहिचान गरी निर्माण गर्ने,

४. ऐतिहासिक स्थलहरूको संरक्षण गर्ने,

५. नार्पा भूमिको साँस्कृतिक सम्पदाहरूको संरक्षण र प्रचार प्रसार गर्ने,

६. यहाँका ताल तथा नदिहरूलाई सौन्दर्यकरण गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने,

७. हरेक वडामा स्थान पहिचान गरी खेल मैदान निर्माण गर्ने,

८. गाउँपालिकाको हरेक वडालाई कृषि पकेट क्षेत्रका रुपमा विकास गर्ने,

९. रक क्लाइम्बिङ तथा पर्वतारोहण तालिम तथा खेलको माध्यमबाट प्रवर्द्धन गर्ने

१०. सम्भावित स्थानहरूमा होम स्टे सञ्चालनका लागि सम्भाव्यता अध्ययन गर्नुका साथै समुदाय स्तरको तालिम पनि सञ्चालन गर्ने,

११. स्थानीय वस्तु उत्पादन र बजारीकरणका लागि तालिम एवं अन्य उचित कार्यक्रमहरू लागु गर्ने,


१२. मुल सडक वा मोटरबाटो भन्दा १० मिटर दायाँ बाँया बैकल्पीक पर्यटकमार्ग बनाउने,

१३. स्थानीय सँस्कृति प्रवर्द्धनका लागि नियमित साँस्कृतिक कार्यक्रम सञ्चालन गर्ने ।

## ४.८ प्रस्तावित थ्री.डी.नक्साहरू

थ्री.डी. नक्सा कुनै पनि भौगोलिक क्षेत्र वा भौतिक संरचनालाई तीन आयामी (Three–Dimensional) रूपमा प्रस्तुत गरिएको नक्सा हो । साधारण २डी नक्साहरूले लम्बाई र चौडाइ मात्र देखाउँछन्, तर थ्री.डी. नक्साले उचाइ वा गहिराइलाई पनि समावेश गरी भू-भागको बनावटलाई राम्रोसँग बुझ्न मद्दत गर्ने गर्दछ । यसले प्रयोगकर्तालाई कुनै पनि स्थानको यथार्थपरक दृश्य प्रदान गर्छ, जसमा पहाड, भवन, खोलानाला, रुख, र अन्य भू-आकृतिको उचाइ र आकार प्रस्ट रूपमा देख्न सकिन्छ । यसको मुख्य उद्देश्य भनेको जटिल भौगोलिक जानकारीलाई अझ बढी सहज र स्पष्ट तरिकाले बुझाउनु हो, जसले गर्दा योजना बनाउन, विश्लेषण गर्न, र निर्णय लिन सजिलो हुन्छ । कुनैपनि योजनाको विस्तृत प्रतिवेदन तयार गर्नु भन्दा अघि यस प्रकारका नक्साहरू तयार गर्ने गरिन्छ ।

यो पर्यटन गुरुयोजनाको तर्जुमा गर्ने सिलसिलामा समेत फूगाउँको पुरानो बस्ती, च्याँखुको झुनाम पोखरी र नारगाउँको गुरु पद्मसम्भवको पार्कको प्रस्तावित थ्री.डी.नक्साहरू यस खण्डमा प्रस्तुत गरिएको छ ।







- Site image showing extremely rugged, steep slopes, and rocky terrain.
- Primarily footpaths; vehicle access seems unlikely.
- High-altitude Himalayan or trans-Himalayan village





This rendered existing image represents a **a Naar Statue Temple** located in a **high-altitude Himalayan landscape**, likely influenced by the region around **Naar village in Upper Manang, Nepal**.



The gate symbolizes **spiritual or cultural threshold** — possibly an entry to a sacred or significant site.



The image illustrates a two-way staircase system designed to facilitate pedestrian movement across a sloped terrain.



The image illustrates an Aerial view of proposed Naar statue, which shows pedestrian movement across a sloped terrain.

# PHUU

The images depict **Phu Village**, a remote Himalayan settlement located in the **Manang District** of Nepal. This village is notable for its traditional Tibetan-style architecture and dramatic high-altitude landscape.





The image provides a wide-angle aerial view of the village nestled in a rugged, mountainous terrain. The most prominent feature is a **brightly colored Buddhist monastery (Gompa)** with a golden-yellow roof, standing out starkly against the earth-toned background. Surrounding the monastery are clusters of **stone-built houses**, tightly packed along the narrow ridges and slopes.

The image offers a closer look at one of the stone houses in Phu. The building shows signs of age and weathering, with **dry stone masonry walls** and **timber beam supports.**



This image is a **3D digital reconstruction or visualization of Phu Village** in Manang, Nepal, based on its layout, topography, and architectural style.



Site image showing extremely rugged, steep slopes, and rocky terrain.

Primarily footpaths; vehicle access seems unlikely.





In the rendered image of Phu Village, the **footrail** or **pathway** is visible as a **light-colored, narrow, linear feature** that weaves through the ruins and structures across the terrain.

**Unpaved and irregular**, matching the natural contours of the sloped terrain.



In the ariel image of Phu Village, it shows **ruins are laid out in an organic, clustered arrangement**, reflective of historical Himalayan village planning.



Side rendered view of the proposed site.

# JHUNAM POKHARI





The ground is **dry and rocky**, with sparse low shrubs and small bushes interspersed among the trees.

The **sloping terrain and backdrop of rugged rock cliffs** suggest the site's high elevation and proximity to the Annapurna mountain range.

In the foreground, there is a **small dry-stone wall structure**, possibly used for **agricultural, animal shelter, or ritual purposes**.
The background reveals the **steep and majestic Himalayan ridgelines**, partially snow-covered, emphasizing the site's location in a high-mountain environment.



This rendered image presents a **conceptual development model** of **Jhunam Pokhari**, a sacred high-altitude lake located in the Manang District of Nepal. The concept integrates **landscape preservation**, **spiritual significance**, and **eco-cultural tourism** into a visually harmonious design.

FIG: PROPOSED POKHARII



The composition highlights the **interaction between natures**, with the **sacred forest, and pristine mountains** coexisting harmoniously.



This conceptual rendering illustrates an **aesthetically integrated and functional design** surrounding a high-altitude lake, likely inspired by sacred Himalayan water bodies like **Jhunam Pokhari**.

The image features **two hexagonal gazebos** located at both ends of the developed lakeside path.

Each gazebo has a **pitched roof with red tiles** supported by **sturdy columns**, blending traditional architectural aesthetics with functional shading.

# अध्याय पाँच

## पर्यटन व्यवस्थापन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

### ५.१ पर्यटन व्यवस्थापन योजना

सामान्यता पर्यटन व्यवस्थापन निम्नानुसारका चार मुलभूत सिद्धान्तबाट निर्देशित हुन्छ :

१. पर्यटन प्रणाली व्यवस्थापन

२. पर्यटन व्यापार व्यवस्थापन

३. पर्यटकीय वातावरण व्यवस्थापन

४. समसामयिक मुद्दा व्यवस्थापन

तसर्थ पर्यटन व्यवस्थापनले यी चार वटै आधारभूत सिद्धान्तहरू अपनाउनु पर्ने देखिन्छ। दिगो पर्यटन व्यवस्थापनका लागि विशेष गरी माग र आपूर्ति (Demand and Supply) सावधानीपूर्वक सुक्षम रुपमा मुल्याङ्कन गरिनु आवश्यक छ । माग अन्तर्गत पर्यटनले गर्दा वातावरण, प्रकृति, सामाजिक तथा साँस्कृतिक स्रोत तथा साधनहरू माथि पर्ने थप दवाबलाई बुझाउछ भने अर्कोतर्फ आपूर्ति तर्फ आवश्यक पर्यटकीय पूर्वाधार तथा सुविधाहरू र पर्यटनलाई सामाजिक, आर्थिक तथा वातावरणीय रुपमा ब्यवहारिक बनाउने कुरा पर्दछ । त्यसैगरी माथि उल्लेखित मुद्दाहरूसँगै समानान्तर रुपमा आउन सक्ने अन्य विविध मुद्दाहरूमा उचीत ध्यान दिइ समयमा नै व्यवस्थापन गर्नु पर्ने हुन्छ। जसमा निम्न पक्षहरूको व्यवस्थापन गर्न जरुरी देखिन्छ।

### क) प्राकृतिक, साँस्कृतिक तथा ऐतिहासिक स्थल व्यवस्थापन

हिमाली नार्पा जातीको समुदायको बाहुल्यता रहेको नार्पा भूमि गाउँपालिकामा थुप्रै साँस्कृतिक तथा ऐतिहासिक स्थलहरू रहेको स्थलगत अध्ययनले देखाउँछ । अझै कतिपय सम्पदाहरू पहिचान गर्न बाँकी नै रहेको तथा पहिचान भैसकेको सम्पदाहरूको पनि उचित संरक्षण, प्रवर्द्धनमा हालसम्म कसैको पनि उल्लेख्य ध्यान पुगेको देखिदैन। त्यसैले स्थानीय समुदायहरूको चेतनास्तरमा वृद्धि गरी सम्बन्धित निकायको पनि सहभागितामा ती सम्पदाहरूको संरक्षण तथा प्रवर्द्धन गर्नु टड्कारो आवश्यकता छ।

ख) वातावरण तथा भू-परिदृष्य व्यवस्थापन

यो गाउँपालिका प्राकृतिक परिदृष्य तथा जैविक विविधतामा निकै नै धनी रहेको छ जुन यहाँको पर्यटन विकासको मूल आधार हो । तसर्थ प्राकृतिक अवैज्ञानिक भुमि व्यवस्थापन, जंगल तथा पानीका स्रोतहरूको अधिक दोहन, जथाभावी सडक निर्माण, अव्यवस्थित सहरीकरणका कारण प्राकृतिक वातावरण तथा परिदृष्यहरू माथि पर्ने नकारात्मक प्रभाव न्युनीकरणका लागि नीति निर्माण तथा योजना तर्जुमा तथा कार्यान्वयन गर्नु पर्दछ । राष्ट्रिय, सामुदायिक तथा धार्मिक वनहरूको संरक्षणको लागि सम्बद्ध निकायहरू, गाउँपालिका, विषयगत शाखा, सामुदायीक वन उपभोक्ता समितिहरूको संयुक्त प्रयास आवश्यक देखिन्छ त्यसैगरी दिगो वन व्यवस्थापन मार्फत वन पैदावारहरूलाई उत्पादनमुखी बनाउन तथा पर्यापर्यटन विकासको लागि सामुदायिक वन उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि गर्नु पर्दछ । समुदायहरूको संलग्नतामा जलाधार क्षेत्रहरू विशेष गरी नदी, खोला वरपरका क्षेत्रहरूको संरक्षणमा जोड दिनुपर्दछ । विना योजना जथाभावी कच्ची सडक निर्माण, वन पैदावार संकलन जस्ता कार्यलाई निरुत्साहीत गर्न ठोस पहलकदमी गर्नु पर्दछ । साथै उपलब्ध भू-स्रोतको उपलब्धता, क्षमता तथा प्राथमिकताको आधारमा गाउँपालिकाले पर्यटन क्षेत्रको अवधारणा विकास गर्नु पर्दछ ।

ग) फोहोर मैला व्यवस्थापन

होटल, लज तथा घरबाट निस्कने फोहोरहरू धेरैजसो जैविक फोहोर हुने गर्दछन । नार्पा भूमि क्षेत्रमा पर्यटक आगमन तथा होटेल, लज, रेस्टुरेन्टहरूको सङ्ख्या बढेसँगै फोहोर मैला व्यवस्थापन एक प्रमुख चुनौतीको रुपमा देखापर्न सक्छ । विशेषगरि पर्यटकहरूको भिड हुने मनोरञ्जन स्थल, पार्क, पिकनिक स्थल, पर्यटकीय सम्पदा तथा दृश्यावलोकन स्थल वरपर जथाभावी र अव्यवस्थित रुपमा फोहोर फालेको पाइन्छ । यद्यपी गाउँपालिकाले यि क्षेत्रमा फोहोर मैला व्यवस्थापनका लागि फोहोर उठाउने कार्य सुरु गरिसकेको छ तर त्यो अझै चुस्त गतिले अगाडि बढ्न सकेको छैन । विभिन्न क्षेत्रहरूबाट कति र कस्ता किसिमका फोहोरहरू उत्पादन भैरहेका छन् भन्ने कुनै तथ्याङ्क छैन जुन फोहोर मैला व्यवस्थापनका लागि अपरिहार्य हुन्छ ।

- फोहोर मैला संकलन तथा व्यवस्थापन
- बजारक्षेत्रमा घर, पसल, होटल अगाडि फोहोर संकलन बाकस

नार्पा भूमिको मुख्य बजारक्षेत्र तुलनात्मक रुपमा सफा रहेको भएता पनि समग्र व्यवस्थापनका लागि निम्नानुसारका प्रमुख काम गर्नु पर्छ ।

१. वैज्ञानिक फोहोरमैला व्यवस्थापन योजना निर्माण गरी लागु गर्ने ।
२. फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित तुल्याउन अधिकार सम्पन्न फोहोरमैला व्यवस्थापन समिति निर्माण गर्ने ।
३. फोहोरमैला संकलन स्थलको सम्भाव्यता अध्ययन गरी काम गर्ने ।

**ङ) दृश्यावलोकन तथा मनोरञ्जन स्थल व्यवस्थापनः**

दृश्यावलोकन तथा मनोरञ्जन पर्यटन विकासको मुख्य क्षेत्र हो, तसर्थ समग्र व्यवस्थापन योजनामा यस क्षेत्रलाई मूलरुपमा समेटिनु पर्छ । उच्च हिमाली क्षेत्र भएको तथा वाहिरबाट पर्यटक आउन स्वास्थ्यको कारण पनि एकदमै जोखिम हुनसक्ने हुँदा उक्त जोखिम न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक हुन आउँछ ।

हालसम्म घुम्न आउने पर्यटकहरू नार्पा भूमि क्षेत्र आसपास मात्र केन्द्रित रहने हुदा पर्यटकहरूको बसाईको अवधि मध्यम रहेको सन्दर्भमा नार्पा भूमि गाउँपालिकाभर छरिएर रहेको दृश्यावलोकन तथा मनोरञ्जन स्थल तथा क्रियाकलापहरूको संरक्षण तथा प्रवर्द्धनका लागि उचित व्यवस्थापन आवश्यक छ त्यस्तै यस क्षेत्रमा प्रचलनमा रहेको विभिन्न परम्परागत नाच, जात्राहरू मार्फत पर्यटकहरू आकर्षित गर्न थप व्यवस्थित गर्दै लैजानुपर्छ । यद्यपी बढ्दो पर्यटकीय गतिविधिसँगै हुन सक्ने विभिन्न दुर्घटनाहरू तथा नकारात्मक क्रियाकलापहरूबाट बच्न सतर्क हुन जरुरी छ । तसर्थ दृश्यावलोकन तथा मनोरञ्जन व्यवस्थापनका लागि समुदायस्तरमा नै समिति गठन गरी गर्न सकिन्छ ।

**च) प्याकेज विकास तथा भ्रमण सञ्चालन**

पर्यटन प्याकेज विकास र भ्रमण सञ्चालनहरू सधैं नीजि उद्यमीहरूद्वारा समानान्तर रुपमा निर्माण गरिंदै आएको छ । यस किसिमको व्यवस्थापन अभ्यासले यहाँको पर्यटन उद्योगको प्रचार प्रसारमा थप टेवा पुग्दै आएको छ । गाउँपालिका भर छरिएर रहेको सबै पर्यटकीय आकर्षणहरूलाई समेटेर पर्यटकले दिनुपर्ने समय र लाग्ने मूल्य सहितको व्यवस्थित साना ठुला आकर्षक प्याकेज बनाई प्रवर्द्धन गर्न सके पर्यटन व्यवसायलाई थप व्यवस्थित तथा विस्तार गर्न सकिन्छ । यस गाउँपालिकामा साँस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरू छरिएर रहेको हुँदा सबै पक्षहरूलाई मध्यनजर गर्दै

यस्ता प्याकेजहरू निर्माण गर्नु पर्दछ । यस्ता प्याकेजहरू निर्माण गर्दा यात्रा संचालकहरूले स्वच्छ व्यापार अवधारणा अनुरुप स्थानीय गाइड सहितको राम्रो सेवा सुविधाहरू उपलब्ध गराउने गरी व्यवस्था गर्नु पर्दछ । त्यसैगरी भ्रमण प्याकेज निर्माण गर्दा गाउँपालिका भरका सबै पर्यटकीय आकर्षणहरूको साथै छिमेकी गाउँपालिका तथा गाउँपालिकाहरूमा रहेको पर्यटकीय सम्पदाहरूको पनि सावधानी पूर्वक मूल्याङ्कन गर्नु आवश्यक हुन्छ ।

### छ) पर्यटन र स्थानीय अर्थतन्त्रको बिचमा अन्तरसम्बन्ध स्थापना

पछिल्ला वर्षहरूमा गाउँपालिकामा पर्यटकीय गतिविधिहरू तिब्र रुपमा बढ्दै गए पनि यसबाट आसपासका सीमित बासिन्दाहरूले मात्र फाइदा लिन सकेको देखिन्छ । तसर्थ सबै क्षेत्रका बासिन्दाहरूको आर्थिकस्तर सुधार गर्न ग्रामीण भेगसम्म पनि पर्यटन उत्पादनहरू पुर्‍याउनु जरुरी छ । जसका लागि यस क्षेत्रलाई केन्द्रमा राखी स्थानीय समुदायको प्रत्यक्ष संलग्नतामा एकीकृत पर्यटन विकास अवधारणा अवलम्बन गर्नु पर्दछ । जसका लागि निम्नानुसारका उपायहरू अवलम्बन गर्न सकिन्छ ।

१. गाउँपालिका क्षेत्रमा आउने पर्यटकको लागि भ्रमण तथा ट्रेकिङ प्याकेज निर्माण गर्ने ।
२. परम्परागत पहिचान सहितका समुदायमा आधारित ग्रामीण पर्यटन प्याकेज निर्माण गर्ने ।
३. स्थानीय बासिन्दाहरूको लागि पर्यटन सम्बद्ध रोजगारी सिर्जना गर्ने ।
४. अन्य फिडर भ्यालु चेन प्रडक्ट (Feeder value chain product) विकास गर्ने ।
५. पर्यटकहरूलाई लक्षित गरी स्थानीय गैर कृषि उत्पादन प्रवर्द्धन गर्न बजारीकरण गर्ने ।
६. हिमाल आरोहण, रक क्लाइम्बिङ, साहसिक पर्यटन ट्रेकिङ जस्ता कार्यक्रमको प्रवर्द्धन गर्ने ।

## ५.२ योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन संयन्त्र

यो पर्यटन विकास गुरुयोजनाको कार्यान्वयन तथा अनुगमन गर्ने सम्पूर्ण जिम्मेवारी र दायित्व नार्पा भूमि गाउँ कार्यपालिकाको हुनेछ । यो गुरुयोजना कार्यान्वयन तथा अनुगमनका लागि गाउँपालिका प्रमुखले गाउँपालिका उप प्रमुखको अध्यक्षतामा सम्पूर्ण वडाध्यक्षहरू, प्रमुख प्रशासकीय अधिकृत, कार्यकारी सदस्यहरू, विज्ञ, उद्योगी, पर्यटन व्यवसायी, विकास साझेदार, सरकारी संस्था लगायतका सरोकारवाला सम्मिलित गाउँपालिका स्तरीय पर्यटन विकास समिति गठन गर्नेछ र आवश्यक नीतिगत व्यवस्थाका साथै पूँजी तथा पूर्वाधारको व्यवस्था गर्नेछ । गाउँपालिका पर्यटन विकास समितिको

मातहत आवश्यकताका आधारमा प्राविधिक, आर्थिक तथा पूर्वाधार निर्माण तथा मर्मत सम्भार उप-समितिहरू पनि गठन गर्न सक्नेछ ।

पर्यटन विकास कार्यान्वयन, अनुगमन तथा आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्नका लागि यो गाउँपालिका अवस्थित निर्वाचन क्षेत्रका सङ्घीय संसद तथा प्रदेश सभाका सदस्यहरू, जिल्ला समन्वय समिति संयोजक, उप-संयोजक, गाउँपालिका प्रमुख, विज्ञ, उद्योगी, पर्यटन व्यवसायी, विकास साझेदार, गैर सरकारी संस्थाका विशिष्ट प्रबुद्ध व्यक्तिहरू सम्मिलित एउटा सल्लाहकार समिति पनि गठन गर्न सक्नेछ । यसरी विभिन्न समिति तथा उप-समितिहरू गठन गर्दा सामाजिक समावेशिता तथा सहभागितालाई मध्यनजर गर्नु पर्नेछ । विभिन्न समिति तथा उप-समितिहरूको गठन संरचना निम्नानुसार हुनेछ ।

**तालिका नं. ६: नार्पा भूमि गाउँपालिका पर्यटन विकास समिति**

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | अध्यक्ष | गाउँपालिका उपाध्यक्ष |
| २ | सदस्य | वडा नं. १ अध्यक्ष |
| ३ | सदस्य | वडा नं. २ अध्यक्ष |
| ४ | सदस्य | वडा नं. ३ अध्यक्ष |
| ५ | सदस्य | वडा नं. ४ अध्यक्ष |
| ६ | सदस्य | वडा नं. ५ अध्यक्ष |
| ७ | सदस्य | स्थानीय पर्यटन विज्ञ |
| ८ | सदस्य | शिक्षक प्रतिनिधि |
| ९ | सदस्य | गै.स.स. प्रतिनिधि |
| १० | सदस्य | स्थानीय उद्योगी |
| ११ | सदस्य | होटल/व्यापारी/पर्यटन व्यवसायी |
| १२ | सदस्य-सचिव | प्रमुख प्रशासकीय अधिकृत |

पर्यटन विकास समितिको नियमित बैठक कम्तिमा दुई महिनाको एक पटक बसी आवश्यक योजना तर्जुमा, योजना कार्यान्वयन तथा अनुगमनका कार्यहरूका बारेमा छलफल तथा निर्णयहरू गर्नेछ । त्यसैगरी यो पर्यटन गुरुयोजना कार्यान्वयनको लागि गठित पर्यटन विकास समितिलाई निर्देशन तथा मार्गदर्शन गर्नेगरी जिल्लाका सङ्घीय संसद, प्रदेश संसद, गाउँपालिका अध्यक्ष, जिल्लाका पर्यटन

क्षेत्रका जानकार विज्ञ, समाजसेवी, उद्योगी, व्यापारी लगायतको सहभागितामा एक नार्पा भूमि गाउँपालिका पर्यटन विकास सल्लाहकार समिति रहनेछ ।

सल्लाहकार समितिले जिल्ला तथा अन्य सरोकारवाला निकायसँग समन्वय गरी गाउँपालिकाको पर्यटन क्षेत्रमा जुटाउन सकिने लगानीका सम्भावना लागायत विविध पक्षमा आवश्यक कार्य गरी गुरुयोजना कार्यान्वयनको सहजीकरण गर्नेछ । यसका अतिरिक्त अन्य विभिन्न समिति तथा अन्य उप-समितिहरूको गठन गरी आवश्यकताका आधारमा बैठक बसी आवश्यक निर्णयहरू गर्नेछ ।

**तालिका नं. ७: नार्पा भूमि गाउँपालिका पर्यटन विकास सल्लाहकार समिति**

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | अध्यक्ष | सङ्घीय संसद सदस्य |
| २ | सदस्य | प्रदेश सभा सदस्य-क |
| ३ | सदस्य | प्रदेश सभा सदस्य-ख |
| ४ | सदस्य | जि.स.स. संयोजक |
| ५ | सदस्य | जि.स.स. सदस्य गा.पा.को प्रतिनिधित्व गर्ने |
| ६ | सदस्य | गाउँपालिका अध्यक्ष |
| ७ | सदस्य | जिल्लाका पर्यटन विज्ञ |
| ८ | सदस्य | स्थानीय पर्यटन विज्ञ |
| ९ | सदस्य | शिक्षक प्रतिनिधि |
| १० | सदस्य | गै.स.स. प्रतिनिधि |
| ११ | सदस्य | स्थानीय उद्योगी |
| १२ | सदस्य | होटल/व्यापारी/पर्यटन व्यवसायी |
| १३ | सदस्य-सचिव | प्रमुख प्रशासकीय अधिकृत |

गाउँपालिका पर्यटन विकास समितिले पर्यटन विकासका लागि आवश्यक पर्ने पूँजी तथा प्राविधिक सहयोगका लागि प्रदेश र सङ्घीय सरकार तथा अन्य दातृनिकाय, गैर सरकारी संस्था र साझेदार निकायहरूसँग पर्यटन तथा पूर्वाधार विकास परियोजना प्रस्तावहरू पेश गर्नेछ र आवश्यक पूँजीको व्यवस्था मिलाउनेछ । गाउँपालिका पर्यटन विकास समितिले बेलाबेलामा पर्यटन विकास र पर्यटकीय स्थलहरूसँग सम्बन्धित कार्यशाला, तालिम, गोष्ठी, अन्तरक्रिया तथा प्रचारप्रसार गतिविधिहरू पनि सञ्चालन गर्नेछ ।

सल्लाहकार समितिले गाउँपालिका पर्यटन विकास समितिलाई पर्यटनसँग सम्बन्धित नीतिगत तथा रणनैतिक सल्लाह सुझाव प्रदान गर्नुका साथै पूँजीगत व्यवस्थाका लागि समेत आवश्यक सहयोग गर्नेछ । प्राविधिक, आर्थिक तथा पूर्वाधार निर्माण तथा मर्मत सम्भार उप-समितिहरूले आ-आफ्नो क्षेत्रसँग सम्बन्धित कामहरू गर्नेछन् भने यी सबै कामको अनुगमन गाउँपालिकाको अनुगमन समितिले गर्नेछ । गाउँपालिका पर्यटन विकास समितिले अर्ध-वार्षिक रूपमा आफूले गरेका कामहरूको लिखित प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्नेछ भने सल्लाहकार समिति, प्राविधिक, आर्थिक तथा पूर्वाधार निर्माण तथा मर्मत सम्भार उप-समितिहरूले वार्षिक रूपमा आफ्ना गतिविधिहरूको प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

प्राप्त प्रतिवेदनका आधारमा गाउँ कार्यपालिकाले वार्षिकरूपमा समीक्षा बैठक गरी पर्यटन विकासका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाहरूको कार्यान्वयनका लागि आवश्यकताका आधारमा पर्यटन विकास कार्ययोजनामा परिमार्जन तथा परिवर्तन गर्न सक्नेछ । पर्यटन विकास कार्ययोजना तथा क्रियाकलापहरू परिलक्षित गरिए भन्दा फरक पर्न सक्ने हुँदा यो समीक्षा बैठक अत्यन्त आवश्यक हुन्छ । परिवर्तित परिवेश र आवश्यकताका आधारमा पर्यटन विकास कार्य योजनाहरू परिवर्तन तथा तिनीहरूको प्राथमिकीकरणमा पनि परिवर्तन गर्दै जानु अत्यावश्यक हुन्छ । लगानीको स्रोत जुटाउनका लागि लगानी सम्मेलन, केन्द्र र प्रदेश सरकारबाट ऋण परिचालन, दातृनिकायसँगको प्रभावकारी पहल जस्ता उपायबाट श्रोत जुटाउन सकिने हुँदा आगामी दिनमा योजनाबद्ध ढङ्गले नार्पा भूमि गाउँपालिकाले पर्यटन विकास गुरुयोजनाको कार्यान्वयन गरी “हिमाली, साहसिक पर्यटनको सान, नार्पा भूमिको पहिचान” दीर्घकालीन सोच हासिलका सम्पूर्ण प्रयास गर्नु उपयुक्त हुने देखिन्छ ।

# अध्याय छ

# निष्कर्ष र सारांश

## ६.१ निष्कर्ष

नार्पा भूमि गाउँपालिका गण्डकी प्रदेश अन्तर्गत मनाङ जिल्लामा पर्ने एक ऐतिहासिक, धार्मिक, साँस्कृतिक र प्राकृतिक महत्त्व रहेको गाउँपालिका हो । यस गाउँपालिका गण्डकी प्रदेशको र नेपालको एक संभाव्य पर्यटकीय गन्तव्य हो । यो गाउँपालिका प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण छ । यहाँ ऐतिहासिक, प्राकृतिक, धार्मिक र साँस्कृतिक पर्यटन विकासको प्रशस्त सम्भावना छ । तर भौगोलिक जटिलता लगायत पक्षका कारण यहाँको प्रचुर पर्यटकीय सम्भावना भएको भएता पनि त्यसको यथेष्ट लाभ लिन सकिरहेको अवस्था छैन ।

राज्य, निजी क्षेत्र र स्थानीय बासिन्दाहरूको सामूहिक प्रयत्नद्वारा स्थानीय पर्यटकीय स्थानहरूको प्रवर्द्धन, विकास र प्रचारप्रसार तथा पर्यटकीय पूर्वाधारहरूको निर्माणद्वारा आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गर्न सकेमा पर्यटन विकासको माध्यमद्वारा गाउँपालिकाको समग्र विकास गर्न सकिन्छ । अहिलेको विश्व पुँजीको विकासद्वारा ज्ञान, विज्ञान, कला, र सँस्कृतिको विकास सहित अगाडि लम्किरहेको परिस्थितीमा राज्यले सबै क्षेत्रमा लगानी गरी विकास गर्न असम्भव छ । जनताहरूलाई पनि विकास निर्माणमा सहभागी गराउन सके मात्र विकास निर्माणमा उनीहरूको स्वामित्व प्राप्त हुनाको साथै यस्तो विकास दिगो पनि हुन्छ ।

नेपालको संविधानले पनि विकास निर्माण, योजना तर्जुमा लगायतका जनतासँग सरोकार राख्ने सवालहरूमा जनसहभागिताको अपेक्षा गरी त्यसै अनुसारको कानुनी व्यवस्था गरेको सन्दर्भमा पर्यटन विकासमा पनि राज्य, सरकार र जनताहरू हातेमालो गर्दै अगाडि बढ्नुपर्ने देखिन्छ । अहिले स्थानीय सरकारको निर्वाचन पश्चात् जनप्रतिनिधीहरू निर्वाचित भई आइसकेको परिप्रेक्ष्यमा स्थानीय स्तरमा पर्यटन विकासका लागि योजना बनाई कार्यान्वयन गर्ने अधिकार र दायित्व पनि स्थानीय सरकारकै काँधमा आइपुगेको छ । नेपालमा पर्यटन क्षेत्र राष्ट्रिय अर्थतन्त्रको एउटा अभिन्न अङ्गको रूपमा विकास भइरहेको छ ।

नार्पा भूमि जस्तो प्रचुर पर्यटकीय सम्भावना बोकेको गाउँपालिकामा यस अगाडि उल्लेखित स्थानीय पर्यटकीय स्थानहरूको विकास, प्रवर्द्धन र प्रचार प्रसार गरी पर्यटकको आगमनमा वृद्धि गरी रोजगारीका विभिन्न अवसरहरूको सिर्जना गर्न सकिन्छ। यसले स्थानीय बासिन्दाहरूको आय आर्जनमा टेवा पुगी उनीहरूको आर्थिक, शैक्षिक, सामाजिक, साँस्कृतिक जीवनशैलीमा सकारात्मक परिवर्तन आउन सक्ने देखिन्छ ।

विकास निर्माणका जुनसुकै योजनाहरू बनाउँदा ती योजनाहरू वातावरणमैत्री, दिगो विकासमा आधारित र स्थानीय स्रोतसाधन र आवश्यकता सुहाउँदो हुनु जरुरी हुन्छ अन्यथा त्यस्तो विकास दिगो र उच्च प्रतिफलमुखी हुन सक्दैन। त्यसैले पर्यटन विकास लगायतका कुनै पनि योजनाहरू बनाउँदा यी पक्षहरूको बारेमा यथेष्ट ध्यान पुयाउनु अत्यावश्यक हुन्छ। पर्यटकहरूको आगमनसँगै स्थानीय कला, सँस्कृति, भाषा, रहन सहन, परम्परा र पर्यावरणमा पनि नकारात्मक असर पर्न सक्छ। यसतर्फ पनि समयमै सचेत हुनु अति आवश्यक छ र त्यसै अनुसारका योजनाहरू बनाई पर्यटनको विकास गर्न सकेमा यो व्यवसाय गाउँपालिकाको समग्र विकासका लागि कोशे ढुङ्गा बन्न सक्ने कुरामा सायद कसैको दुई मत नहोला ।

## सन्दर्भ सामग्री सुची


- नार्पा भूमि गाउँपालिकाको बस्तुगत विवरण (Village profile of NARPA BHUMI) 2075 (2018) , नार्पा भूमि गाउँकार्यपालिकाको कार्यालय, च्याँखु, मनाङ
- नेपालको सोह्रौं पञ्चवर्षिय योजनाको दस्तावेज, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाडौं
- नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना (सन् २०१६-२०२५), नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
- नेपाल पर्यटन वोर्ड, नेपाल पर्यटन तथ्याङ्क, २०२४ (२०२५), नेपाल पर्यटन वोर्डको वार्षिक प्रतिवेदन, २०२५
- Map House Nepal, (2023), Comprehensive Trekking Map of Nar-Phu Valley (Scale 1:75,000), Map House Nepal.
- Nepal Tourism Statistics 2024 (2025), Ministry of Cu;ture, Tourism and Civil Aviation, Singhadurbar, Kathmandu, Nepal, 2025
- https://www.unwto.org/news/international-tourism-recovers-pre-pandemic-levels-in-2024
- Survey Department Nepal, (1994-1996), Topo Sheet Map, Survey Department.
- नार्पा भूमि गाउँपालिकाको वेवसाइटः https://narpabhumimun.gov.np/
- नार्पा भूमिका सम्बन्धमा लेखिएका/प्रकाशित भएका अन्य कृतिहरू
- नार्पा भूमि गाउँपालिकाको आवधिक विकास योजना
- साबिक गाबिसका बारेमा लेखिएका दस्तावेजहरू

## अनुसूचीहरू

## अनुसूची १: माइन्यूट

आज मिति २०८४।०३।१० गतेका दिन यस नार्पाभूमि गा. पा. कार्यालयका अध्यक्ष श्री कोन्जो तेन्जिङ लामा ज्यू को अध्यक्षतामा यस आ.व. ०८१।८२ को स्वीकृत योजना 'नार्पाभूमि गाउँपालिकाको पर्यटन विकास गुरुयोजना' को मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण कार्यक्रम सम्पन्न भयो। जसको उपस्थिति तपशिल बमोजिम रहेको छ।

तपशिल:

श्री कोन्जो तेन्जिङ लामा, अध्यक्ष - नार्पाभूमि गा. पा.
श्री छिरिङ फुन्त्सो लामा, उपाध्यक्ष - " "
श्री सुशिल लम्साल प्रमुख प्रशासकीय अधिकृत " "
श्री फुर्पा छेत्तो लामा, वडाअध्यक्ष - १ नं. वडा
श्री फुन्त्सोक वाङदी लामा, " - २ नं. "
श्री लाक्पा ठुवाङ लामा " - ३ नं. "
श्री कर्मा ग्याल्जेन लामा " - ५ नं. "
श्री लक्ष्मण गौली, इन्जिनियर (सिनी) - नार्पाभूमि गा.पा.
श्री रवि बोहरा, प्र. पाली " "
श्री सोनाम ताशी लामा अध्यक्ष - ४ वडा अध्यक्ष
मोहित भट्ट रुपसिन्ह ग्रीड सोलुसन्स प्रा.ली.
नन्दकिशोर साह सव-इन्जिनियर
सुर्य बहादुर लामा फु, वडा नं. - ४, जनप्रतिनिधि
उत्तम कुमार हविई इक्युपमेन्ट सञ्चालक
चन्द्र ब. ओली " " चालक
योजी दोर्जे लामा रोजगार संयोजक
सोनाम छेरिङ घले - जनस्वास्थ्य निरीक्षक
नारायण सिं साउद - शिक्षा शाखा प्रमुख
हेमन्त ब. शाही - कृषि प्रा. स. पाल्दो
तेज प्रसाद शर्मा - अ. हे. व नार स्वास्थ्य चौकी
मिम ब. शाहकारी - खा. प. स. टे
केशर विष्ट - अ. हे. व.
नराजित रावल - अ. स. ई.
चेत राज भट्ट - सव. इ.
हेडनारायण थापा मगर - शिक्षक फु. आ. वि.
श्याम किशोर साह - सव-इन्जिनियर
ध्रुव कुमार खड्का विशेषज्ञ

सुमन तामाङ - अ.हे.ब. प्रमुख स्वास्थ्य चौकि
रिता शर्मा - वडा सचिव वडा नं. १ र ३
पवन रेखा चौधरी - कृषक
रञ्जना स्यन्जकार - उद्यम विकास सहजकर्ता
अनिता थापा - अ.न.मि
गिता वली - महिला विकास
रुपा वली के.सी. - लेखापाल
अनिता ढकाल - वरिष्ठ सहायक प्रशासक
कर्मा छिरिङ लामा - वडा नं. - २

निर्णयहरु:

१) यस नार्पाभूमि गा.पा. को आ.व. ०८०/८१ को योजना पर्यटन गुरुयोजना सम्बन्धी मस्यौदामा व्यापक छलफल भई यस क्षेत्रको अधिकतम हित हुने गरी पर्यटकीय स्थलहरु छनोट गरी आवश्यकता र प्राथमिकताको आधारमा पर्यटकीय, सांस्कृतिक, धार्मिक, सामाजिक विषयलाई समावेश गर्ने निर्णय गरियो।

२) पर्यटन गुरुयोजनाको नारा, ~~पर्यटकीय~~ हिमाली, साहसिक पर्यटकको ज्ञान, नार्पाभूमिको पहिचान कायम गर्ने निर्णय गरियो साथै मस्यौदामा सच्याउनुपर्ने कुराहरु सच्याउने निर्णय गरियो।

३) यस क्षेत्रका हिमाल, हिमनदि, ~~...~~ ताल, हिमताल, को फोटोसहितको व्यवस्थापन, साथै उपयुक्त स्थानमा हेलिप्याड, स्वास्थ्य हिसाबले, सडक किनार, पर्यटकीय पदमार्ग, जोखिम सूचना पाटी, होमस्टे, गुम्बा साथै सम्पूर्ण गा.पा. को Beautification का लागि Information Board राखी पर्याप्त ध्यान पुर्‍याउने गरी गुरुयोजना बनाउने निर्णय गरियो।

४) पर्यटन गुरुयोजनाले यस क्षेत्रको समग्र पर्यटकीय अवस्थाको सम्बोधन हुने गरी मस्यौदालाई सच्याई अगाडि बढाउने निर्णय गरियो।

## अनुसूची २: वडागत भ्रमणका तस्बिरहरू









नार गाउँ







नार गाउँमा जनप्रतिनिधि तथा गाउँमा स्थानीयहरूसँग छलफल गर्दै



नार गाउँमा रहेको गुम्बा



नार गाउँमा रहेको माने तथा छोर्तेन



नार गाउँमा रहेको गुम्बा



नार खोलामा रहेको महेन्द्र पुल




नार्पा भूमि गाउँकार्यपालिकाको कार्यालय भवन




च्याँखुमा रहेको खम्पाहरूको बस्तिको भग्नावशेष



क्याङ गाउँ



क्याङ गुम्बा



क्याङ गुफा



फू गाउँ जाने बाटो



फू गाउँ जाने बाटोमा रहेको प्राचिन माने



फू नदीले कटान गरी बनाएको खोँच



फू गाउँ



फू गाउँमा स्थानीयहरूसँग छलफल पस्चात



फू गाउँमा रहेको गुम्बा



फू गाउँमा रहेको स्वास्थ्य चौकी भवन




फू आधारभूत विद्यालय भवन



फू गाउँ जाने बाटोमा रहेको फलामको ट्रस्ट पुल



फू गाउँ प्रवेश गर्ने ठाउँमा रहेको प्राचिन प्रवेश द्वार




फू खोलाको किनारमा चर्दै गरको घोडा



च्याँखुमा रहेको भोजपत्र पाइने जङ्गल



सारेबुङ पिक



नगोरू ताल



मेता प्रहरी चौकी



गाउँपालिकाको कार्यालयमा छलफल



नार गाउँ जाने बाटोमा रहेको प्रवेश द्वार




नार गाउँ जाने बाटोमा रहेको लोकेशन म्याप



नारमा बन्दै गरेको छोर्तेन



नार खोला स्वास्थ्य चौकी